महालेखापरीक्षकको सातौँ वार्षिक प्रतिवेदन २०८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौँ, नेपाल

महालेखापरीक्षकको
सातौँ वार्षिक प्रतिवेदन
२०८२

कर्णाली प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)



स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट, बक्स नं. १३३२८

पत्र सङ्ख्या : २०८१।८२

च.नं.: १०८

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषय : वार्षिक प्रतिवेदन।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।

नेपालको संविधानको धारा २४१ बमोजिम कर्णाली प्रदेशको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु।

भवदीय,

(तोयम राया)
महालेखापरीक्षक

२०८२ साल वैशाख ३१ गते, बुधवार
नेपाल सम्वत् ११४५

फोन नम्बर : ०१-५९१९१६३, ईमेलः oagnep@ntc.net.np/ag@oagnep.gov.np, वेबसाइटः www.oag.gov.np

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
एकीकृत वित्तीय विवरणमा राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण.....**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति.....**	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएको प्रमुख बेहोराको सारांश.....**	९
	खण्ड-१: प्रदेश मन्त्रालय र निकाय	
	१. प्रदेश सभा सचिवालय	१७
	२. मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय	१९
	३. आन्तरिक मामिला तथा कानुन मन्त्रलय.....	२५
	४. आर्थिक मामिला तथा योजना मन्त्रालय	२९
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३८
	६. जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	४४
	७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	५१
	८. भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय.....	५६
	९. सामाजिक विकास मन्त्रालय	६२
	१०. कर्णाली प्रदेश योजना आयोग	७१
	११. प्रदेश लोक सेवा आयोग	७५
	१२. मुख्य न्यायाधिवक्ताको कार्यालय	७७
	खण्ड-२: स्थानीय तह	७९
परिच्छेद ४	**लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति.....**	८७
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधार.....**	८९
	अनुसूचीहरु.....	९३

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका सङ्गठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ। सोका अतिरिक्त लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, निर्देशिका, वार्षिक लेखापरीक्षण योजना, २०८१, वार्षिक लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका, २०८१, सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा अवलम्बन गरिएका असल अन्तर्राष्ट्रिय अभ्याससमेतको आधारमा कर्णाली प्रदेशका निकाय तथा कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन, राजस्व, धरौटी, र अन्य कोष तथा बक्यौतासमेत लेखापरीक्षण सम्पन्न गरी यस प्रदेशको सातौँ वार्षिक प्रतिवेदन तयार गरिएको छ।

प्रतिवेदनमा एकीकृत वित्तीय विवरणमा राय, लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणमा देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ।

यस वर्ष सूचकका आधारमा जोखिम विश्लेषण गरी निकायहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ। उच्च जोखिमयुक्त निकायको विस्तृतरूपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको प्रमाणित वित्तीय प्रतिवेदन र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण गरिएको छ। नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत लेखापरीक्षणका कार्यहरूको व्यवस्थापन गरिएको छ। लेखापरीक्षणको गुणस्तर कायम गर्न प्रभावकारी सुपरिवेक्षण, गुणस्तर आश्वस्तता पुनरावलोकन, भर्चुअल बैठक मार्फत सरोकारवालासँग छलफल, टोल फ्रि नम्बर र इमेलमार्फत गुनासो सुनुवाइ, एफ.एम. रेडियो र कार्यालयको वेवसाइटमार्फत सूचना प्रसारण र प्राप्ति, लेखापरीक्षणको प्रवेश र समापन बैठक, प्रतिक्रियाबाट फस्यौंट नभएका विषयमा लेखा उत्तरदायी अधिकृत र मन्त्रीलाई जानकारी गराइ सकेको छ। त्यसैगरी, सम्परीक्षणको लागि अनुरोध भई आएको बेरुजु र प्रारम्भिक प्रतिवेदनका प्राप्त भएका सबै जवाफ सम्बोधन गरिएको छ। प्रदेश सभाको सार्वजनिक लेखा समिति र प्रदेश सरकारका पदाधिकारीहरूसँग अन्तरक्रिया गरी प्राप्त सुझावहरू कार्यान्वयन गर्ने प्रयास गरिएको छ।

यो वर्ष प्रदेश सभा, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसहित प्रदेश सरकारका मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा समिति र अन्य संस्थासमेत १४० निकायको रु.३७ अर्ब ५८ करोड ६६ लाख ९९ हजारको लेखापरीक्षण सम्पन्न भई रु.४५ करोड ९४ लाख ८२ हजार बेरुजु कायम भएको छ। कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु १.२२ प्रतिशत रहेको छ।

कानुनको पालना, स्रोत साधन प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवं वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, सङ्गठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासन लगायतका विषय लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, प्रदेशको आन्तरिक आय कम हुँदा सङ्घीय अनुदानमा निर्भर रहेको, चालु खर्चमा बर्सेनि वृद्धि हुँदै गएको, उत्पादनशिल क्षेत्रमा न्यून बजेट परिचालन भएको, आयोजना बैङ्क

कार्यान्वयनमा ल्याई योजना छनोट नहुँदा टुक्रे आयोजनाहरूमा खर्च भइरहेको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप आवश्यक पर्ने कामहरूसमेत उपभोक्ता समितिबाट गराएको, तीन तहबिच समन्वय नहुँदा एकै प्रकृतिका कार्यहरू सबै तहबाट भइरहेको, ठेक्का सम्झौता विपरीत पटकपटक म्याद थप गरेको, उपलब्ध साधन स्रोतले नखाम्ने गरी योजनाहरूको बजेट सुनिश्चितता प्रदान गरेको, निर्माण कार्यको गुणस्तर नियन्त्रण तथा परीक्षण कमजोर रहेको, खरिद कार्यमा प्रतिस्पर्धा नभएको, ठेक्का सम्झौताहरूको कार्यान्वयन प्रभावकारी नभएको अवस्था छ। आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई सूचना प्रविधिसँग आबद्ध गर्न नसक्दा सेवा प्रवाह नागरिकमैत्री, छिटो छरितो र चुस्त दुरुस्त हुन नसकेको, आवश्यकताको पहिचान बेगर सामान खरिद भएको तर उपयोग हुन सकेको देखिँदैन।

लेखापरीक्षणबाट औंल्याइएका बेहोराहरू कार्यान्वयन गर्नु लेखा उत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो। कार्यान्वयन पक्ष कमजोर हुँदा सोही प्रकृतिका बेहोराहरू बर्सेनि दोहोरिने गरेका छन्। विगतका लेखापरीक्षण प्रतिवेदनहरु उपर सार्वजनिक लेखा समितिमा छलफल भैसकेतापनि समितिले दिएका कतिपय निर्देशन कार्यान्वयन हुन बाँकी रहेको देखिन्छ । लेखापरीक्षण प्रतिवेदन कार्यान्यवयन गरी वित्तीय अनुशासन कायम गर्न सबै पक्षबिच कार्यगत समन्वय र सहकार्य हुन जरुरी देखिन्छ। यस प्रतिवेदनको कार्यान्वयनबाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्धनमा सहयोग पुग्ने विश्वास लिएको छु।

अन्त्यमा, लेखापरीक्षण गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सभाका माननीय सभामुखज्यू, मन्त्रीज्यूहरू तथा उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू र सञ्चारकर्मीहरूप्रति आभारी छु। लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको उच्च मूल्याङ्कन गर्दै धन्यवाद व्यक्त गर्दछु।

.....

(तोयम राया)

महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्दति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र नेपाल लेखामान अनुसार वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवं स्रोतको हानि-नोक्सानी र दुरूपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको परिपालना गरेको एवं पुष्टयाई प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको,

३. **क्षेत्र -** यो वर्ष कर्णाली प्रदेश सभा, प्रदेश मन्त्रालय, प्रदेश कार्यालय र समिति तथा अन्य संस्थासमेत १४० निकायको २०८०।८१ को आर्थिक कारोबार र सोको प्रतिवेदन एवं सम्बन्धित कागजातसमेतलाई लेखापरीक्षण क्षेत्रमा समेटिएको छ। कानुनको परिपालना, विकास निर्माण, सेवा प्रवाहको स्थिति, सार्वजनिक जवाफदेहिता र सुशासनसँग सम्बन्धित विभिन्न पक्षको परीक्षण तथा मूल्याङ्कनलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ। समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १३४ निकायको विस्तृत लेखापरीक्षण र न्यून

जोखिमयुक्त ६ निकायको दूर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ। न्यून जोखिमयुक्त निकायको आन्तरिक नियन्त्रण मूल्याङ्कन प्रणाली, आन्तरिक लेखापरीक्षण प्रतिवेदनसमेतका आधारमा संक्षिप्त पद्धतिबाट लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणलाई सहजीकरणका लागि विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको प्रयोग गरी लेखापरीक्षण गरिएको छ।

लेखापरीक्षणबाट देखिएका बेहोराउपर निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र प्राप्त जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, प्रतिवेदनको पुनरावलोकन र छनोट भएका फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको कामको अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा ५ परिच्छेद तथा १६ अनुसूची रहेका छन्। परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार उल्लेख गरिएको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाडौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal
(आर्थिक तथा सामान्जिक लेखापरीक्षण विभाग)

पत्र संख्याः २०८१।८२
चलानी नम्बरः ६६०

मितिः२०८२।१।२८

श्री प्रदेश सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।

विषयः एकीकृत वित्तीय विवरणमा राय ।

१. **कैफियतसहितको राय** - हामीले कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय), बजेट तुलनात्मक विवरण (बजेट निकाय), प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.३४ करोड ९९ लाख २० हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.६ करोड ६९ लाख ९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१२ करोड ५८ लाख ३ हजार, नियमित गर्नुपर्ने रु.६ करोड ६८ लाख ६६ हजार र पेस्की बाँकी रु.९ करोड ३ लाख ४२ हजार रहेको छ। यसैगरी अन्य संस्था एवं समितितर्फ रु.१० करोड ९५ लाख ६२ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.२ करोड ८३ लाख १५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.६ करोड ४० लाख ५४ हजार र नियमित गर्नुपर्ने रु.६४ लाख ९० हजार र पेस्की बाँकी रु.१ करोड ७ लाख ३ हजार रहेको छ।

२.२. प्रदेश सरकार र मातहतको रु.४ अर्ब ४२ करोड १४ लाख ९७ हजारको जिन्सी तथा सम्पत्ति रहेको खुलासा गरेको छ। सम्पत्तिको अवस्था र स्वामित्व खुल्ने गरी विवरण अद्यावधिक गरेको छैन।

२.३. प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणमार्फत ७९ स्थानीय तहलाई सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानबापत रु.३ अर्ब २ करोड ७० लाख ५६ हजार निकासा गरेको छ। उक्त रकममध्ये प्रदेश लेखा

उप-महालेखापरीक्षक

Phone: 01-5919161, 5919163, Post Box: 13328
Email: dir.admin@oagnep.gov.np, oagnep@ntc.net.np, Web Page: www.oag.gov.np

नियन्त्रक कार्यालयले २०८१ आषाढ मसान्तसम्म स्थानीयतहबाट खर्च नभई बाँकी रकमको अभिलेख राखेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने निकायसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा हामी विश्वस्त छौं।

३. **अन्य बेहोरा** - यो वर्षको आर्थिक क्रियाकलाप मूल्याङ्कन गर्दा शासकीय प्रवन्ध, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, विकास व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक प्रशासन र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को परिच्छेद ८ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्ति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सोही ऐनको परिच्छेद ५ मा कारोबारको लेखा राख्ने व्यवस्था छ। सो अनुसार प्रदेश सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको एकीकृत लेखाको वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको रहेको छ। नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी प्रदेश सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडारहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालय, सम्बन्धित लेखाउत्तरदायी अधिकृत तथा मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्ततामा उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(वैकुण्ठ बहादुर अधिकारी)
उप-महालेखापरीक्षक

उप-महालेखापरीक्षक

परिच्छेद

९



लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद - १
लेखापरीक्षण गरिएका निकायको विवरण

१. समष्टिगत लेखापरीक्षण

लेखापरीक्षण गरिएका निकाय	सङ्ख्या	रकम (रु.हजारमा)
१. प्रदेश मन्त्रालय तथा निकाय	१२८	३००५४०३४
२. समिति र अन्य संस्था	१२	७५३२६६५
जम्मा	**१४०**	**३७५८६६९९**

यो वर्ष प्रदेश मन्त्रालय र मातहतका १२८ निकायको रु.३० अर्ब ५ करोड ४० लाख ३४ हजार र समिति तथा अन्य संस्थातर्फ १२ निकायको रु.७ अर्ब ५३ करोड २६ लाख ६५ हजारसमेत १४० निकायको रु.३७ अर्ब ५८ करोड ६६ लाख ९९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण **अनुसूची-१, १क, २ र ३** मा उल्लेख छ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय** - यो वर्ष १२८ सरकारी निकायको विनियोजन, राजस्व, धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छ।

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न (रकम रु.हजारमा)
१.	विनियोजन	१९८६८२०८
२.	राजस्व	**८२४७०८५**
३.	धरौटी	१४०२११९
४.	अन्य	५३६६२२
जम्माः		**३००५४०३४**

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची-२** मा उल्लेख छ।

१.२. **समिति तथा अन्य संस्था** - यो वर्ष १२ समिति र अन्य संस्थाको रु.७ अर्ब ५३ करोड २६ लाख ६५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश परिच्छेद-३ को मन्त्रालय तथा निकायगत बेहोरामा समावेश छ। लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षणको विवरण **अनुसूची-३ र ४** मा उल्लेख छ।

२. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. **शीर्षकगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार २०७८।७९ र २०७९।८० को यथार्थ खर्च तथा २०८०।८१ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु.हजारमा)

शीर्षक /क्षेत्र	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को		
			बजेट	यथार्थ खर्च	प्रतिशत
चालु (वित्तीय हस्तान्तरण समेत)	९०९३६६६	९४९०३२६	१३८३६४६५	९१७५१२२	६६.३१
पुँजीगत	१५१८८२०४	१२७७६५४७	१९५७९३९५	१०६९३०८६	५४.६१
जम्मा	**२४२८१८७०**	**२२२६६८७३**	**३३४१५८६०**	**१९८६८२०८**	**५९.४६**

द्रष्टव्यः उल्लिखित रकममा वैदेशिक सहायता अन्तर्गत सोझै भुक्तानीतर्फको रु.१ करोड ४७ लाख २७ हजार (चालु खर्च) समेत समावेश छ।

२.२. **निकायगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्षको कुल (चालु र पुँजीगत) खर्च गर्ने प्रदेश सरकारका मन्त्रालय तथा निकायको खर्च विवरण निम्नानुसार छः

(रु.हजारमा)

क्र. सं.	निकाय	बजेट			यथार्थ खर्च			खर्च प्रतिशत
		चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा	
१	भौतिक पूर्वाधार विकास मन्त्रालय	२७९४६८	९७१४३२१	९९९३७८९	२०३५९१	४९४२७७९	५१४६३७०	२५.९०
२	सामाजिक विकास मन्त्रालय	३२५००४७	२९०३९५५	६१५४००२	२५७४०९१	२०९९३७९	४६७३४७०	२३.५२
३	जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	२७२५८८	३२६७१५०	३५३९७३८	१६८४५७	२२४४५२९	२४१२९८५	१२.१४
४	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१५४८६८३	६००६१५	२१४९२९८	९६८७३१	४९५६२५	१४६४३५५	७.३७
५	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	९९७९०९	११९४९४४	२१९२८५३	७०८८७७	७०७९८६	१४१६८६३	७.१३
६	मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय	५७५५९६	१४०१४७४	१९७७०७०	१९९१४३	१३०८७५	३३००१८	१.६६
७	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२९९२२१	९०६२९	३८९८५०	२१०८७४	४८८०४	२५९६७८	१.३१
८	आर्थिक मामिला तथा योजना मन्त्रालय	१७४३५७	१९४५०	१९३८०७	१२२६९९	११२२४	१३३९२३	०.६७
९	प्रदेश सभा सचिवालय	१३९२६८	११६५०	१५०९१८	१०४३५२	५४४१	१०९७९४	०.५५
१०	प्रदेश लोक सेवा आयोग	९९२०५	१०९००	११०१०५	६४७७२	५०३७	६९८०९	०.३५
११	कर्णाली प्रदेश योजना आयोग	४०८३७	१६६०	४२४९७	१८६९४	१२०९	१९९०३	०.१
१२	मुख्य न्यायधिवक्ताको कार्यालय	१७३७९	४५०	१७८२९	१४५०५	१९९	१४७०५	०.०७
	मन्त्रालयगत जम्मा	**७६९४५५८**	**१९२१७१९८**	**२६९११७५६**	**५३५८७८७**	**१०६९३०८६**	**१६०५१८७३**	**८०.७९**
१३	अर्थ वित्तीय व्यवस्था	२५००००	०	२५००००				
१४	अर्थ विविध	१०८६१६७	३६२१९७	१४४८३६४				
१५	स्थानीय तह वित्त हस्तान्तरण	४८०५७४०	०	४८०५७४०	३८१६३३५		३८१६३३५	१९.२१
	अन्य जम्मा	**६१४१९०७**	**३६२१९७**	**६५०४१०४**	**३८१६३३५**	**०**	**३८१६३३५.**	**१९.२१**
	कुल जम्मा	**१३८३६४६५**	**१९५७९३९५**	**३३४१५८६०**	**९१७५१२२**	**१०६९३०८६**	**१९८६८२०८**	**१००**

प्रदेश सरकारले चालुतर्फ रु.१३ अर्ब ८३ करोड ६४ लाख ६५ हजार र पुँजीगततर्फ रु.१९ अर्ब ५७ करोड ९३ लाख ९५ हजार समेत रु.३३ अर्ब ४१ करोड ५८ लाख ६० हजार बजेट विनियोजन गरेकोमा चालुतर्फ रु.९ अर्ब १७ करोड ५१ लाख २२ हजार र पुँजीगततर्फ रु.१० अर्ब ६९ करोड ३० लाख ८६ हजारसमेत रु.१९ अर्ब ८६ करोड ८२ लाख ८ हजार अर्थात् विनियोजित बजेटको ५९.४६ प्रतिशत खर्च गरेको छ। कुल खर्चमा स्थानीय तहमा भएको वित्त हस्तान्तरण समेत समावेश रहेको छ। प्रदेशको कुल खर्चमध्ये सामाजिक विकास मन्त्रालयले सबैभन्दा बढी अर्थात् २५.९० प्रतिशत र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले सबैभन्दा घटी अर्थात् ०.०७ प्रतिशत खर्च गरेको छ।

२.३. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको २०७८।७९ र २०७९।८० को यथार्थ खर्च तथा २०८०।८१ को अनुमान तथा यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

क्र. सं.	स्रोत	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
				अनुमान	यथार्थ खर्च	
१.	**सङ्घीय सरकार तर्फ**	**१०११२७८१**	**११७२३९८६**	**१६११२५९०**	**११०१५६१५**	**-६.०४**
१.१	वित्तीय समानीकरण अनुदान	५५५०६२५	७५९२६९१	१०१६४१००	७५६९५८२	-०.३०
१.२	सशर्त (वैदेशिक समेत)	४०३१२२८	३४०२२३७	४७६८९९०	२६६९६७२	-२१.५३
१.३	समपूरक अनुदान	१५५४१६	३२५९६५	७६१६००	४८३१८१	४८.२३
१.४	विशेष अनुदान	३७५५१२	४०३०९३	५९७९००	२९३१८०	-२७.२७
२	**प्रदेश सरकारतर्फ**	**१४१६९०८८**	**१०५३३८८७**	**७४१०६०५**	**८८५२५९३**	**-१५.९६**
	जम्मा	**२४२८१८६९**	**२२२५७८७३**	**२३५२३१९५**	**१९८६८२०८**	**-१०.७४**

गत वर्षको तुलनामा यो वर्षको कुल खर्चमध्ये सङ्घीय सरकार तथा प्रदेश सरकारबाट हस्तान्तरण भई आएको अनुदान क्रमशः ६.०४ प्रतिशत र १५.९६ प्रतिशतले घटी रहेको छ। यो वर्ष प्रदेश

सरकारको कुल खर्च रु.१९ अर्ब ८६ करोड ८२ लाख ८ हजारमध्ये सङ्घीय सरकारको अनुदानबाट ५५.४४ प्रतिशत र प्रदेश सरकारको स्रोतबाट ४४.५६ प्रतिशत बेहोरेको छ।

२.४. **राजस्व असुली -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७८।७९ र २०७९।८० को यथार्थ असुली तथा २०८०।८१ को अनुमान र यथार्थ असुलीको अवस्था निम्नानुसार छ। यो वर्षको राजस्व असुली विवरण **अनुसूची-८** मा छ।

(रु.हजारमा)

सि.नं.	स्रोत	२०७८।७९ को यथार्थ असुली	२०७९।८० को यथार्थ असुली	२०८०।८१ को		प्रतिशत
				अनुमान	प्राप्ति	
१	कर राजस्व	७९७४६१६	६७४१४५९	९४९९९६०	८०३८३८८	८४.६१
२	अन्य राजस्व	६६०८२०	३४८९३१	१७६५५२	२०८६९१	११८.२०
	जम्मा	**८६३५४३६**	**७०९०३९०**	**९६७६५१२**	**८२४७०८५**	**८५.२३**

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली १६.३१ प्रतिशतले बढेको देखिन्छ। आर्थिक वर्ष २०८०।८१ को राजस्व असुलीमा गत वर्षको नगद मौज्दात रु.६ अर्ब ९५ करोड २० लाख ९४ हजार, सङ्घीय सरकारबाट प्राप्त अनुदान रु.१० अर्ब ९९ करोड ५० लाख ७५ हजार र सोझै भुक्तानी रु.१ करोड ४७ लाख २७ हजारसमेत रु.१७ अर्ब ९६ करोड १८ लाख ९६ हजार समावेश छैन।

३. **वित्तीय हस्तान्तरण -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार छ।

(रु.हजारमा)

क्र.सं.	स्रोत	बजेट	हस्तान्तरण	प्रतिशत
१	वित्तीय समानीकरण अनुदान	८०००००	७८९२७९	९८.६६
२	सशर्त अनुदान	२८८२४४०	२४५५९६४	८५.२०
३	विशेष अनुदान	२७५५००	२१४६४७	७७.९१
४	समपूरक अनुदान	८४२५००	३५६४४५	४२.३१
	जम्माः	**४८००४४०**	**३८१६३३५**	**७९.५०**

प्रदेश सरकारले वित्तीय हस्तान्तरणमार्फत यो वर्ष ७९ स्थानीय तहमा रु.३ अर्ब ८१ करोड ६३ लाख ३५ हजार उपलब्ध गराएको छ। अनुदानमध्ये वर्षान्तमा खर्च नभई बाँकी रहेको (वित्तीय समानीकरणबाहेक) अनुदान प्रदेश सञ्चित कोषमा फिर्ता भएको छ।

४. **अन्तर सरकारी अख्तियारी** - विनियोजन ऐन, २०८० को दफा ६ मा प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै योजना तथा कार्यक्रम प्रदेशले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृती लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकार सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्न सक्ने व्यवस्था छ। प्रदेश सरकारको नीति कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुनबमोजिम विकास निर्माण र सेवा प्रवाहका कार्य गर्नुपर्नेमा प्रदेशले सङ्घीय सरकारका २१ कार्यालयलाई रु.३ करोड ९३ लाख ८८ हजार बजेट उपलब्ध गराएको छ। यसको विवरण **अनुसूची-१२** मा समावेश छ।

परिच्छेद

२



लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) र प्रदेशको यससम्बन्धी कानुनमा, प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको, राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ।

यसरी बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि-नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ। नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र सोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ। पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन र अन्य पेस्कीमा वर्गीकरण गरिएको छ।

प्रदेशको सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको यो वर्ष (२०८०।८१) फर्स्यौट गर्नुपर्ने बेरुजु निम्नानुसार रु.४५ करोड ९४ लाख ८२ हजार रहेको छः

(रु.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति र अन्य संस्था	जम्मा	कुल वेरुजूको प्रतिशत
जम्मा बेरुजु	**३४९९२०**	**१०९५६२**	**४५९४८२**	**१००.००**
१. असुल गर्नुपर्ने	**६६९०९**	**२८३१५**	**९५२२४**	**२०.७२**
२. नियमित गर्नुपर्ने	**१९२६६९**	**७०५४४**	**२६३२१३**	**५७.२८**
• अनियमित भएको	६६८६६	६४९०	७३३५६	१५.९६
• प्रमाण कागजात पेस नभएको	१२५८०३	६४०५४	१८९८५७	४१.३२
३. पेस्की	**९०३४२**	**१०७०३**	**१०१०४५**	**२२.००**

उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन। बेरुजु वर्गीकरणको विवरण **अनुसूची - ९ र १०** मा छ।

२. **लेखापरीक्षण र बेरुजु** - यो वर्ष प्रदेश मन्त्रालय र समिति तथा अन्य संस्थासमेत १४० निकायको रु.३७ अर्ब ५८ करोड ६७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। उल्लिखित लेखापरीक्षणबाट रु.४५ करोड ९४ लाख ८२ हजार बेरुजु कायम भएको छ, जुन लेखापरीक्षण अङ्कको तुलनामा १.२२ प्रतिशत हुन आउँछ।

(रु.हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	सङ्ख्या	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	बेरुजु प्रतिशत
१.	प्रदेश मन्त्रालय तथा निकाय	१२८	३००५४०३४	३४९९२०	१.१६
२.	समिति र अन्य संस्था	१२	७५३२६६५	१०९५६२	१.४५
	जम्मा	**१४०**	**३७५८६६९९**	**४५९४८२**	**१.२२**

३. **हालसम्मको बाँकी बेरुजु** - प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ गत वर्षसम्मको बेरुजु रु.३ अर्ब ९४ करोड ८२ लाख ५४ हजारमध्ये रु.२९ करोड ६८ लाख ४४ हजार सम्परीक्षणबाट लगत कट्टा हुँदा रु.९६ लाख ९२ हजार बेरुजु थप भई विगतको खुद बाँकी बेरुजु

रु.३ अर्ब ६६ करोड ११ लाख २ हजारमा यो वर्षको थप रु.४५ करोड ९४ लाख ८२ हजार समेत अद्यावधिक बेरुजु रु.४ अर्ब १२ करोड ५ लाख ८४ हजार रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-११** मा छ।

(रु.हजारमा)

क्र.सं.	विवरण	विगतको बेरुजु	फर्स्यौट तथा सम्परीक्षण	सम्परीक्षणबाट थप	विगतको खुद बाँकी	चालु वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
१	प्रदेश सरकारी कार्यालय	३४३२९५१	२८९०२५	९६९२	३१५३६१८	३४९९२०	३५०३८३८
२	अन्य संस्था तथा समिति	५१५३०३	७८१९	०	५०७४८४	१०९५६२	६१७०४६
	जम्मा	**३९४८२५४**	**२९६८४४**	**९६९२**	**३६६११०२**	**४५९४८२**	**४१२०५८४**

४. **बेरुजु विश्लेषण -** प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको बेरुजुको अवस्था निम्नानुसार छः

४.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३७ मा लेखापरीक्षणबाट औंल्याएको बेरुजु प्रमाण पेस गरी वा नियमित गरी गराई वा असुलउपर गरी फर्स्यौट गर्ने दायित्व कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखको हुने व्यवस्था छ। सोही ऐनको दफा ३५ मा औंल्याएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौट गर्ने र फर्स्यौट नगरेमा प्रदेशका लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम यस वर्षको बेरुजु रु.४५ करोड ९४ लाख ८२ हजार फर्स्यौट नभएको जानकारी सम्बन्धित पदाधिकारीलाई दिइएको छ। साथै बेरुजु फर्स्यौट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। तसर्थ सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची -१६** मा छ।

४.२ सरकारी कार्यालय र अन्य संस्था तथा समितितर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने निकाय निम्नानुसार छन्:

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१.	भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	६१०४९९६	५०१२१	६०२६७	७१७३२	१८२१२०	३९.६४	२.९८
२.	जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	२८१३६३७	२०४०	३६३६३	१६२५५	५४६५८	११.९	१.९४
३.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	४९२८४७	९६	४१०००	०	४१०९६	८.९४	८.३४
४.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१६७५३६७	८६१८	१७४९९	५००	२६६१७	५.८	१.५९
५.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१५०३७७४	४९९७	९८१०	८००	१५६०७	३.३९	१.०३
६.	अन्य	२४९९६०७८	२९३५२	९८२७४	११७५८	१३९३८४	३०.३३	०.५६
	जम्मा	**३७५८६६९९**	**९५२२४**	**२६३२१३**	**१०१०४५**	**४५९४८२**	**१००**	**१.२२**

बेरुजु रकमका आधारमा पहिलो स्थानमा भौतिक पूर्वाधार मन्त्रालय, दोस्रोमा जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय र तेस्रोमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय रहेका छन्।

४.३ यो वर्ष १२८ प्रदेश कार्यालय र १२ अन्य संस्था तथा समितिको लेखापरीक्षण गरेकोमा १२ कार्यालय मा बेरुजु देखिएन।

४.४ यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १२८ को लेखापरीक्षण गरेकोमा ४३ कार्यालयमा लगती बेरुजु देखिएको छैन। समिति तथा अन्य संस्था १ मा लगती बेरुजु देखिएको छैन।

४.५ यो वर्ष १२३ सरकारी कार्यालय र १२ समितिको २ हजार ४९६ दफा बेरुजु देखिएकोमा १ हजार ५८२ दफा सैद्धान्तिक र ९१४ दफा लगती बेरुजु कायम भएको छ।

४.६ प्रदेश सरकारी कार्यालय र समितितर्फ गत वर्षसम्मको पेस्की रु.७९ करोड १८ लाख २० हजारमध्ये यो वर्ष रु.१५ करोड ४३ लाख ४५ हजार फर्स्यौंट भई रु.६३ करोड ७४ लाख ७५ हजार बाँकी रहेकोमा यस वर्ष रु.१० करोड १० लाख ४५ हजार थप भई रु.७३ करोड ८५ लाख २० हजार बाँकी रहेको छ। पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा छ।

४.७ सरकारी कार्यालय तथा समिति एवं अन्य संस्थाबाट लेखापरीक्षण क्रममा असुली गर्नुपर्ने देखिएकोमध्ये लेखापरीक्षणको दौरानमा रु.६८ लाख ६० हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.१६ लाख २० हजार र सम्परीक्षणको क्रममा रु.२ करोड १० लाख ७ हजार समेत रु.२ करोड ९४ लाख ८७ हजार असुल भएको छ। यस सम्बन्धी विवरण **अनुसूची-६** मा छ।

४.८ सरकारी कार्यालयतर्फ ३ निकायको रु.५५ हजार अग्रिम कर कट्टी नगरेको ब्यहोरा औल्याएकोमा असुल गर्न बाँकी छ। यस सम्बन्धी विवरण **अनुसूची-७** मा छ।

४.९ प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको ७ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
पहिलो २०७५	२३७८५२	१७७	०.०७	१७७	०.०७
दोस्रो २०७७	१९००४९४४	५१६९९३	२.७२	२८७६५०	१.५१
तेस्रो २०७८	२३४३९५६०	८३४७८१	३.५६	६८६६३८	२.९३
चौथो २०७९	३०७०९०८०	१६०१८०७	५.२२	१४१५३८०	४.६१
पाचौं २०७९	३८१४९२०४	१६८८४०२	४.४३	१४४०९२७	३.७८
छैठौं २०८१	३७३३६८९७	९६७७५२	२.५९	७०१५३९	१.८८
सातौं २०८२	३७५८६६९९	४५९४८२	१.२२	३५८४३७	०.९५

परिच्छेद

३



लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

प्रदेश मन्त्रालय तथा निकाय

१. **कानुन निर्माण -** प्रदेश सभाले संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख भएका एकल र साझा अधिकारका विषयमा आवश्यक कानुन बनाउनुपर्दछ। प्रदेश सभा गठनपश्चात् सभामा २०८१।३।३१ सम्म ९२ विधेयक दर्ता भई ५७ विधेयक प्रमाणीकरण भएका छन्। यो वर्ष दर्ता भएका ८ विधेयक मध्ये ४ प्रमाणीकरण भएको र ४ निर्णय हुन बाँकी छन्।

२. **कानुनको परिपालना -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा सार्वजनिक खरिद कार्यविधि, प्रक्रिया तथा निर्णयलाई पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउने कानुनी व्यवस्था छ। प्रदेश कार्यालयहरूले तोकिए बमोजिम खरिद योजना र गुरुयोजना नबनाएको, खरिद आवश्यकता पहिचान र खरिद प्याकेज प्रतिस्पर्धात्मक नभएको, खरिद प्रक्रियामा प्रतिस्पर्धा र पारदर्शी नभएको. निर्माण स्थलको तयारी नगरी खरिद सम्झौता गरेको, खरिद सम्झौता गर्न नआउने, सम्झौता अनुसार कार्य सम्पन्न नगर्ने तथा निर्माण कार्य अधुरो राख्ने व्यवसायीलाई कालोसूचीमा राख्न सिफारिस नगर्ने, योजनाको आवश्यकता र उपलब्ध जनशक्ति यकिन नगरी परामर्श सेवा खरिद गर्ने, बढी पेस्की खर्च गर्ने, भेरिएसन आदेश स्वीकृत नगराई काम गराउने, व्यवसायीको कारण ढिलाइ भएकोमा पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने लगायतका अवस्था देखिएको छ। कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ।

३. **नीति तथा कार्यक्रम -** प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले अङ्गीकार गरेको " समृद्ध कर्णाली, सुखारी कर्णालीवासी" को दीर्घकालीन सोच अनुरूप "शिक्षा, स्वास्थ्य र रोजगार : त्यसका लागि सुशासन र पूर्वाधार" भन्ने मूल नाराका साथ प्रदेश सरकारको २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रममा कर्णाली प्रदेश सरकार र स्थानीय तहको संयुक्त लगानीमा एउटा लघुवित्त वित्तीय संस्था स्थापना गर्ने, वित्तीय सुशासन जोखिम लेखाजोखा गर्ने र ४० लाख रुपैयाँभन्दा कमका साना योजना स्थानीय तहमार्फत कार्यान्वयन गरिने, निजी क्षेत्रको लगानीलाई आकर्षित गर्न लगानी सम्मेलन गर्ने, स्थानीय तहलाई उपलब्ध गराइने सबै प्रकारका अनुदानलाई कार्यसम्पादनसँग आबद्ध गर्न कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ परिमार्जन गरिने, सुर्खेतको मङ्गलगढीमा आकाशे पूल निर्माणको लागि सम्भाव्यता अध्ययन गर्ने, कोटवाडा मान्मा केवलकार स्थापनाका लागि प्रकिया अघि बढाउने, मृगौला डायलासिस सेवालाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र चौरजहारी अस्पतालमा विस्तार गर्ने, स्थानीय तहको सहलगानीमा प्राङ्गरिक मल उत्पादन कारखानाको सम्भाव्यता अध्ययन गर्ने, प्रदेशस्तरको रिफरल पशु अस्पताल स्थापना गर्ने, नाइट्रोजन प्लाण्ट स्थापना गर्ने, भू-उपयोग नीति र भू-उपयोग गुरुयोजना निर्माण गर्नेलगायतका कार्यक्रमहरू रहेकोमा उल्लिखित नीति तथा कार्यक्रम कार्यान्वयन भएको छैन। वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गरी लक्षित उद्देश्य हासिल गर्नुपर्दछ।

४. **बजेट तथा योजना निर्माण -** दिगो विकास लक्ष्य, सङ्घीय सरकारले अवलम्बन गरेको नीति तथा कार्यक्रम, प्रदेश सरकारको क्षेत्रगत नीति, आवधिक योजना र कार्यक्रमबिच सामञ्जस्यता हुने गरी बजेट व्यवस्था एवं कार्यान्वयन गर्नुपर्नेमा सङ्घीय सरकारको आवधिक योजना, क्षेत्रगत नीतिअनुसार सामञ्जस्यता हुनेगरी प्रदेशको नीति कार्यक्रम तयार भएको छैन। प्रदेशको एकीकृत लक्ष्यका लागि स्थानीय तहबाट सञ्चालन हुने योजनाहरूमा समन्वय भएको छैन। प्रदेशको नीति तथा कार्यक्रम अनुसार समग्र बजेट, नीति कार्यक्रम र बजेटमा तालमेल देखिएको छैन। स्वीकृत बजेट अनुसार कार्य प्रगति नहुनु, योजनाहरूको प्राथमिकीकरण नगरी साना योजनाहरूमा बजेट खर्च हुनु, मागका आधारमा योजना छनोट नगरी कार्यान्वयन गराइनुलगायतका कारण प्रदेश योजनाले अपेक्षित उपलब्धि हासिल भएको पाइएन। सङ्घ, प्रदेश र स्थानीय तहको नीति तथा कार्यक्रमबिच सामञ्जस्यता कायम हुने गरी निर्माण भएको योजनामा बजेट व्यवस्था गरी कार्यान्वयन हुनुपर्दछ।

५. **योजना छनोट** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तवित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातवरणीय तथा प्रशासकीय उपयुक्तताका आधारमा प्राप्त हुने प्रतिफलसमेतको बिचार गरी आयोजना स्वीकृत हुनुपर्ने व्यवस्था छ। यो वर्ष रु.१० लाख सम्मको १ हजार २८७, रु.२० लाख सम्मका १ हजार ५०३, रु.५० लाख सम्मका ८०१, रु.१ करोडसम्मका १०४ र रु.१ करोड भन्दामाथिका १६३ योजना गरी जम्मा ३ हजार ८५८ योजनामा रु.१६ अर्ब ५८ करोड ८८ लाख ३७ हजार बजेट विनियोजन गरी कार्यान्वयन गरेको छ। मन्त्रालयबाट प्राप्त कार्यक्रम विवरण अनुसार ७२.३१ प्रतिशत योजना रु.२० लाखभन्दा कमका रहेका छन्। स्थानीय तहबाट सञ्चालन हुनसक्ने योजनाहरू सम्बन्धित पालिकामार्फत कार्यान्वयन नगरी प्रदेशले सञ्चालन गर्दा योजना दोहोरो पर्न सक्ने अवस्था छ। कुल ३ हजार ८५८ योजनामध्ये रु.१ करोड माथिका १६३ योजनाका लागि रु.१० अर्ब २ करोड ६६ लाख ३७ हजार बजेट विनियोजन गरेको छ। अधिक लाभ दिने उपयुक्त योजना छनोट गरिनुपर्दछ।

६. **आन्तरिक नियन्त्रण -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफ्नो र मातहतका कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणाली विश्वसनीय बनाउन आ-आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेशका ९ निकायले आफ्नो कार्य प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, निकायगत केन्द्रीय वित्तीय विवरण तयार नगरेको, सार्वजनिक लेखामानमा आधारित प्रतिवेदन ढाँचा प्रयोग नगरेको, महालेखापरीक्षकले तोकेका फारामहरू प्रयोग नगरेको, घरजग्गाको लगत नराखेको, वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार नगरेको, जिन्सी निरीक्षण नभएको, जिन्सी निरीक्षण भएकोमा प्रतिवेदन कार्यान्वयन नगरेको, वित्तीय जिम्मेवारी र जवाफदेहिता कमजोर रहेको, सेवा प्रवाह गुणस्तर सुधार नभएको, बेरूजु फर्स्यौट प्रभावकारी नभएको लगायत अवस्था देखिएको छ। कानुनमा तोकिएअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

७. **सङ्गठन र कर्मचारी व्यवस्थापन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको सामान्य प्रशासन तथा जनशक्ति व्यवस्थापनसम्बन्धी जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई तोकिएको छ। प्रदेश सरकारबाट प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालयसमेत १२ निकाय मातहत १४० कार्यालयमा २ हजार ९२९ दरबन्दी स्वीकृत भएको छ। स्वीकृत

दरबन्दीमध्ये २ हजार ४३५ पदपूर्ति भई ४९४ पद रिक्त रहेको छ। मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको स्वीकृत दरबन्दी ६३ रहेकोमा समायोजन भएको २२, कामकाजमा आएका १४ र करार १८ समेत ५४ पदपूर्ति भई ९ रिक्त रहेको छ।। प्रदेशअन्तर्गत ५७ कार्यालयमा कार्यरत कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगरी रु.६९ करोड ५८ लाख ७४ हजार तलब खर्च लेखेकोले ग्रेड भिडान हुन सकेन।

८. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४५ सम्म विभिन्न पदाधिकारीको काम, कर्तव्य, अधिकार र जिम्मेवारी तोकिएबमोजिम हुने, सरकारी नगदी, जिन्सी दुरूपयोग एवं मस्यौंट भएमा कारबाही गरिने, जवाफदेही वहन गर्नुपर्ने र वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्नेलगायत वित्तीय जिम्मेवारी र जवाफहिता उल्लेख गरिएको छ। प्रदेशले यो वर्ष रु.१९ अर्ब ८६ करोड ८२ लाख ८ हजार खर्च गरेकोमा तोकिएबमोजिम वित्तीय प्रतिवेदन तयार नगरेको, लक्ष्यअनुसार प्रगति हासिल नगरेको, पुँजीगत खर्च न्यून रहेको, सम्पत्तिहरूको उचित उपयोग नगरेको अवस्था देखिएको छ। आर्थिक कार्यविधिसम्बन्धी कानुनले तोकेबमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन कायम गर्नुपर्दछ।

९. **खर्च व्यवस्थापन -** प्रदेश सञ्चित कोषमा गत वर्षको बचतसमेत रु.२६ अर्ब २० करोड, ८९ लाख ८१ हजार आम्दानी भएकोमा रु.१९ अर्ब ८६ करोड ८२ लाख ८ हजार खर्च भई रु.६ अर्ब ३४ करोड ७ लाख ७३ हजार बचत रहेको छ। यस वर्ष रु.३३ अर्ब ३७ करोड ९७ लाख ७ हजार बजेट अनुमान गरेकोमा रु.१९ अर्ब ८६ करोड ८२ लाख ८ हजार खर्च गरेको छ। चालुतर्फ सञ्चित कोषमा व्ययभार पर्नेसमेत रु.९ अर्ब १७ करोड ५१ लाख २२ हजार र पुँजीगततर्फ रु.१० अर्ब ६९ करोड ३० लाख ८६ हजार खर्च गरेको छ। सङ्घीय सरकारतर्फ समानीकरण अनुदान रु.७ अर्ब ५३ करोड २६ लाख १४ हजार, सशर्त अनुदानतर्फ रु.२ अर्ब ६५ करोड ४९ लाख ४५ हजार, समपूरक अनुदानतर्फ रु.४८ करोड ३१ लाख ३१ हजार र विशेष अनुदानतर्फ रु.२९ करोड ३१ लाख ८० हजार खर्च भएको छ। बजेटको तुलनामा ५९.५२ प्रतिशत खर्च भएपनि चालु खर्चतर्फ ४६.१८ प्रतिशत र पुँजीगत खर्चतर्फ ५३.८२ प्रतिशत खर्च भएको छ।

१०. **राजस्व प्रक्षेपण तथा असुली -** प्रदेशको आय तथा व्ययको अनुमान आधार स्पष्ट हुनुपर्दछ। प्रदेशले खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट रु.८३ करोड ६२ लाख १२ हजार राजस्व प्राप्त गर्ने लक्ष्य रहेकोमा रु.७२ करोड ५४ लाख ६ हजार प्राप्त भएको छ। राजस्व बाँडफाँटमार्फत सङ्घबाट प्राप्त मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र रोयल्टीको योगदान रु.७ अर्ब ५२ करोड १६ लाख ७९ हजार रहेको छ। आन्तरिक आयको प्रक्षेपण तथा प्राप्ति प्रभावकारी देखिएन। यथार्थपरक राजस्वको प्रक्षेपण, प्राप्ति एवं परिचालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

११. **चौमासिक खर्च -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले तोकिएबमोजिम चौमासिक प्रगति विवरण पेस गर्नुपर्ने व्यवस्था छ। कर्णाली प्रदेश सरकारले यो वर्ष खर्च गरेको पुँजीगत खर्च रु.१० अर्ब ६९ करोड ३० लाख ८६ हजारमध्ये पहिलो चौमासिकमा रु.८४ करोड २ लाख ९३ हजार (७.८६ प्रतिशत), दोस्रो चौमासिकमा रु.१ अर्ब ६९ करोड ३४ लाख ८१ हजार (१५.८४ प्रतिशत), तेस्रो चौमासिकमा रु.८ अर्ब १५ करोड ९३ लाख १२ हजार (७६.३० प्रतिशत) र असार महिनामा रु.४ अर्ब ८४ करोड

७५ लाख ४८ हजार (४५.३३ प्रतिशत) खर्च गरेको छ। चौमासिक खर्च विवरणअनुसार असार महिनामा बढी खर्च भएको देखिन्छ।

१२. **रकमान्तर** - प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नं. २२९ मा रकमान्तर गरिने प्रवृत्तिमा सुधार ल्याउने र असारमा रकमान्तर नगरिने उल्लेख छ। यो वर्ष प्रदेश सरकारको बजेट रु.३३ अर्ब ३७ करोड ९७ लाख ७ हजार स्वीकृत भएकोमा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमअन्तर्गत छात्रवृत्ति करारमा कार्यरत चिकित्सक तथा कर्मचारीको तलव भत्ताबापत रु.३ करोड ६१ लाख ५३ हजार सङ्घीय सरकारबाट थप भएको देखिन्छ। स्वीकृत बजेटमध्ये विभिन्न ११ निकायको अनुरोधमा मन्त्रालयले रु.३ अर्ब ८ करोड ३६ लाख ६९ हजार रकमान्तर गरेको छ। सोमध्ये असार महिनामा मात्र रु.३४ करोड ४८ लाख ९७ हजार रकमान्तर भएकोले बजेट वक्तव्यको पालना भएको छैन। वर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१३. **स्थानीय तह अनुदान** - स्थानीय तहलाई दिइने अनुदानमध्ये कार्यविधिबमोजिम समपूरक र विशेष अनुदान सशर्त हस्तान्तरण हुने र समानीकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरे अनुसारको सुत्रबमोजिम हस्तान्तरण हुने गरेको छ। यो वर्ष प्रदेशस्थित ७९ स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानतर्फ रु.७८ करोड ९२ लाख ७९ हजार, समपूरक अनुदानतर्फ रु.३५ करोड ६४ लाख ४५ हजार, सशर्त अनुदानतर्फ रु.२ अर्ब ४५ करोड ५९ लाख ६३ हजार र विशेष अनुदानतर्फ रु.२१ करोड ४६ लाख ४७ हजार समेत रु.३ अर्ब ८१ करोड ६३ लाख ३५ हजार वित्तीय हस्तान्तरण गरेको छ। प्रदेश सरकारले सशर्त अनुदान उपलब्ध गराउँदा आयोजना/कार्यक्रमको क्षेत्रगत सर्त, लक्ष्य तथा अपेक्षित उपलब्धि किटान गरी सशर्त अनुदान उपलब्ध गराउने र स्थानीय सरकार आफैंले आयोजना छनोट र कार्यान्वयन गर्ने गरी समानीकरण अनुदान वृद्धि गर्नुपर्दछ।

१४. **स्रोत सुनिश्चितता** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३ मा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय र प्रशासकीय उपयुक्तताको आधारमा प्रतिफलको विचार गरी प्रदेश सरकारबाट स्वीकृत गर्नुपर्ने व्यवस्था छ। प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले यो वर्ष ६ बहुवर्षीय योजनाका लागि रु.७८ करोड ६२ लाख २० हजारको स्रोत सुनिश्चितता दिएको देखिन्छ। स्रोत सुनिश्चितता दिएको कार्यक्रमलाई योजनामा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

१५. **वहुवर्षीय आयोजना स्वीकृति** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ नियम २३ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा प्रतिफलसमेतको विचार गरी प्रदेश सरकारबाट आयोजना स्वीकृत हुनुपर्ने व्यवस्था छ। मन्त्रालयले यस वर्ष रु.७८ करोड ६२ लाख २० हजार लागतका ६ योजनाका लागि बहुवर्षीय आयोजना स्वीकृति दिएकोमा उक्त आयोजनाका लागि २०८०।८१ मा रु.२३ करोड २ लाख २५ हजार बजेट विनियोजन गरेको छ। त्यसै गरी रु.१ अर्ब १८ करोड ८७ लाख ३५ हजार लागतका २६ योजनाका लागि स्रोत सुनिश्चिता दिएकोमा २०८०।८१ का लागि रु.३१ करोड ५० लाख बजेट विनियोजन गरेको छ। प्रदेश अन्तर्गत २०७६।७७ देखी २०७९।८० सम्म १२७ आयोजनाका लागि बहुवर्षीय स्वीकृति दिएकोमा एक खानेपानी आयोजना बाहेक अन्य आयोजना सम्पन्न भएको छैन। बहुवर्षीय स्वीकृति दिएका आयोजनाहरूको समयमै खरिद

प्रक्रिया टुङ्गो लगाई आयोजना सम्पन्न गरिनुपर्दछ। प्रदेशको वार्षिक आन्तरिक आम्दानी रु.८ अर्ब २४ करोड ७० लाख ८५ हजार (राजस्व बाँडफाँट समेत) रहेको छ। पछिल्ला वर्षको कार्यक्रममा पर्ने असर र आय क्षमतालाईसमेत विचार गरी स्रोत सुनिश्चितता र बहुवर्षीय स्वीकृति दिनुपर्दछ।

१६. **वैदेशिक लगानी** - "समृद्ध कर्णाली, सुखारी कर्णालीबासी" को दीर्घकालीन लक्ष्य हासिल गर्न प्राथमिकताका ठुला योजनाहरूमा आधुनिक प्रविधिसहित वैदेशिक लगानी परिचालन गर्न कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना अवधिभर रु.२० करोड लगानी हुने उल्लेख भएकोमा हालसम्म भएको लगानीको अभिलेख पेस भएन। दीर्घकालीन लक्ष्य प्राप्तिका लागि वैदेशिक स्रोतको खोजी र लगानीको उचित वातावरण बनाउने गरी नीति तथा कार्यक्रममा सुधार गर्नुपर्दछ।

१७. **मानव संसाधन योजना** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ५ मा प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्ने कर्तव्य सामाजिक विकास मन्त्रालयको हुने उल्लेख छ। मन्त्रालयले प्रदेशका निकायको लागि मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण गरेको छैन। स्वास्थ्यतर्फ सङ्घीय सेवाबाट आएका रेडियोलोजिष्ट, अफ्थाल्मोलोजिष्ट जस्ता विशेषज्ञ कर्मचारीहरू व्यवस्थापकीय पदमा कामकाजमा कार्यरत रहेको अवस्था छ। मन्त्रालयले कार्य प्रकृतिअनुसार मानव संसाधन योजना योजना बनाई सेवा प्रवाह गर्नुपर्दछ।

१८. **परामर्श सेवा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। प्रदेशको ३ मन्त्रालयले १६६ आयोजनाको विस्तृत आयोजना प्रतिवेदनमा रु.९ करोड ८२ लाख ९७ हजार खर्च गरेको छ। अध्ययन भएका योजनाहरू कार्यान्वयन गर्न कार्यक्रममा समावेश गरेको छैन। परामर्श सेवा खरिद गर्दा जनशक्तिको क्षमता विश्लेषण तथा बजेट व्यवस्था गरेको देखिँदैन। विस्तृत आयोजना प्रतिवेदनहरू कार्यान्वयन गरिनुपर्दछ।

१९. **तालिम कार्यक्रम** - कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम प्रदेश सरकारले कर्मचारीको क्षमता विकास, तालिम गोष्ठी, सेमिनारलगायत कार्यक्रममा निर्देशिकाको पालना गर्नुपर्दछ। यो वर्ष कर्मचारी तालिममा रु.४ करोड ३४ लाख १८ हजार खर्च गरेकोमा तालिम, गोष्ठी, सेमिनारमा निकायहरूले गरेको खर्चमा एकरूपता देखिएन। निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालय, मानव संसाधन केन्द्र, वन, कृषि, पशु तालिम केन्द्र र कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानले सञ्चालन गरेको तालिमको मापदण्ड फरक देखिएको छ। कार्यक्षेत्र तथा विशेषज्ञताका आधारमा तालिम कार्यक्रमको मापदण्ड बनाई एकीकृत तालिम केन्द्र स्थापना गर्न प्रदेश प्रशिक्षण प्रतिष्ठान गठन भए पनि तालिम केन्द्रहरूलाई एकीकृत गर्ने कार्य भएको छैन। अतः तालिमको आवश्यकता पहिचानदेखि सीप परीक्षणसमेतका लागि एकद्वार प्रणाली अवलम्बन गरी एकीकृत मापदण्डअनुसार तालिम सञ्चालन गर्नुपर्दछ।

२०. **उपभोक्ता समिति** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ तथा नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने व्यवस्था छ। उपभोक्ता समितिले रकम प्राप्त गर्ने र जनसहभागिताबाट गर्ने काम सम्झौतामा अलग गरी कामको नापजाँच गर्नुपर्नेमा सोअनुसार नगरी कामको एकमुष्ट मूल्याङ्कन गरी जनसहभागिताको रकम घटाएर भुक्तानी दिएको कारण जनसहभागिता सुनिश्चित

गर्न सकिएन। सम्पन्न भइसकेका योजनासमेत सञ्चालन तथा व्यवस्थापनका लागि उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन।

२१. **गुणस्तर परीक्षण तथा नियन्त्रण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को उपनियम १ को खण्ड (ङ) अनुसार सम्झौता कार्यान्वयन गर्दा गुणस्तर निरीक्षण तथा परीक्षण गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीलाई स्पेसिफिकेसनअनुसारको गुणस्तर आश्वस्तता योजना पेस गर्न लगाई त्यसअनुसार गुणस्तर परीक्षण गराउने, गिट्टी, ढुङ्गा, बालुवाजस्ता स्थानीय निर्माण सामग्री उत्खनन् गर्ने स्थान तोकी गुणस्तरीय निर्माण सामग्री प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्नेमा लागत अनुमान तथा सम्झौता गर्दा उत्खनन् स्थान तोक्ने गरेको छैन। गुणस्तर परीक्षण नभएका निर्माण संरचनाको गुणस्तर आश्वस्त हुने अवस्था छैन। गुणस्तर आश्वस्तता योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

२२. **फाराम प्रयोग तथा प्रतिवेदन -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७(१) मा नियम २६ को अनुसूची-३ बमोजिम प्रतिवेदन तयार गरी भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने र प्रगति कम हुनुका प्रमुख कारणहरू एवं जिम्मेवार व्यक्ति पहिचान गरी जिम्मेवार बनाउनुपर्ने व्यवस्था छ। मन्त्रालयहरूले बजेट नियन्त्रणसम्बन्धी तोकिएको ढाँचामा अभिलेख राखी नेपाल सार्वजनिक लेखामानमा आधारित फाराम नम्बर २७० को ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन। प्रदेशको कुल बजेट रु.३३ अर्ब ३७ करोड ९७ लाख ७ हजारको तुलनामा पुँजीगत खर्च ५३.८२ प्रतिशत भएकोमा तोकिएबमोजिम प्रगति प्रतिवेदन तयार गरी समीक्षा भएको छैन। तोकिएको ढाँचामा प्रतिवेदन तयार गरी कार्यक्रमको समीक्षा गर्नुपर्दछ।

२३. **अन्तर सरकारी अख्तियारी -** प्रदेश विनियोजन ऐन, २०८० को दफा ६ मा प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै योजना तथा कार्यक्रम प्रदेशले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्न सक्ने व्यवस्था छ। यो वर्ष प्रदेश सरकारबाट आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत १० जिल्ला समन्वय समितिलाई रु.५५ लाख १९ हजार र १ मालपोत कार्यालयलाई रु.६ लाख, आन्तरिक मामिला तथा कानुन मन्त्रालयमार्फत ८ प्रहरी कार्यालयलाई रु.२ करोड ८० लाख र २ जिल्ला प्रशासन कार्यालयलाई रु.५२ लाख ६९ हजार समेत रु.३ करोड ९३ लाख ८८ हजार बजेट उपलब्ध गराएकोमा सम्बन्धित मन्त्रालयको स्वीकृति लिएको छैन। बजेट कार्यान्वयन गर्दा विनियोजन ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

२४. **सेवा प्रवाह -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवा सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने व्यवस्था छ। मन्त्रालयहरूको कार्यक्रम कार्यान्वयन अवस्था कमजोर हुनु, सार्वजनिक सेवाको न्यूनतम मापदण्ड निर्धारण नहुनु, सेवा प्रवाहको नीति मापदण्ड एवं कार्यविधि पर्याप्त नहुनु, सेवाग्राही सन्तुष्टि मापन तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण सेवा प्रवाह चुस्त दुरुस्त हुन सकेको छैन। प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ।

२५. **सञ्चित बिदाको रकम –** नेपालको संविधानको धारा ५७(६) मा प्रदेश सभाले कानुन बनाउँदा सङ्घीय कानुनसँग नबाझिने गरी बनाउनुपर्ने व्यवस्था भएकोमा कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४८ (३) मा निजामती कर्मचारीको न्यूनतम सञ्चित गर्न मिल्ने घर बिदाभन्दा बढी अवधि बिदा बचत भएमा प्रत्येक वर्षको अन्त्यमा सोबापत निज कार्यरत पदको सुरु तलब स्केल बराबरको रकम पाउने व्यवस्था गरेको छ। सोही ऐनको दफा १३५ मा ऐनमा भएको व्यवस्था सङ्घीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म सङ्घीय कानुनबमोजिम हुने उल्लेख छ। निजामती सेवासम्बन्धी सङ्घीय कानुनमा सञ्चित घर बिदाबापतको रकम भुक्तानी गर्ने व्यवस्था छैन। प्रदेश निजामती सेवा ऐनले सङ्घीय ऐन विपरित हुने गरी कानुन निर्माण गरी यो वर्ष ५६ कार्यालयका कर्मचारीलाई सञ्चित घरबिदा बापत रु.१ करोड १० लाख ८३ हजार भुक्तानी गरेको छ। सङ्घीय कानुनसँग सामञ्जस्यता हुने गरी कानुन निर्माण गरिनुपर्दछ।

२६. **अनुगमन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश सरकारको नीति कार्यान्वयन, अनुगमन गर्ने काम मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयलाई तोकिएको छ। त्यस्तै कर्णाली प्रदेश योजना आयोग, प्रदेश सभा सचिवालय, विषयगत मन्त्रालयलाई अनुगमन मूल्याङ्कनको जिम्मेवारी तोकिएको छ। बहुनिकायबाट अनुगमन मूल्याङ्कन व्यवस्था गरिए पनि बजेट कार्यान्वयन अवस्था कमजोर देखिएको छ। विषयगत मन्त्रालयहरूले सञ्चालित योजनाहरूको अनुगमन गर्दा योजनाको अवस्था खुल्ने गरी प्रतिवेदन तयार गरेको छैन। प्रदेशको समग्र नीति र कार्यक्रम कार्यान्वयनको पर्याप्त अनुगमन गरेको छैन। प्रादेशिक नीति र कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन, तथ्याङ्क र प्रतिवेदन प्रणाली स्थापना गरी अनुगमन तथा मूल्याङ्कनलाई स्वचालित र नियमित बनाउनुपर्दछ।

२७. **आन्तरिक लेखापरीक्षण -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशअन्तर्गतका कार्यालयहरूको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। यस वर्ष १० जिल्लाको आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने रु.५२ लाख २५ हजार, अनियमित रु.१ करोड १८ लाख ८ हजार र म्याद नाघेको पेस्की रु.२ करोड ५६ लाख ६९ हजारसमेत रु.४ करोड २७ लाख २ हजार लगती बेरूजु भएकोमा अन्तिम लेखापरीक्षणको अवधिसम्म आन्तरिक लेखापरीक्षण बेरूजु असुल तथा फर्स्यौंट भएको छैन।

२८. **भुक्तानी दिन बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनमा आर्थिक वर्षको विनियोजित बजेटभन्दा बढी खर्च गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था भए पनि कर्णाली प्रदेशका मन्त्रालय तथा केन्द्रीय निकाय र मातहतका कार्यालयहरूले यो वर्ष चालुतर्फ ४ मन्त्रालयले रु.१ करोड २२ लाख ५९ हजार तथा पुँजीगततर्फ १ मन्त्रालय तथा निकायले रु.६३ लाख ८९ हजार समेत रु.१ करोड ८६ लाख ४८ हजार आगामी आर्थिक वर्षको लागि दायित्व सिर्जना गरेका छन्। आगामी वर्षको बजेटलाई असर पर्ने गरी दायित्व सिर्जना गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

२९. **जिन्सी व्यवस्थापन** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४७ बमोजिम जिन्सी मालसामानको लगत तयार गर्ने र नियम ५० बमोजिम जिन्सी निरीक्षण गर्ने व्यवस्था रहेको छ। आंशिक कार्यालयले जिन्सी निरीक्षण नगराएको, निरीक्षण प्रतिवेदन प्राप्त गर्नेले कार्यान्वयन नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख नराखेको, मेहलकुना अस्पताललगायतले क्षमताभन्दा

बढी स्वास्थ्य उपकरणहरू खरिद गरी मौज्दात राखेको जस्ता कारण जिन्सी व्यवस्थापन प्रभावकारी देखिएको छैन। सरकारी सामानको हानि नहुने गरी संरक्षण तथा उपयोग गर्नुपर्दछ।

३०. **प्रदेश र स्थानीय तहबिचको सम्बन्ध -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँटलगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागिसमेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबिच समन्वय कायम गर्नुपर्दछ।

खण्ड

१

मन्त्रालय र निकायगत बेहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम ४० सदस्य भएको प्रदेश सभा गठन भएको छ। प्रदेश सभाको कार्य सञ्चालन र व्यवस्थापन गर्न संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय स्थापना भई सञ्चालनमा रहेको छ।

१. **लेखापरीक्षण अङ्क** - सचिवालयको रु.११ करोड १० लाख २१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन निकासा	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१०९७९३	४६२	६९३	७३	१११०२१

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सचिवालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
चालूतर्फ	**१३९२६८**	**१३९२६८**	**१०४३५३**	**७४.९३**
२११०० पारिश्रमिक सुविधा	७३९६४	७३९६४	६२३४७	८४.२९
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	४६४	४६४	६१	१३.१५
२२१०० सेवा महसुल	३१८०	३१८०	१६१७	५०.८५
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१४९२३	१४९२३	११६८३	७८.२९
२२३०० कार्यालय सामान तथा सेवाहरू	४८२२	४८२२	४५१७	९३.६७
२२४०० सेवा तथा परामर्श खर्च	७२८६	७२८६	४८५८	६६.६८
२२५०० कार्यक्रमसम्बन्धी खर्चहरू	११९६०	११९६०	४९६४	४१.५१
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१०९१८	१०९१८	४६१८	४२.३०
२२७०० विविध खर्च	३९५९	३९५९	३४८४	८८.००
२७२०० सामाजिक सहायता	६००	६००	६००	१००.००
२७३०० कर्मचारी सामाजिक लाभ	१३१२	१३१२	०	०.००
२८१०० सम्पत्ति सम्बन्धी खर्च	५८८०	५८८०	५६०४	९५.३१
पुँजीगततर्फ	**११६५०**	**११६५०**	**५४४०**	**४६.७०**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	११६५०	११६५०	५४४०	४६.७०
कुल जम्मा	**१५०९१८**	**१५०९१८**	**१०९७९३**	**७२.७५**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७४.९३ प्रतिशत, पुँजीगततर्फ ४६.७० प्रतिशत र समग्रमा ७२.७५ प्रतिशत खर्च भएको देखिन्छ।

३. **विधेयक दर्ता तथा पारित** - प्रदेश सभाले संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख भएका एकल र साझा अधिकारका विषयमा कानुन बनाउनुपर्दछ। सभा गठनपश्चात् सभामा २०८१।३।३१ सम्म ९२ विधेयक दर्ता भई ५७ विधेयक प्रमाणीकरण भएका छन्। यो वर्ष दर्ता भएका ८ विधेयकमध्ये ४ प्रमाणीकरण भएको र ४ पारित हुन बाँकी छन्।

४. **निर्णय कार्यान्वयन -** प्रदेश सभा नियमावली, २०७९ को नियम १५४ मा ४ संसदीय समिति रहेका छन्। यो वर्ष प्रदेश मामिला समितिको २६, सामाजिक विकास समितिको ३५, अर्थ तथा प्राकृतिक स्रोत समितिको १९ र सार्वजनिक लेखा समितिको ३५ समेत ११५ पटक बैठक बसी सरकारलाई निर्देशन दिएकोमा सोको कार्यान्वयन अवस्थाको अभिलेखीकरण गरी प्रतिवेदन प्रकाशन गरेको छैन। समितिले दिएका निर्देशनको कार्यान्वयनको सुनिश्चित गर्नुपर्दछ।

५. **वार्षिक प्रतिवेदन -** प्रदेश सभा नियमावली, २०७९ को नियम १५९ मा सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको प्रतिवेदनमा छलफल गरी कार्यान्वयन गराउने उल्लेख छ। प्रदेश प्रमुख समक्ष यस अघि पेस भएका ६ वर्षको लेखापरीक्षण प्रतिवेदन उपर सार्वजनिक लेखा समितिमा छलफल सम्पन्न भई प्रदेश सभाबाट प्रतिवेदन स्वीकृत भएको छ। सार्वजनिक लेखा समितिले दिएका अन्य निर्देशन तथा सुझाव कार्यान्वयन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कानुन निर्माण, नीति तथा कार्यक्रम कार्यान्वयन, समितिको निर्देशन कार्यान्वयन अवस्थाको अनुगमन लगायतका विषयमा सुझाव दिइएकोमा अपेक्षित सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरूजु रकमको विवरण –** सरकारी कार्यालयतर्फ १ निकायमा यो वर्ष रु.७३ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्धगराए पछि उक्त बेरुजु फस्यौंट भएको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार कार्यालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेश मन्त्रीपरिषद्, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसम्बन्धी,
- प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन,
- प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,
- प्रदेश मन्त्रीपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,
- मानव अधिकारको संरक्षण र प्रवर्धन,
- सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार तथा प्रादेशिक कानुनको कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्याङ्कन,
- सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन र प्रदेशमा कार्यरत विकास साझेदारहरूको समन्वय तथा अनुगमन,
- राष्ट्रिय समन्वय परिषद् र सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध,
- प्रदेश स्तरका आयोग तथा निकायहरूको गठन एवं सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवं सेवा, सुविधासम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन,
- प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन,
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालनसम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन र अभिलेख व्यवस्थापन,
- प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण,
- प्रदेश प्रशिक्षण प्रतिष्ठान सञ्चालन, प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण,
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन,
- प्रादेशिक नीति अनुसन्धान र नीति प्रयोगशाला सञ्चालन सम्बन्धी।

१. **लेखापरीक्षण अङ्क -** कार्यालय र मातहतका २ निकायको निम्नानुसार रु.३९ करोड ४१ लाख ३९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन निकासा	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३३००१८	१५६	१५७१	६२३९४	३९४१३९

समिति र अन्य संस्थातर्फ यो वर्ष कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको रु.१३ करोड ५६ लाख ९३ हजारको लेखापरीक्षण सम्पन्न भएकोमा उक्त रकम माथीको लेखापरीक्षण अङ्कमा समावेश भएको छ।

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
चालुतर्फ	**५७३८२३**	**५७५५९६**	**१९९१४३**	**३४.६०**
२११०० पारिश्रमिक सुविधा	७७८११	७८६११	५७५९४	७३.२६
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२२१	२२१	१६२	७३.३०
२२१०० सेवा महसुल	६१७७	६१७७	३६७८	५९.५४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१७५८२	१९१२७	१७४२४	९१.१०
२२३०० कार्यालय सामान तथा सेवाहरू	८८७१	१११२१	१०५८६	९५.१९
२२४०० सेवा तथा परामर्श खर्च	११२१७	११२१७	१०२०६	९०.९९
२२५०० कार्यक्रमसम्बन्धी खर्चहरू	१७९५४३	१७४२९३	७८८८४	४५.२६
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१३७६१	१७३७६	१६२३३	९३.४२
२२७०० विविध खर्च	४६००	४१७०	३३९८	८१.४९
२८१०० सम्पत्तिसम्बन्धी खर्च	४०४०	३२८३	९७८	२९.७९
२८९०० भैपरी आउने चालु खर्च	२५००००	२५००००	०	०.००
पुँजीगततर्फ	**१३००४८२**	**१४०१४७४**	**१३०८७५**	**९.३४**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१३००४८२	१४०१४७४	१३०८७५	९.३४
कुल जम्मा	**१८७४३०५**	**१९७७०७०**	**३३००१८**	**१६.६९**

उल्लिखित विवरण अनुसार चालुतर्फ ३४.६० प्रतिशत, पुँजीगततर्फ ९.३४ प्रतिशत र समग्रमा १६.६९ प्रतिशत खर्च भएको देखिन्छ।

३. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको यस वर्षको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएकामध्ये विद्युतीय बस सेवा सञ्चालन, चार्जिङ सव-स्टेसन स्थापना, डिजिटल कर्णालीको गुरुयोजना तयारी, लघु वित्त संस्था स्थापना, आयोजना सूचना व्यवस्थापन प्रणाली र प्रदेश अनुगमन प्रणालीलाई सञ्चालन गरिनेलगायतका नीति तथा कार्यक्रम कार्यान्वयन भएको छैन। वार्षिक नीति तथा कार्यक्रममा कार्यान्वयन योग्य कार्यक्रम समावेश उल्लेख गरिनुपर्दछ।

४. **बजेट कार्यान्वयन** - प्रदेश सरकारको बजेट वक्तव्य २०८०।८१ मा उल्लेख भएअनुसार प्रदेश र स्थानीय तहबाट निर्माण भई कार्यान्वयनमा रहेका कानुनहरूलाई एकीकृत विद्युतीय पोर्टलमा अभिलेखीकरण गर्ने, विपद् संवेदनशील क्षेत्रमा विपद् सूचना प्रणाली जडान गर्ने, प्रदेश सरकारको कार्य सम्पादन प्रणालीलाई नतिजामुखी बनाउन सूचकमा आधारित कार्य सम्पादन सम्झौता गर्ने, ठुला आयोजनाका लागि कर्णाली लगानी सम्मेलन गर्नेलगायतका कार्यक्रम कार्यान्वयन भएको पाइएन। भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति लिई शासकीय स्वच्छता कायम गर्ने, सार्वजनिक सेवा प्रवाहलाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाउन कर्णाली समृद्धि परियोजनामा रु.१ अर्ब ५० करोड विनियोजन भएकोमा प्रगति भएको पाइएन। वार्षिक बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **दरबन्दी र पदपूर्ति** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको सामान्य प्रशासन तथा जनशक्ति व्यवस्थापनसम्बन्धी जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई

तोकिएको छ। प्रदेश सरकारबाट प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालयसमेत १२ निकाय मातहत १४० कार्यालयमा २ हजार ९२९ दरबन्दी स्वीकृत भएको छ। स्वीकृत दरबन्दीमध्ये २ हजार ४३५ पदपूर्ति भई ४९४ पद रिक्त रहेको छ।

६. **व्यवस्थापन परीक्षण –** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा प्रदेशअन्तर्गतका निकायहरूको व्यवस्थापन परीक्षण गर्ने जिम्मा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई तोकिएकोमा व्यवस्थापन परीक्षणसम्बन्धी कार्य भएको देखिएन। नियमावलीको व्यवस्थाअनुसार उक्त कार्य पूरा गर्नुपर्दछ।

७. **तालिम कार्यक्रम** - प्रदेश सरकारले कर्मचारीको क्षमता विकास तालिम, गोष्ठी, सेमिनारलगायत कार्यक्रम गर्दा प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम गर्नुपर्दछ। यस वर्ष प्रदेश सरकारले कर्मचारी तालिममा रु.४ करोड ३४ लाख १८ हजार खर्च गरेको छ। सामाजिक विकास मन्त्रालय अन्तर्गतका स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालय, मानव संसाधन केन्द्र, वन, कृषि, पशु तालिम केन्द्र र कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानले फरक फरक मापदण्ड कायम गरी खर्च गरेका छन्। कार्यक्षेत्र तथा विशेषज्ञताका आधारमा तालिम कार्यक्रमको मापदण्ड बनाई एकीकृत तालिम केन्द्र स्थापना गर्न प्रदेश प्रशिक्षण प्रतिष्ठान गठन भए पनि तालिम केन्द्रहरूलाई एकीकृत गर्ने कार्य भएको छैन। तालिमको आवश्यकता पहिचानदेखि सीप परीक्षणसमेतका लागि एकद्वार प्रणाली अवलम्बन तथा एकीकृत खर्च मापदण्ड प्रयोग गरी तालिम सञ्चालन गर्नुपर्दछ।

८. **सेवा प्रवाह** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने कार्य यस कार्यालयको कार्यक्षेत्रअन्तर्गत रेहको छ। वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर देखिएको, सार्वजनिक सेवाको न्यूनतम मापदण्ड निर्धारण गरी सेवा प्रवाहलाई नियमित तथा व्यवस्थित नगरेको, नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टि मापन तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य नभएकोले प्रदेश सरकारको क्षमता सुधार गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्ने बेहोरा विगतको लेखापरीक्षण प्रतिवेदनमा औँल्याएकोमा स्थिति यथावत् छ।

९. **अनुगमन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश सरकारको नीति कार्यान्वयन एवं प्रदेश मन्त्रालयहरूको कार्यको अनुगमन र मूल्याङ्कन गर्ने कार्य यस कार्यालयको कार्यक्षेत्रअन्तर्गत रहेको छ। यो वर्ष अनुगमन मूल्याङ्कनका लागि रु.१६ लाख २५ हजार बजेट व्यवस्था भएकोमा रु.१३ लाख १४ हजार खर्च गरेको छ। कार्यालयले सञ्चालित आयोजनाहरूको अनुगमन गरेकोमा आयोजनाको अवस्था खुल्ने गरी प्रतिवेदन तयार गरेको छैन। प्रादेशिक लक्ष्य, गन्तव्य र सूचकको प्रभावकारी कार्यान्वयनको लागि प्रादेशिक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित बनाउनुपर्दछ।

१०. **सल्लाहकार सुविधा** - प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७५ को दफा १३ मा मुख्यमन्त्री र मन्त्रीको काममा सहयोग गर्न विज्ञ नियुक्ति तथा सङ्ख्या र सुविधा प्रदेश सरकारले तोकेबमोजिम हुने व्यवस्था छ। कार्यालयले यो वर्ष प्रशासनिक सल्लाहकार, समन्वय विज्ञ र प्रेस सल्लाहकारलाई रु.१४ लाख २८ हजार खर्च गरेको छ।

११. **मुख्यमन्त्री रोजगार कार्यक्रम** - मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ बमोजिम प्रदेशअन्तर्गतका ७९ पालिकाका १८ हजार २९२ जनालाई ८ लाख ४२ हजार २९६ कार्य दिन (औषत ४६ दिन) रोजगारी सिर्जना भएको मुख्मन्त्री रोजगार सूचना प्रणालीबाट देखिएको छ। कार्यक्रमका लागि यो वर्ष स्थानीय तहतर्फ रु.१ अर्ब २ करोड ४५ लाख ७५ हजार खर्चमध्ये श्रममा रु.६४ करोड ५७ लाख ४६ हजार र निर्माण सामग्रीमा रु.३७ करोड ९४ लाख १४ हजार खर्च गरेको छ। स्थानीय तहका सूचीकृत बेरोजगारलाई न्यूनतम रोजगारी एवं सामुदायिक पूर्वाधारको विकासमार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउन सङ्घीय सरकारलेसमेत प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेको छ। प्रदेशअन्तर्गतका बेरोजगारको तथ्याङ्क यकिन नगरी विभिन्न निकायबाट एकै प्रकृतिका कार्यक्रम निरन्तर सञ्चालन हुँदै आएको छ। यस कार्यक्रमबाट प्राप्त उपलब्धि र दीर्घकालीन व्ययभार विचार गरी कार्यक्रम सञ्चालन ढाँचा तथा क्रियाकलापमा पुनरावलोकन हुनुपर्दछ।

१२. **हाम्रा कुरा हाम्रा मुख्यमन्त्री -** प्रदेश सरकारको गुनासोहरूलाई तत्काल व्यवस्थापन गरी सेवा प्रवाह तथा विकास निर्माणका सम्बन्धमा जनताको गुनासो तथा सुझावका लागि हाम्रा कुरा हाम्रा मुख्यमन्त्री कार्यक्रम सञ्चालनमा रहेको छ। निःशुल्क हटलाइन, वेब पोर्टल, इमेल, मोबाइल एप्लिकेसन जस्ता माध्यमबाट यो वर्ष प्राप्त ३८० गुनासो र गत वर्षको फर्स्यौंट हुन बाँकी १५६ समेत ५३६ गुनासोमध्ये १६५ फर्स्यौंट भएको, ३७१ अनुसन्धानको प्रक्रियामा रहेको हेलो सिएम डेस्क प्रणालीमा उल्लेख छ। प्राप्त गुनासाहरूको समयमै फर्स्यौंट गरी गुनासो व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ।

१३. **प्रदेश समन्वय परिषद् -** प्रदेश समन्वय परिषद् बैठक (सञ्चलान तथा व्यवस्थापन) कार्यविधि, २०७७ को बुँदा नं.३ मा परिषद्को बैठक वर्षको कम्तीमा २ पटक बस्ने व्यवस्था भएकोमा यो वर्ष २०८१।३।२२ मा १ पटक बैठक बसेको छ। हालसम्म भएका बैठकका निर्णयमा समावेश विषयहरू प्रदेश तथा स्थानीय तहका योजना छनोट, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन कार्यमा सामाञ्जस्यता गरी योजना छनोटमा सुधार गर्ने, प्रदेशले प्रदेश परियोजना बैङ्क र स्थानीय तहले स्थानीय परियोजना बैङ्कमा समावेश भएका योजना छनोट गर्ने, एकीकृत कानुनी पोर्टल तयार गरी लागु गर्ने, गरिवी निवारणका लागि वार्षिक न्यूनतम दश हजार रोजगारी सिर्जना गर्न कर्णाली समृद्धि अभियान चलाउने, लघु वित्तीय संस्था स्थापना गर्नेलगायतमा निर्णय भएको देखिन्छ। परिषद्का निर्णयहरू कार्यान्वयन भएको सुनिश्चितता गर्नुपर्दछ।

१४. **सञ्चित बिदाको रकम –** नेपालको संविधानको धारा ५७(६) मा प्रदेश सभाले कानुन बनाउँदा सङ्घीय कानुनसँग नबाझिने गरी बनाउनुपर्ने व्यवस्था भएकोमा कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४८ (३) मा निजामती कर्मचारीको न्यूनतम सञ्चित गर्न मिल्ने घर बिदाभन्दा बढी अवधि बिदा बचत भएमा प्रत्येक वर्षको अन्त्यमा सोबापत निज कार्यरत पदको सुरु तलब स्केल बराबरको रकम पाउने व्यवस्था गरेको छ। सोही ऐनको दफा १३५ मा ऐनमा भएको व्यवस्था सङ्घीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म सङ्घीय कानुनबमोजिम हुने उल्लेख छ। निजामती सेवासम्बन्धी सङ्घीय कानुनमा सञ्चित घर बिदाबापतको रकम भुक्तानी गर्ने व्यवस्था छैन। प्रदेश निजामती सेवा ऐनले सङ्घीय ऐन विपरीत हुने गरी कानुन निर्माण गरी यो वर्ष ५६ कार्यालयका कर्मचारीलाई सञ्चित घर बिदाबापत रु.१ करोड १० लाख ८३ हजार भुक्तानी गरेको छ। सङ्घीय कानुनसँग एकरूपता हुने गरी कानुन निर्माण गरिनुपर्दछ।

प्रादेशिक कार्यक्रम कार्यान्वयन एकाइ

स्थानीय तहको असल र सफल अभ्यासहरूलाई विस्तार गरी प्रदेश तथा सङ्घीय तहमा स्तरोन्नति गर्ने र असफलताका पाठहरू बारे अन्य निकायलाई सूचीत गर्नुका साथै स्थानीय तहको स्वामित्व बढाउन प्रोत्साहित गरी नवप्रवर्तनलाई स्थानीय, प्रदेश तथा सङ्घीय एवं निजी क्षेत्रबिच सहकार्य र लागत साझेदारी प्रवर्धन गर्ने उद्देश्यले २०७६।७।१५ मा यस एकाइको स्थापना भएको हो।

१५. **जनशक्ति व्यवस्था -** कर्मचारीको दरबन्दी पदपूर्तिका लागि सङ्गठन संरचना हुनुपर्नेमा यस एकाइमा कर्मचारीको सङ्गठन संरचना रहेको पाइएन। एकाइमा कानुनी शासन, अनुगमन तथा मूल्याङ्कन, सूचना प्रविधि, वित्त व्यवस्थापन कोषलगायतका विज्ञ जनशक्तिको अस्थायी दरबन्दीमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट काज खटाइएको पाइयो। सङ्गठन संरचना र दरबन्दी स्वीकृत गरेर मात्र कार्यालय स्थापना गर्नुपर्दछ।

१६. **कार्य प्रगति** - प्रदेश आर्थिक कायविधि नियमावली, २०७५ को नियम २६ मा भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ। कार्यान्वयन एकाइको यो वर्ष विनियोजित रु.४ करोड ४ लाख बजेटमध्ये रु.१ करोड ४३ लाख ७३ हजार (३५.५७ प्रतिशत) खर्च भएको देखियो। स्वीकृत कार्यक्रममध्ये अन्तर सरकार सहकार्य, समन्वय, साझेदारी, जलवायु परिवर्तन, सुशासन, विपद् व्यवस्थापन, वीरेन्द्रनगर र पञ्चपुरी उपत्यकाको स्थानगत योजना निर्माण, लैंगिक हिंसा व्यवस्थापन प्रणालीको सुदृढीकरणमा सहयोग, प्रादेशिक कानुनका बारेमा स्थानीय तहका पदाधिकारीहरूलाई अभिमुखीकरण, स्थानीय सरकारका नमुना कानुन मस्यौदा निर्माण तथा पुनरावलोकन, मुख्यमन्त्री रोजगार कार्यक्रमको सूचना व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने कार्यक्रम सञ्चालन भएको देखिएन।

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० अनुसार यस प्रतिष्ठानको स्थापना भएको हो। कर्मचारी तथा जनप्रतिनिधिका लागि तालिमको आवश्यकता पहिचानदेखि तालिमका ढाँचा तयारी, सिफारिस, कार्यान्वयन, अनुगमन, अनुसन्धान र प्रगतिको अभिलेखीकरण गर्नु प्रतिष्ठानको प्रमुख उद्देश्य रहेको छ।

१७. **जनशक्ति व्यवस्था -** कर्णाली प्रदेशको शासन व्यवस्थालाई जवाफदेही, जनमुखी र जिम्मेवार बनाउन कर्मचारी संयन्त्र एवं जनप्रतिनिधिसमेतलाई शासन व्यवस्थाबारे दीक्षित गरी सुशासन कायम गर्ने उद्देश्यले स्थापित प्रतिष्ठानको दरबन्दी स्वीकृत नभई मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका कर्मचारीलाई थप जिम्मेवारी दिई कार्यसञ्चालन गर्दै आएको छ। कार्य प्रकृतिअनुसार सङ्गठन संरचना निर्माण गरी कर्मचारीको व्यवस्थापन गर्नुपर्दछ।

१८. **तालिम सञ्चालन** - कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० को दफा ८(च) मा प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण कार्यक्रमको मापदण्ड स्वीकृत गर्ने व्यवस्था भएकोमा प्रतिष्ठानले यस वर्षसम्म मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छैन। यो वर्ष तालिम कार्यक्रममा रु.९ करोड ८६ लाख ६३ हजार बजेटमध्ये रु.५ करोड ७४ लाख ७५ हजार खर्च गरेको छ। प्रतिष्ठानले जनशक्ति व्यवस्थान, तालिममा सहभागीको पहिचान पूर्व तयारी, स्रोत व्यवस्थापन जस्ता विषय समावेश गरी वार्षिक कार्यतालिका बनाएको छैन। तालिम सञ्चालनका लागि विषय विज्ञताका आधारमा योग्यता निर्धारण गरी

विज्ञ प्रशिक्षकको सूची तयार गरेको छैन। तालिम सञ्चालनका लागि वार्षिक कार्य तालिका निर्माण एवं प्रशिक्षकको सूची व्यवस्थित गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्य जिम्मेवारी, सङ्गठन र कर्मचारी व्यवस्थापन, सेवा प्रवाह, नीति तथा कार्यक्रम कार्यान्वयन, मानव संसाधन कार्य योजना, रकमान्तरलगायतका विषयमा सुझाव दिइएकोमा अपेक्षित सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ।
- **बेरूजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायनुसार छः
  - सरकारी कार्यालयतर्फ १ निकायमा यो वर्ष रु.१८ लाख ९४ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ लाख २२ हजार फर्स्यौंट गरेकोले रु.१६ लाख ७२ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।
  - समिति तथा अन्य संस्थासमेत १ निकायमा रु.५ लाख ५९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन सम्बन्धमा प्रतिक्रिया प्राप्त भएको छैन। यसम्बन्धी विवरण **अनुसूची-१०** मा छ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेश शान्ति सुरक्षा र सुव्यवस्थासम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घसँगको समन्वय र सहकार्य,
- सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय,
- प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय,
- प्रदेश सभामा पेस हुने विधेयक तर्जुमा र प्रमाणीकरण,
- सामुदायिक प्रहरी, सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,
- प्रदेश भित्रका गैरसरकारी सङ्घ, संस्थाहरूको अभिलेख, समन्वय, अनुगमन तथा मूल्याङ्कन र नियमन,
- सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्तिसम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान,
- विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालनसम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण,
- प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन,
- साइबर सुरक्षा अनुगमन,
- श्रमजीवि सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालयको निम्नानुसार रु.४९ करोड २८ लाख ४७ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. हजारमा)

विनियोजन निकासा	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२५९६७८	११२९	६६९८	२२५३४२	४९२८४७

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई विभिन्न स्थानीय तह, जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट खर्च भएको रु.१५ करोड ६० लाख ६० हजार र धरौटी एवं अन्य कारोबारतर्फ जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयहरूको रु.५ करोड ६८ लाख ५५ हजारसमेत रु.२१ करोड २९ लाख १५ हजार समावेश छ।

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
चालुतर्फ	**२७२५२१**	**२९९२२१**	**२१०८७४**	**७०.४७**
२११०० पारिश्रमिक सुविधा	२७५११	२७५११	१३२०४	४८.००
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	७५१	७५१	९६	१२.७८
२२१०० सेवा महसुल	१४०५	१४०५	६७७	४८.१९
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	४०६६	४०६६	३६९५	९०.८८
२२३०० कार्यालय सामान तथा सेवाहरू	२१२०	२१२०	१६४९	७७.७८
२२४०० सेवा तथा परामर्श खर्च	४७४६	५२४६	४७५१	९०.५६
२२५०० कार्यक्रमसम्बन्धी खर्चहरू	१०८४७२	७३०००	२९७५५	४०.७६
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	२२००	२२००	९७७	४४.४१
२२७०० विविध खर्च	१२००	१२००	१०३२	८६.००
२५३०० अन्य सहायता	०	२००	२००	१००.००
२६४०० सामाजिक सेवा अनुदान	५५००	७०००	२०००	२८.५७
२७२०० सामाजिक सहायता	११३८००	१७३७७२	१५२५५६	८७.७९
२८१०० सम्पत्तिसम्बन्धी खर्च	७५०	७५०	२८२	३७.६०
पुँजीगततर्फ	**७१५००**	**९०६२९**	**४८८०४**	**५३.८५**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	७१५००	९०६२९	४८८०४	५३.८५
कुल जम्मा	**३४४०२१**	**३८९८५०**	**२५९६७८**	**६६.६१**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७०.४७ प्रतिशत, पुँजीगततर्फ ५३.८५ प्रतिशत र समग्रमा ६६.६१ प्रतिशत खर्च भएको देखिन्छ।

३. **आवधिक योजना -** प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१) ले मन्त्रालयको कार्य क्षेत्रभित्र पर्ने प्रदेश प्रहरी परिचालन तथा व्यवस्थापनसम्बन्धी कानुन निर्माण गरी सञ्चालन गर्ने, शान्ति सुरक्षासम्बन्धी सूचना सङ्कलन, विश्लेषण र सम्प्रेषण तथा सङ्गठित आर्थिक अपराधसम्बन्धी सूचना सङ्कलन, विश्लेषण र सम्प्रेषणका लागि प्रदेश अनुसन्धान ब्युरो गठन गर्ने, आधुनिक प्रदेश प्रहरी तालिम केन्द्र स्थापना गरी सञ्चालन गर्ने, जीवन आत्मरक्षा, समुदायको सुरक्षा र सामाजिक अपराध नियन्त्रण गर्नको लागि प्रत्येक १८ देखि २० वर्षका युवा युवतीलाई जीवन तथा समुदाय सुरक्षा तालिम प्रदान गर्ने जस्ता लक्ष्यहरू निर्धारण गरेकोमा आवधिक योजनाको अन्तिम वर्षसम्म लक्ष्य हासिल भएको देखिएन। बजेट व्यवस्थापन गरी आवधिक योजनाका विषयहरू कार्यान्वयन गर्नुपर्दछ।

४. **बजेट कार्यान्वयन -** प्रदेशको २०८०।८१ को बजेट वक्तव्यमा प्रदेशमा शान्ति, सुरक्षा र सुव्यवस्थालाई प्रभावकारी बनाउन आवश्यक नीति, कानुन तथा मापदण्डको तर्जुमा तथा समयानुकूल परिमार्जन गर्ने, प्रदेश प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन र नियमन गरी प्रहरी सेवालाई सुदृढ सञ्चालन सक्षम र व्यवसायिक बनाउन कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गर्ने, विपद्बाट हुन सक्ने सम्भावित जोखिम हस्तान्तरण गर्न सरकारी बिमा कम्पनीमार्फत कर्णाली प्रदेशभित्रका घरहरूको बिमा गर्ने, प्रदेश तथा स्थानीय तहसँग सम्बन्धित सूचना प्रविधि एप्स तथा सफ्टवेयर निर्माण

गर्नुपूर्व मन्त्रालयको पूर्व सहमति लिनुपर्ने व्यवस्था उल्लेख भएकोमा उल्लिखित कार्यक्रम कार्यान्वयन भएको देखिएन। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

५. **कानुन निर्माण -** प्रदेश सरकार (कार्य बिभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश सभामा पेस हुने बिधेयक तर्जुमा र प्रमाणीकरणसम्बन्धी कार्यक्षेत्र यस मन्त्रालयको रहेको छ। प्रदेश सभामा २०८१।३।३१ सम्म ९२ विधेयक दर्ता भई ५७ विधेयक प्रमाणीकरण भएका छन्। यो वर्ष दर्ता भएका ८ विधेयक मध्ये ४ प्रमाणीकरण भएको र ४ निर्णय हुन बाँकी छन्।

६. **विपद् व्यवस्थापन कोष —** प्रदेश सरकारको बजेट वक्तव्य २०८०।८१ मा कर्णाली प्रदेशभित्र हुन सक्ने विपद्को पूर्वतयारी खोज तथा उद्धार राहत वितरण, पुनर्स्थापना र पुननिर्माण कार्यलाई समन्वयात्मक रूपमा अगाडि बढाउन विपद् व्यवस्थापन कोषको व्यवस्था गरेकोमा उक्त विपद् व्यवस्थापन कोषमा यो वर्ष विभिन्न सरकारी तथा गैरसरकारी संस्थालगायत अन्य व्यक्ति तथा निकायबाट रु.१२ करोड ४१ लाख १४ हजार प्राप्त भएको छ।

७. **सहिद स्मृति तथा जीवन निर्वाह भत्ता —** प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ ले दिएको अधिकार प्रयोग गरी घाइते अपाङ्ग भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८० को बुँदा नं. १२ र सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८० को बुँदा नं. १३ मा भत्ता वितरण कार्यको प्रभावकारिता सम्बन्धमा आवश्यकताअनुसार मन्त्रालय वा स्थानीय तहले अनुगमन गर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले प्रदेशका ७२ स्थानीय तहका २ हजार २८५ बेपत्ता तथा सहिद परिवारलाई सहिद स्मृति भत्ता र घाइते अपाङ्गता भएका १ हजार ६९५ व्यक्तिलाई जीवन निर्वाह विशेष भत्तासमेत रु.९ करोड ५५ लाख २० हजार स्थानीय तहलाई अख्तियारी दिएकोमा अनुगमन भएको देखिएन। मन्त्रालयले उक्त रकम लक्षितलाई वितरण भएको सुनिश्चित गर्नुपर्दछ।

८. **विपद् राहत -** विपद् पीडित उद्धार तथा राहत वितरणसम्बन्धी कार्यविधि, २०७९ को बुँदा नं. १८ मा विपद् पीडितलाई राहत वितरण प्रयोजनका लागि जिल्ला प्रशासन कार्यालयलाई निकासा गरी वितरण गरेको रकमको विवरण अनुसूची-३ को ढाँचामा मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष जिल्ला प्रशासन कार्यालय, सुर्खेतलाई रु.५० लाख, दैलेखलाई रु.४० लाख ५० हजार, जाजरकोटलाई रु.७० लाख, जुम्लालाई रु.५० लाख, हुम्लालाई रु.५१ लाख ५० हजार, कालीकोटलाई रु.५० लाख, मुगुलाई रु.५३ लाख र डोल्पालाई रु.३० लाख समेत रु.३ करोड ९५ लाख पठाएकोमा सोबमोजिमको विवरण पेस गरेको छैन। रकम वितरण गरेको विवरण मन्त्रालयमा पेस गर्नुपर्दछ।

९. **दुर्घटना बिमा -** विपद् जोखिम विरुद्ध सामूहिक दुर्घटना बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम प्राकृतिक विपद्का कारण प्रदेशमा स्थायी बसोबास भएका र अन्य प्रदेशमा स्थायी बसोबास भई कर्णाली प्रदेश भित्रका सरकारी तथा गैरसरकारी क्षेत्रको सेवामा कार्यरत नेपाली नागरिकको मृत्यु भएमा प्रति व्यक्ति रु.२ लाख प्राप्त हुने गरी बिमाको व्यवस्था गरेको छ। मन्त्रालयले १७ लाख ७० हजार कर्णालीबासीको प्रतिव्यक्ति ९ रुपैयाँ ३३ पैसाका दरले यो वर्ष रु.१ करोड ६५ लाख बिमा शुल्क खर्च लेखेको छ। यो वर्ष जाजरकोट भूकम्पमा परी मृत्यु भएका १५१ जनालाई प्रतिव्यक्ति रु.२ लाखको दरले रु.३ करोड २ लाख र अन्य विपद्मा परी मृत्यु भएका २० जनालाई प्रति व्यक्ति रु.२ लाखका दरले रु.४० लाख रकम राष्ट्रिय बिमा कम्पनीले भुक्तानी दिएको विवरण पेस भएको छ। प्राकृतिक जोखिम विरुद्ध सामूहिक दुर्घटना बिमा कार्यक्रम अन्तर्गत विगत वर्ष देखि नै मन्त्रालयले

कर्णालीबासीको बिमा शुल्क भुक्तानी गर्दै आएकोमा राष्ट्रिय जनगणना, २०७८ अनुसार कर्णाली प्रदेशको कूल जनसङ्ख्या १६ लाख ८८ हजार ४१२ रहेकोमा बसाईसराई, वैदेशिक रोजगारी लगायतका कारण जनसङ्ख्यामा आएको कमी जस्ता विषयको समेत विश्लेषण हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा विनियोजन दक्षता प्रभावकारी नभएको, वार्षिक कार्यक्रमअनुसार प्रगति हासिल नभएको, बिमा कार्यक्रमबाट प्राप्त उपलब्धि र खर्चको प्रभावकारिता मूल्याङ्कन नभएको, विपद् राहत रकम वितरणको अद्यावधिक अभिलेख नराखेको, निर्माण कार्य समयमा सम्पन्न नगरेको लगायतका बेहोरा औल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरूजु रकमको विवरण -** सरकारी कार्यालयतर्फ १ निकायमा यो वर्ष रु.४ करोड १० लाख ९६ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन सम्बन्धमा प्रतिक्रिया प्राप्त भएको छैन। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,
- प्रदेश राजस्वसम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेश सार्वजनिक खर्चसम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
- प्रदेश आर्थिक कार्यविधिसम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन,
- प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
- प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवं व्यवस्थापन,
- प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण,
- बिमा र बिमा व्यावसायको सञ्चालन, व्यवस्थापन, प्रवर्धन तथा विस्तार र नियमन,
- प्रदेश स्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,
- आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतका ११ कार्यालयको निम्नानुसार रु.७ अर्ब ८९ करोड ५५ लाख १५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन निकासा	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१३३९२३	७७१०८३७	२०४१७	३०३३८	७८९५५१५

उल्लिखित लेखापरीक्षण रकममा स्थानीय तह वित्तीय हस्तान्तरणतर्फको रु.३ अर्ब ८१ करोड ६३ लाख ३५ हजार समावेश छैन भने यस मन्त्रालयमा विनियोजन भई १० जिल्ला समन्वय समितिको कार्यालयबाट खर्च भएको रु. ५५ लाख १९ हजार र १ मालपोत कार्यालयबाट भएको खर्च रु. ६ लाखसमेत रु. ६१ लाख १९ हजार समावेश छ।

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
चालुतर्फ	**१७३२९०**	**१७४३५७**	**१२२६९९**	**७०.३७**
२११०० पारिश्रमिक सुविधा	६८०८५	६६८४३	४२५०२	६३.५८

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३९५	३९५	२१७	५४.९४
२२१०० सेवा महसुल	५९८३	६०४६	४६९८	७७.७०
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१३४८८	१६१५८	१४७७४	९१.४३
२२३०० कार्यालय सामान तथा सेवाहरू	१४३९५	१५२९५	१४६०८	९५.५१
२२४०० सेवा तथा परामर्श खर्च	१६९६८	१७४२४	१५१६३	८७.०२
२२५०० कार्यक्रमसम्बन्धी खर्चहरू	२८७००	२६०६०	७४४१	२८.५५
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१४९००	१४९६०	१२६७८	८४.७५
२२७०० विविध खर्च	५१२०	५९२०	५७७१	९७.४८
२८१०० सम्पत्तिसम्बन्धी खर्च	५२५६	५२५६	४८४७	९२.२२
पुँजीगततर्फ	**१९४५०**	**१९४५०**	**११२२४**	**५७.७१**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१९४५०	१९४५०	११२२४	५७.७१
कुल जम्मा	**१९२७४०**	**१९३८०७**	**१३३९२३**	**६९.१०**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७०.३७ प्रतिशत, पुँजीगततर्फ ५७.७१ प्रतिशत र समग्रमा ६९.१० प्रतिशत खर्च भएको देखिन्छ।

३. **आवधिक योजना -** प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा सार्वजनिक वित्त अन्तर्गत ६ लक्ष्य निर्धारण गरेकोमा योजनाको अन्तिम वर्षसम्म भएको उपलब्धि देहायअनुसार छः

क्र.सं.	अपेक्षित उपलब्धि	हालसम्मको उपलब्धि
४.२.१	बजेट विनियोजनका मापदण्ड तथा आधारहरूलाई वैज्ञानिक बनाउने।	बजेट विनियोजनको लागि मापदण्ड तयार भएको, रकमान्तर तथा कार्यक्रम संशोधनलाई आर्थिक वर्षको असोज मसान्तसम्म र असार महिनामा रकमान्तर नगर्नेगरी विनियोजन ऐनमा व्यवस्था र बजेटमा चालु खर्चको हिस्सा घटाउँदै लगेको।
	वित्तीय प्रणाली प्रभावकारी बनाउँदै जोखिमहरूको न्यूनीकरण गर्ने।	आयोजना बैङ्क तयार गरी बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन वार्षिक कार्ययोजना तयार गरेको।
	अन्तरसरकारी वित्तको कुशल व्यवस्थापन तथा परिचालन गर्ने।	समपूरक, विशेष अनुदान कार्यविधि तयार गरी विधुतिय प्रणालीमार्फत छनोट गर्ने गरेको।
४.२.२	राजस्वलाई प्रदेश समृद्धिको आधार बनाइने।	आधार वर्षमा राजस्व असुली रु.७ करोड ३ लाख ९८ हजार रहेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.७२ करोड ५४ लाख ६ हजार पुगेको।
४.३	सार्वजनिक, नीजि, सहकारी साझेदारीका लागी कानुनी संरचनाको निर्माण र लगानीको अनुकूल वातावरण सिर्जना गर्ने।	सहकारीसम्बन्धी ऐन निर्माण र सहकारी रजिष्ट्रारको कार्यालय स्थापना भए पनि सार्वजनिक, निजी र सहकारी साझेदारीसम्बन्धी कुनै कार्य नभएको।
४.४	बैदेशिक लगानीका लागि कानुन तर्जुमा, आर्थिक क्षेत्र तथा निर्यात प्रवर्धन केन्द्रको स्थापना र प्रदेश महत्त्वका आयोजनामा वैदेशिक लगानी भएको हुनेछ।	वैदेशिक लगानीका सम्बन्धमा पहल नभएको।

हालसम्मको उपलब्धिको आधारमा समीक्षा गरेर योजनाको लक्ष्य हासिल गर्नुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको यस वर्षको वार्षिक नीति तथा कार्यक्रममा समावेश यस मन्त्रालयसँग सम्बन्धित कार्यक्रमहरूको कार्यान्वयनको स्थिति देहायअनुसार छः

बुँदा नं.	नीति तथा कार्यक्रम	कार्यान्वयन अवस्था
९३	कार्यक्रमहरू दोहोरो नपर्ने गरी कार्यान्वयन गर्ने, प्रदेश गौरवका, बहुवर्षीय, क्रमागत र प्राथमिकता प्राप्त आयोजनामा रकम विनियोजन गर्ने आन्तरिक आय वृद्धिका लागि राजस्वका दर तथा दायराको पहिचान, परिचालन, प्रविधिको प्रयोग, अन्तर सरकार समन्वय र सहकार्यमा जोड दिइने, घरजग्गा रजिष्ट्रेसन दस्तुर परिमार्जन गरी वास्तविक कारोबारमा आधारित हुने गरी शुल्क तथा दस्तुर लिने र घरजग्गा रजिष्ट्रेसन शुल्कलाई भूमिसुधारसँग आबद्ध गर्ने।	विनियोजन कुशलतामा प्रभावकारीता ल्याउन अबण्डा बजेटलाई न्यूनीकरण गर्दै लगेको र सालबसाली रूपमा आर्थिक ऐनद्वारा घरजग्गा रजिष्ट्रेसन दस्तुरमा परिमार्जन गरेको।
९४	वित्तीय सुशासन जोखिम लेखाजोखा गर्ने र ४० लाख रुपैयाँ भन्दा साना आयोजना स्थानीय तहमार्फत कार्यान्वयन गर्ने।	वित्तीय सुशासन जोखिम प्रतिवेदन तयार गरेको र ४० लाख रुपैयाँ भन्दा साना आयोजनामा समेत प्रदेश सरकारबाट बजेट विनियोजन भएको।
९५	आयोजना बैङ्क स्थापना गर्ने।	आयोजना बैङ्क सञ्चालनमा रहेको।
९६	प्रदेश योजना आयोगको संरचनागत सुधार गरी लगानी प्रवर्धन गर्नेसंस्थाको रूपमा विकास गरिने र प्रदेश सरकारको लगानीमा निर्माण हुने विस्तृत परियोजना प्रतिवेदनको गुणस्तर सुनिश्चितताको लागि संयन्त्र स्थापना गर्ने।	संयन्त्र निर्माण नभएको।
९७	निजी क्षेत्रको लगानीलाई आकर्षित गर्न लगानी सम्मेलन गर्ने।	लगानी सम्मेलन नभएको।
९८	स्थानीय तहलाई उपलब्ध गराइने सबै प्रकारका अनुदानलाई कार्यसम्पादनसँग आबद्ध गर्न कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ परिमार्जन गर्ने।	ऐन परिमार्जन नभएको।

वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरू लक्ष्यअनुरूप कार्यान्वयन हुनुपर्दछ।

५. **बजेट कार्यान्वयन** - प्रदेश सरकारको २०८०।८१ को बजेट वक्तव्यमा वित्तीय अनुशासन र बजेट कार्यान्वयनअन्तर्गत पर्याप्त स्रोतको उपलब्धता बिना बहुवर्षीय ठेक्काको स्रोत सहमति नदिने, प्रदेश गौरवका आयोजना बाहेक अन्यका हकमा स्रोत सहमतिको अवधि बढीमा तीन वर्षको रहने र स्रोत सहमति प्रदान गरेको मितिले ६ महिनाभित्र ठेक्का सम्झौता नभएमा स्वतः रद्द हुने, एकमुष्ट रकम विनियोजन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने, असोज महिनासम्म र असार महिनामा रकमान्तर तथा कार्यक्रम संशोधन नगर्ने उल्लेख गरेकोमा सालबसाली आयोजनाहरूको बहुवर्षीय स्रोत सुनिश्चतता प्रदान गर्ने, आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तता र त्यसबाट हुने प्रतिफल विचार नगरी बहुवर्षीय आयोजनाको स्वीकृति हुने कार्यमा नियन्त्रण तथा असार महिनामा रकमान्तर गर्ने कार्यमा सुधार भएको छैन। बजेट वक्तव्यमा उल्लेख गरेका कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

६. **आय व्यय** - प्रदेश सरकारको बजेट वक्तव्य २०८०।८१ मा रु.३३ अर्ब ३७ करोड ९७ लाख ७ हजार आय-व्यय अनुमान रहेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पेस भएको एकीकृत वित्तीय

विवरण अनुसार प्रदेशअन्तर्गत सङ्घीय सरकारको अनुदान रु.१० अर्ब ९९ करोड ५० लाख ७५ हजार, राजस्व बाँडफाँट र प्रदेश राजस्व रु.८ अर्ब २४ करोड ७० लाख ८५ हजार, सोझै भुक्तानी रु.१ करोड ४७ लाख २७ हजार र गत वर्षको बचत रु.६ अर्ब ९५ करोड २० लाख ९४ हजारसमेत रु.२६ अर्ब २० करोड ८९ लाख ८१ हजार आय भएकोमा रु.१९ अर्ब ८६ करोड ८२ लाख ८ हजार खर्च गरी रु.६ अर्ब ३४ करोड ७ लाख ७३ हजार बचत भएको छ। बचत रकम मध्ये सङ्घीय सशर्त अनुदान रु.३ करोड ११ लाख १४ हजार र विषेश अनुदान रु.४१ हजार समेत रु.३ करोड ११ लाख ५५ हजार सङ्घीय सञ्चित कोष फिर्ता गरी रु.६ अर्ब ३० करोड ९६ लाख १८ हजार मौज्दात रहेको छ। प्रदेश सरकारको कुल आयमा सङ्घीय अनुदान ४१.९५ प्रतिशत रहेको छ। आन्तरिक स्रोत अभिवृद्धि गरेर सङ्घीय स्रोत प्रतिको निर्भरता घटाउनुपर्दछ।

७. **योजना स्वीकृत -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातवरणीय तथा प्रशासकीय उपयुक्तताका आधारमा प्राप्त हुने प्रतिफल समेतको विचार गरी आयोजना स्वीकृत हुनुपर्ने व्यवस्था छ। यो वर्ष रु.१० लाखसम्मको १ हजार २८७ योजना, रु.२० लाख सम्मका १ हजार ५०३ योजना, रु.५० लाखसम्मका ८०१ योजना, रु.१ करोडसम्मका १०४ योजना र रु.१ करोडभन्दा माथिका १६३ योजनासमेत ३ हजार ८५८ योजनामा रु.१६ अर्ब ५८ करोड ८८ लाख ३७ हजार बजेट विनियोजन गरी कार्यान्वयन गरेको छ। मन्त्रालयबाट प्राप्त कार्यक्रम विवरणअनुसार ७२.३१ प्रतिशत योजना रु.२० लाखभन्दा कमका रहेका छन् भने रु.१ करोड माथिका १६३ योजनाका लागि रु.१० अर्ब २ करोड ६६ लाख ३७ हजार बजेट विनियोजन गरेको छ। प्रदेशको लागि रूपान्तरणकारी योजना पहिचान गरी कार्यान्वयन गर्नुपर्ने र स-साना योजनाहरूमा खर्च गर्दा स्थानीय तह र प्रदेश सरकारको कार्य क्षेत्र स्पष्ट गरी योजना तथा कार्यक्रम स्वीकृत गर्नुपर्दछ।

८. **रकमान्तर -** प्रदेश सरकारको २०८०।८१ को बजेट वक्तव्यको बुँदा नं. २२९ मा रकमान्तर सम्बन्धी प्रवृत्तिमा सुधार ल्याउने र असार महिनामा रकमान्तर नगरिने उल्लेख छ। यो वर्ष प्रदेश सरकारको रु.३३ अर्ब ३७ करोड ९७ लाख ७ हजार बजेट स्वीकृत भएकोमा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमअन्तर्गत छात्रवृत्ति करारमा कार्यरत चिकित्सक तथा कर्मचारीको तलब भत्ताबापत रु.३ करोड ६१ लाख ५३ हजार सङ्घीय सरकारबाट थप भएको देखिन्छ। स्वीकृत बजेटमध्ये विभिन्न १२ निकायको रु.३ अर्ब ८ करोड ३६ लाख ६९ हजार रकमान्तर गरेको छ। सोमध्ये असार महिनामा मात्र रु.३४ करोड ४८ लाख ९७ हजार रकमान्तर भएकोले बजेट वक्तव्यको पालना भएको छैन। वर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

९. **अर्थ विविध -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २०(३) मा आवधिक योजनाको लक्ष्य, नीति र प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयको मार्गदर्शन र आर्थिक स्रोतसमेतलाई ध्यान दिई बजेट तथा कार्यक्रम स्वीकृत गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले अर्थ विविध शीर्षकमा चालुतर्फ रु.१ अर्ब २५ करोड र पुँजीगततर्फ रु.५० करोडसमेत रु.१ अर्ब ७५ करोड एकमुष्ठ बजेट विनियोजन गरेकोमा सामाजिक विकास मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयलगायत ११ निकायलाई चालु शीर्षकमा रु.१६ करोड ३८ लाख ३३ हजार र पुँजीगत शीर्षकमा रु.१३ करोड ७८ लाख ३ हजारसमेत रु.३० करोड १६ लाख ३६ हजार रकमान्तर गरेको

छ। अर्थ विविध शीर्षकमा एकमुष्ट बजेट राखी पूर्वानुमान गर्न सकिने कार्यक्रमको लागि रकमान्तर गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ।

१०. **वहुवर्षीय आयोजना स्वीकृति -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा प्रतिफलसमेतको विचार गरी प्रदेश सरकारबाट आयोजना स्वीकृत हुनुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष रु.७८ करोड ६२ लाख २० हजार लागतका ६ योजनाका लागि बहुवर्षीय आयोजना स्वीकृति दिएकोमा उक्त आयोजनाका लागि २०८०।८१ मा रु.२३ करोड २ लाख २५ हजार बजेट विनियोजन गरेको छ। त्यसै गरी रु.१ अर्ब १८ करोड ८७ लाख ३५ हजार लागतका २६ योजनाका लागि स्रोत सुनिश्चिता दिएकोमा २०८०।८१ का लागि रु.३१ करोड ५० लाख बजेट विनियोजन गरेको छ। प्रदेशअन्तर्गत २०७६।७७ देखि २०७९।८० सम्म १२७ आयोजनाका लागि बहुवर्षीय स्वीकृति दिएकोमा एक खानेपानी आयोजना बाहेक अन्य आयोजना सम्पन्न भएको छैन। बहुवर्षीय स्वीकृति दिएका आयोजनाहरूको समयमै खरिद प्रक्रिया टुङ्गो लगाई आयोजना सम्पन्न गरिनुपर्दछ। प्रदेशको वार्षिक आन्तरिक आम्दानी रु.८ अर्ब २४ करोड ७० लाख ८५ हजार (राजस्व बाँडफाँटसमेत) रहेको छ। पछिल्ला वर्षको कार्यक्रममा पर्ने असर र आय क्षमतालाई समेत विचार गरी स्रोत सुनिश्चितता र बहुवर्षीय स्वीकृति दिनुपर्दछ।

११. **स्थानीय तह अनुदान -** प्रदेश सरकारले ७९ स्थानीय तहलाई यो वर्ष रु.४ अर्ब ८० करोड ४ लाख ४० हजार अनुदान हस्तान्तरण गर्ने लक्ष्य रहेकोमा देहायअनुसार रु.३ अर्ब ८१ करोड ६३ लाख ३५ हजार (७९.५० प्रतिशत) अनुदान हस्तान्तरण गरेको छः

अनुदान शीर्षक	बार्षिक बजेट (रु.हजारमा)	हस्तान्तरण (रु.हजारमा)	प्रतिशत
समानीकरण अनुदान	८०००००	७८९२७९	२०.६८
सशर्त अनुदान	२८८२४४०	२४५५९६३	६४.३६
विशेष अनुदान	२७५५००	२१४६४७	५.६२
समपूरक अनुदान	८४२५००	३५६४४५	९.३४
जम्मा	**४८००४४०**	**३८१६३३५**	**१००

तालिकाअनुसार प्रदेश सरकारबाट स्थानीय तहलाई उपलब्ध गराएको अनुदानमध्ये सशर्त अनुदान ६४.३५ प्रतिशत रहेको छ। प्रदेश सरकारले सशर्त अनुदान उपलब्ध गराउँदा आयोजना/कार्यक्रमको क्षेत्रगत सर्त र लक्ष्य तथा अपेक्षित उपलब्धि किटान गरी सशर्त अनुदान उपलब्ध गराउने र स्थानीय सरकार आफैंले आयोजना छनोट र कार्यान्वयन गर्ने गरी समानीकरण अनुदान वृद्धि गर्नुपर्दछ।

१२. **राजस्व प्रक्षेपण र प्राप्ति -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६ ले प्रदेशको आय-व्ययको अनुमान गर्दा लिनुपर्ने आधार खुलाएको छ। प्रदेश विनियोजन ऐन, २०८० अनुसार यो वर्ष आन्तरिक स्रोतबाट रु.८३ करोड ६२ लाख १२ हजार राजस्व सङ्कलन हुने अनुमान गरेकोमा रु.७२ करोड ५४ लाख ६ हजार (८६.७५ प्रतिशत) सङ्कलन भएको छ। राजस्व बाँडफाँटमार्फत सङ्घबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको योगदान रु.७ अर्ब ४९ करोड ५८ लाख ७१ हजार र रोयल्टीको योगदान रु.२ करोड ५८ लाख ८ हजार रहेको छ।

शीर्षक	अनुमान (रु.हजारमा)	असुली (रु.हजारमा)	असुली प्रतिशत
शिक्षा क्षेत्रको आम्दानी	६२५	३९७	६३.५४
परीक्षा शुल्क	४९३२९	३१८९३	६४.६५
यातायात क्षेत्रको आम्दानी	१२३२०	१००५०	८१.५८
अन्य प्रशासनिक सेवा शुल्क	२५५२०	२३११९	९०.५९
व्यवसाय रजिष्ट्रेसन दस्तुर	३०१४०	१०७८५	३५.७८
रेडियो/ एफ.एम.सञ्चालन दस्तुर	२१००	७४८	३५.६०
टेलिभिजन सञ्चालन दस्तुर	०.००	३१०	-
चालक अनुमति पत्र, सवारी दर्ता किताब दस्तुर	५०१४८	६६२३२	१३२.०७
व्यवसायले भुक्तानी गर्ने	३१०८	९९३	३१.९५
वन क्षेत्रको अन्य आय	३०८००	२७१८७	८८.२७
पर्यटन शुल्क	०.००	४०४	-
धरौटी सदरस्याहा	१३२०	११	०.८४
अन्य सेवा शुल्क तथा बिक्री	०.००	८	-
न्यायिक दण्ड, जरिबाना र जफत	९१	२९	३१.९८
प्रशासनिक दण्ड,जरिबाना र जफत	२४६८०	४३९४७	१७८.०७
अन्य राजस्व	६६०	६७०	१०१.५८
सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय	०.००	११८०	-
सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त आय	७७०	२४५९	३१९.३८
अन्य बिक्रीबाट प्राप्त रकम	२७००	२११८	७८.४५
कृषि उत्पादनको बिक्रीबाट प्राप्त आय	१८२१	१५१३	८३.१२
अन्य स्रोतबाट प्राप्त बाँडफाँट नहुने रोयल्टी	०.००	३१७	-
वस्तुको उपयोग तथा उपयोगको अनुमतिमा लाग्ने कर	०.००	२३९	-
मनोरञ्जन कर	०.००	१४	-
घरजग्गा रजिष्ट्रेसन दस्तुर	१४७८४०	१२८५६९	८६.९७
दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त आय	२९०८१	२२४०८	७७.०५
बाँडफाँटबाट प्राप्त हुने सवारीसाधन कर	२४६६०७	१४११०९	५७.२२
बेरूजू	९४५१८	३८७५०	४१.००
निकासा फिर्ता	२६७२२	४१३४५	१५४.७२
अनुदान फिर्ता	५५३१२	१२८५९६	२३२.४९
जम्मा	**८३६२१२**	**७२५४०६**	**८६.७५**
बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर	६६०९७१४	५६३४०२५	८५.२४
बाँडफाँट भई प्राप्त हुने अन्तःशुल्क	२१९७७२२	१८६१८४६	८४.७२
जम्मा	**८८०७४३६**	**७४९५८७१**	**८५.११**
वन रोयल्टी	२८६००	२४२२०	८४.६८
खानी तथा खनिजसम्बन्धी रोयल्टी	१२४२	५६७	४५.६५
विद्युतसम्बन्धी रोयल्टी	२४९२	५१७	२०.७५
पर्वतारोहनबापतको रोयल्टी	५३०	५०४	९५.०९
जम्मा	**३२८६४**	**२५८०८**	**७८.५३**
कुल जम्मा	**९६७६५१२**	**८२४७०८५**	**८५.२३**

आयको प्रक्षेपणभन्दा न्यून असुली भएकोमा समीक्षा गरी सुधार हुनुपर्दछ।

१३. **अन्तर सरकारी अख्तियारी** – प्रदेश विनियोजन ऐन, २०८० को दफा ५ मा प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै योजना तथा कार्यक्रम प्रदेशले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय

र अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्न सक्ने व्यवस्था छ। यस वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत १० जिल्ला समन्वय समितिलाई रु.५५ लाख १९ हजार र १ मालपोत कार्यालयलाई रु.६ लाख, आन्तरिक मामिला तथा कानुन मन्त्रालयमार्फत ८ प्रहरी कार्यालयलाई रु.२ करोड ८० लाख र २ जिल्ला प्रशासन कार्यालयलाई रु.५२ लाख ६९ हजार समेत रु.३ करोड ९३ लाख ८८ हजार निकासा दिएको छ। जिल्ला समन्वय समिति र मालपोत कार्यालयलाई रकम निकासा दिँदा तालुक मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको देखिएन।

प्रदेश लेखा नियन्त्रक कार्यालय

१४. **प्रदेश सञ्चित कोष** - प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणअनुसार २०८०।८१ को प्रदेशको सञ्चित कोषको अवस्था निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं.	प्राप्ति	गत वर्ष (२०७९।८०)	यस वर्ष (२०८०।८१)
१	**राजस्व तथा अनुदान**	**२०६०७२८६**	**१९२११००५**
१.१	कर राजस्व	६७४१४६०	७७६६७९६
१.२	अन्य राजस्व	१९२०९२	२७१५९७
१.३	बेरूजु निकासा फिर्ता र अनुदान फिर्ता	१५६८३४	२०८६९२
१.४	समानीकरण अनुदान	९३८५६००	७५३२६१४
१.५	समपूरक अनुदान	३२५९६६	४८३१८१
१.६	सशर्त अनुदान	३४०२२४१	२६५४९४५
१.७	विशेष अनुदान	४०३०९३	२९३१८०
२	**वित्तीय व्यवस्था**	**०**	**०**
३	**सोझै भुक्तानी**	**९००२**	**१४७२७**
	जम्मा प्राप्ति	**२०६१६२८८**	**१९२२५७३२**
	भुक्तानी		
१	**चालु वर्षको भुक्तानी**	**२२२६६८७६**	**१९८६८२०८**
१.१	सञ्चित कोषमाथि व्ययभार हुने रकममा खर्च	८९३६	९५२८
१.२	विनियोजन ऐनद्वारा भएको खर्च (चालु) सोझै भुक्तानी समेत	९४८१३९२	९१६५५९४
१.३	विनियोजन ऐनद्वारा भएको खर्च (पुँजीगत)	१२७७६५४८	१०६९३०८६
२	**वित्तीय व्यवस्था भुक्तानी**	**०**	**०**
	जम्मा भुक्तानी	**२२२६६८७६**	**१९८६८२०८**
	यस वर्षको बचत	**(१६५०५८८)**	**(६४२४७६)**
	गत वर्षको मौज्दात	**८६०२६८२**	**६९५२०९४**
	यस वर्षको खुद मौज्दात	**६९५२०९४**	**६३०९६१८**

उल्लिखित वित्तीय विवरणअनुसार २०८०।८१ को अन्तिम मौज्दात रु.६ अर्ब ३० करोड ९६ लाख १८ हजार रहेकोमा नेपाल राष्ट्र बैङ्कमा प्रदेश सञ्चित कोषको मौज्दात रु.६ अर्ब ४८ करोड २९ लाख ६३ हजार रहेको देखिन्छ। स्रेस्ताभन्दा बैङ्कमा बढी देखिएको रु.१७ करोड ३३ लाख ४५ हजारको हिसाब मिलान हुनुपर्दछ।

१५. **विनियोजन खर्च** - प्रदेश सरकारको कुल बजेट रु.३३ अर्ब ३७ करोड ९७ लाख ७ हजार रहेकोमा रु.१९ अर्ब, ८६ करोड ८२ लाख ८ हजार (५९.५२ प्रतिशत) खर्च गरेको छ। खर्च मध्ये चालुतर्फ सञ्चित कोषमा व्ययभार पर्ने रकम रु.९५ लाख २८ हजार समेत रु.९ अर्ब १७ करोड ५१ लाख २२ हजार र पुँजीगत खर्च रु.१० अर्ब ६९ करोड ३० लाख ८६ हजार खर्च गरेको छ। कुल खर्चको तुलनामा चालुतर्फ ४६.१८ र पुँजीगततर्फ ५३.८२ प्रतिशत खर्च भएको छ।

१६. **स्रोतगत खर्च** - एकीकृत वित्तीय विवरण अनुसार प्रदेश सरकारको रु.८ अर्ब ८५ करोड २५ लाख ९३ हजार र नेपाल सरकारबाट प्राप्त अनुदान रु.११ अर्ब १ करोड ५६ लाख १५ हजारसमेत रु.१९ अर्ब ८६ करोड ८२ लाख ८ हजार खर्च रहेको छ। सङ्घीय सरकार समानीकरण अनुदानतर्फ रु.७ अर्ब ५३ करोड २६ लाख १४ हजार, सशर्त अनुदानतर्फ रु.२ अर्ब ६५ करोड ४९ लाख ४५ हजार, समपूरक अनुदानतर्फ रु.४८ करोड ३१ लाख ८१ हजार, विशेष अनुदानतर्फ रु.२९ करोड ३१ लाख ८० हजार, सोझै भुक्तानीतर्फ रु.१ करोड ४७ लाख २७ हजार र गत वर्षको मौज्दातबाट रु.३ करोड ६९ लाख ६८ हजार खर्च भएको छ। कुल खर्चमध्ये सङ्घीय अनुदानको अंश ५५.४४ प्रतिशत छ।

१७. **सङ्घीय राजस्व बाँडफाँट** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सङ्घीय सरकारबाट मूल्य अभिवृद्धि कर रु.६ अर्ब ६० करोड ९७ लाख १४ हजार प्राप्त हुने अनुमान गरेकोमा रु.५ अर्ब ६३ करोड ४० लाख २५ हजार (८५.२४ प्रतिशत) र अन्तःशुल्क रु.२ अर्ब १९ करोड ७७ लाख २२ हजार प्राप्त हुने अनुमान गरेकोमा रु.१ अर्ब ८६ करोड १८ लाख ४६ हजार (८४.७२) समेत रु.७ अर्ब ४९ करोड ५८ लाख ७१ हजार (८५.११ प्रतिशत) प्राप्त भएको छ।

१८. **घरजग्गा रजिष्ट्रेसन दस्तुर** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा घरजग्गा रजिष्ट्रेसन दस्तुर बापत प्राप्त हुने राजस्व सम्बन्धित स्थानीय तहले सङ्कलन गरी प्रदेश सरकार र स्थानीय तहबिच बाँडफाँट हुने व्यवस्था छ। यस वर्ष प्रदेशअन्तर्गतका मालपोत कार्यालयहरूबाट संकलित रजिष्ट्रेसन दस्तुर रु.१४ करोड ७८ लाख ४० हजार प्रदेश सञ्चित कोषमा प्राप्त हुने अनुमान गरिएकोमा रु.१२ करोड ८५ लाख ६९ हजार (८६.९७ प्रतिशत) प्राप्त भएको छ।

१९. **स्थानीय तह राजस्व बाँडफाँट** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम विज्ञापन कर, मनोरञ्जन कर, पर्यटन शुल्क र दहत्तर बहत्तरबापत प्राप्त हुने राजस्व स्थानीय तहले सङ्कलन गरी प्रदेश सरकार र स्थानीय तहबिच बाँडफाँट हुने व्यवस्था रहेको छ। मनोरञ्जन कर र विज्ञापन करको वार्षिक लक्ष्य निर्धारण नगरिएको र दहत्तर बहत्तर बिक्रीबाट रु.२ करोड ९० लाख ८१ हजार प्राप्त हुने लक्ष्य लिएकोमा रु.२ करोड २४ लाख ७ हजार प्राप्त भएको छ। लक्ष्य निर्धारण नभएको मनोरञ्जन करबापत यो वर्ष रु.१४ हजार प्राप्त भएको छ।

२०. **धरौटी** - प्रदेशको एकीकृत धरौटी विवरणअनुसार गत वर्षको जिम्मेवारी रु.९९ करोड ५२ लाख ८७ हजारमा यो वर्ष रु.४० करोड ६८ लाख ३१ हजार आय प्राप्त भई रु.२७ करोड २ लाख ३८ हजार सदरस्याहा र फिर्ता खर्च भई रु.१ अर्ब १३ करोड १८ लाख ८० हजार मौज्दात रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१३** मा छ।

२१. **कार्य सञ्चालन कोष** - कार्य सञ्चालन कोषतर्फ गत वर्षसम्म रु.१९ करोड २३ लाख ३ हजार मौज्दात रहेकोमा यो वर्ष रु.३४ करोड ४३ लाख १८ हजार प्राप्ति र रु.२७ करोड ७४ लाख ४१ हजार खर्च

भई रु.२५ करोड ९१ लाख ८० हजार मौज्दात रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१४** मा छ।

२२. **भुक्तानी दिन बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनमा आर्थिक वर्षको विनियोजित बजेटभन्दा बढी खर्च गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था भए पनि कर्णाली प्रदेशका मन्त्रालय तथा केन्द्रीय निकाय र मातहतका कार्यालयहरूले यो वर्ष चालुतर्फ ४ मन्त्रालयले रु.१ करोड २२ लाख ५९ हजार तथा पुँजीगततर्फ १ मन्त्रालय तथा निकायले रु.६३ लाख ८९ हजार समेत रु.१ करोड ८६ लाख ४८ हजार आगामी आर्थिक वर्षको लागि दायित्व सिर्जना गरेका छन्। आगामी वर्षको बजेटलाई असर पर्ने गरी दायित्व सिर्जना गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

२३. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशअन्तर्गतका कार्यालयहरूको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। यो वर्ष १० जिल्लाको आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने रु.५२ लाख २५ हजार, अनियमित रु.१ करोड १८ लाख ८ हजार र म्याद नाघेको पेस्की रु.२ करोड ५६ लाख ६९ हजारसमेत रु.४ करोड २७ लाख २ हजार लगती बेरुजु कायम भएको देखिन्छ।

२४. **तलबी प्रतिवेदन** - प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४४(२) बमोजिम निजामती कर्मचारीहरूको तलवी प्रतिवेदन पारित गराई तलब भुक्तानी गर्ने व्यवस्था छ। प्रदेश अन्तर्गत ५७ कार्यालयमा कार्यरत कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगरी रु.६९ करोड ५८ लाख ७४ हजार तलब खर्च लेखेको छ। कानुनबमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजनासँग समन्वय हुने गरी नीति तथा कार्यक्रम तर्जुमा नगरेको, वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने गरेको, तथ्यपरक ढङ्गले राजस्वको प्रक्षेपण गरी सङ्कलन एवं परिचालन नगरेको, अर्थ/विविधमा अवण्डा बजेट राखी रकमान्तर गर्ने गरेको, स्रोत प्राप्तिको आधार बेगर बहुवर्षीय आयोजनाहरूलाई स्रोत सुनिश्चितता दिने गरेको लगायतका बेहोरा औँल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरूजु रकमको विवरण** - सरकारी कार्यालयतर्फ ३ निकायमा यो वर्ष रु.१ करोड ३२ लाख ५ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५५ हजार फर्स्यौट गरेकोले रु.१ करोड ३१ लाख ५० हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी कार्यहरू गर्दछ।

- व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धासम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण,
- खानी तथा खनीज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन,
- उद्योग दर्ता, अनुमति, नवीकरण एवं खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन र नियमन,
- प्रदेशस्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,
- प्रदेशभित्रका उद्योगहरू र साना, मझौला, घरेलु तथा लघु उद्योगहरू स्थापना र प्रवर्धन सम्बन्धमा नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- रोजगार प्रवर्धनसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियनसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्धन र नियमन,
- प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,
- जडिबुटी खेती प्रविधि प्रवर्धन, विस्तार तथा बजारीकरणसम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरमा वातावरणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- वन्यजन्तु र चराचुरुङ्गीसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत २६ सरकारी कार्यालयको निम्नानुसार रु.१ अर्ब ६७ करोड ५३ लाख ६७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ:

(रु.हजारमा)

विनियोजन निकासा	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१४१६८६३	११०९१८	११०८३१	३६७५५	१६७५३६७

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु. हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा /खर्च	खर्च प्रतिशत
चालुतर्फ	**९४६३२९**	**९९७९०९**	**७०८८७७**	**७१.०४**
२११०० पारिश्रमिक सुविधा	५५९६९२	५५९४७१	३९८९५९	७१.३१
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३८५२	३८५४	१७५७	४५.५९
२२१०० सेवा महसुल	१२१६७	१२१६७	८९६०	७३.६४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	२६५६८	२७११८	२५७४५	९४.९४
२२३०० कार्यालय सामान तथा सेवाहरू	१६३५८	१६८०८	१६४८१	९८.०५
२२४०० सेवा तथा परामर्श खर्च	६६७५०	६६११९	५४१७०	८१.९३
२२५०० कार्यक्रमसम्बन्धी खर्चहरू	१८७३७४	२३७१२४	१६३२८९	६८.८६
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१५५३७	१५३८७	१४८३५	९६.४१
२२७०० विविध खर्च	५४९४	५४९४	५३७३	९७.८०
२५३०० अन्य सहायता	३९५००	३९५००	५८५९	१४.८३
२६४०० सामाजिक सेवा अनुदान	१९८०	१९८०	१९५३	९८.६४
२७३०० कर्मचारी सामाजिक लाभ	०	१८३०	१८३०	१००.००
२८१०० सम्पत्तिसम्बन्धी खर्च	११०५७	११०५७	९६६६	८७.४२
पुँजीगततर्फ	**११९४९४४**	**११९४९४४**	**७०७९८६**	**५९.२५**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	**११९४९४४**	११९४९४४	७०७९८६	५९.२५
कुल जम्मा	**२१४१२७३**	**२१९२८५३**	**१४१६८६३**	**६४.६१**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७१.०४ प्रतिशत, पुँजीगततर्फ ५९.२५ प्रतिशत र समग्रमा ६४.६१ प्रतिशत खर्च भएको देखिन्छ।

३. **आवधिक योजना** - प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१) ले योजना अवधिको अन्त्यसम्म वनस्पती उद्यान तथा जिओपार्कहरूको अध्ययन, निर्माण र व्यवस्थापन गर्ने, दिगो तथा वैज्ञानिक वनको व्यवस्थापनमार्फत वन पैदावारको सहज आपूर्ति गर्ने, जडीबुटी अनुसन्धान प्रयोगशाला निर्माण गर्ने, खानी तथा खनिज पदार्थसम्बन्धी संस्थागत व्यवस्था गर्ने, बहुमूल्य पत्थरको सङ्कलन, प्रशोधन र बजारीकरण गर्ने, पेट्रोलियम पदार्थ उत्खनन् तथा प्रशोधन गर्ने, मध्यपश्चिम विश्वविद्यालयमा पर्यटन विषयको अध्यापन कार्य सुरु गरी पर्यटन विषय अध्ययनको लागि छात्रवृत्ति प्रदान गर्नेलगायतका कार्यमा अपेक्षित उपलब्धि हासिल गर्ने उल्लेख भएकोमा लक्ष्य पूरा भएको देखिएन। आवधिक योजनाको लक्ष्यलाई वार्षिक नीति तथा कार्यक्रम र बजेटसँग आबद्ध गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको आर्थिक वर्ष २०८०।८१ को बार्षिक नीति तथा कार्यक्रममा सुर्खेत विमानस्थलको स्तरोन्नतिको लागि सङ्घ सरकारसँग समन्वय गर्ने, प्रदेशमा हवाई सेवालाई नियमित, सुरक्षित, भरपर्दो र सुलभ बनाउन आवश्यक सहयोग र समन्वय गर्ने, खस राज्यको प्रवर्तक नागराजको प्रतिमा स्थापना गरी खस राजधानी सिंजालाई विशेष पर्यटकीय स्थलको रूपमा दरबार क्षेत्रको विकास गर्ने, दुल्लु र जाजरकोट दरबारको विकास र संरक्षण गर्ने, जडीबुटी प्रशोधन उद्योगलाई

प्रोत्साहन गर्न स्थानीय तहको लगानीमा स्थापित जडीबुटी प्रशोधन उद्योगमा प्रदेश सरकारबाट लगानी गर्ने कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। मन्त्रालयले कार्यान्वयन गर्न सकिने नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट कार्यान्वयन** - प्रदेश सरकारको २०८०।८१ को बजेट वक्तव्यमा उल्लिखित स्थानीय कच्चा पर्दाथमा आधारित र नव प्रवर्तनकारी उद्यमीलाई प्रवर्धन गर्न ग्रिन बिजनेस स्टार्टअप फण्डको व्यवस्था गर्ने, सुर्खेत विमानस्थलबाट कर्णाली प्रदेशका हवाई उडान हुने जिल्लामा हवाई सेवालाई नियमित, सुलभ र सहज बनाउन हवाई उडान सङ्ख्याको आधारमा हवाई सेवा प्रदायकलाई सहुलियत प्रदान गर्ने, कर्णाली प्रदेशलाई प्रकृतिमैत्री आकर्षक पर्यटन गन्तव्य स्थलको रूपमा विकास गर्न दैलेखको पञ्चकोशी, हुम्लाको लिमि उपत्यका, सल्यानको मालिका क्षेत्रको वातावरणीय अध्ययनसहितको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने, कर्णाली प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य राराको मुर्मा गाउँलाई प्रकृतिमैत्री पर्यटकीय होमस्टे विकासलगायत पूर्वाधार निर्माण गर्ने कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। मन्त्रालयले बजेटमा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

६. **वन क्षेत्र** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशभित्रको वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन गर्ने जिम्मेवारी मन्त्रालयको रहेको छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेशमा सरकारद्वारा व्यवस्थित वन ४ लाख २२ हजार २०१ हेक्टर, सामुदायिक वन ४ लाख २४ हजार २५ हेक्टर, कबुलियत वन ८ हजार २२७ हेक्टर, धार्मिक वन ८९ हेक्टर, निजी वन १०५ हेक्टर र संरक्षित वन १७६ हेक्टरसमेत ८ लाख ५४ हजार ८२३ हेक्टर वन क्षेत्र रहेको देखिन्छ। सोमध्ये डढेलोका कारण ६१८ हेक्टर वन क्षेत्र नष्ट भएको र १४८ हेक्टर वन क्षेत्र अतिक्रमण भएको छ। यो वर्ष ५३ हेक्टर वनक्षेत्र अतिक्रमणबाट हटाएको छ। वन क्षेत्रको अतिक्रमण एवं अन्य जोखिम नियन्त्रण गरी वनको संरक्षण गर्नुपर्दछ।

७. **वन पैदावार बिक्री** - प्रदेश वन ऐन, २०७८ को दफा ११ मा वन पैदावार सङ्कलन तथा बिक्री वितरणको व्यवस्था छ। मन्त्रालयबाट प्राप्त प्रगति विवरणअनुसार यो वर्ष जडीबुटीजन्य वन पैदावारबाट रु.२ करोड ७६ लाख ४६ हजार, काष्ठजन्य वन पैदावारबाट रु.२ करोड १८ लाख ६० हजार र अन्य वन पैदावारबाट रु.३ करोड ७६ लाख २४ हजारसमेत रु.८ करोड ७१ लाख ३० हजार राजस्व आम्दानी भएको छ। मन्त्रालयले वन पैदावार सङ्कलन र बिक्री वितरणमा प्रभावकारी अनुगमन गरी राजस्व वृद्धिमा ध्यान दिनुपर्दछ।

८. **मुद्दा व्यवस्थापन** - प्रदेश वन ऐन, २०७८ को दफा ७३ अनुसार प्रचलित सङ्घीय वन ऐनबमोजिम कैद सजाय हुने कसुरसम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात प्रदेश सरकारले मुद्दा व्यवस्थापन गर्नुपर्ने देखिन्छ। यो वर्ष २९ वन सम्बन्धी मुद्दा दर्ता भएकोमा १९ मुद्दा फर्स्यौंट भएको छ।

९. **उद्योग दर्ता** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-२ अनुसार मन्त्रालयले प्रदेशभित्र दर्ता भएका उद्योगको विवरण अद्यावधिक र व्यवस्थित गर्ने जिम्मेवारी रहेको छ। प्रदेशमा यो वर्ष दर्ता भएका १ हजार ७६८ उद्योग समेत लघु उद्योग ५ हजार ८८०, घरेलु उद्योग २ हजार, साना उद्योग ३१ हजार ३०६, मझौला उद्योग ४ र ठुला उद्योग २० समेत ४० हजार १५ उद्योग दर्ता रहेका छन्। जिल्लागत रूपमा यो वर्ष सुर्खेतमा ६७६, सल्यानमा १००, दैलेखमा १५६,

जाजरकोटमा १५३, डोल्पामा ९३, रुकुम पश्चिममा १००, हुम्लामा ५३, कालीकोटमा १२२, जुम्लामा २०४ र मुगुमा १११ उद्योग दर्ता भएका छन्।

१०. **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। डिभिजन वन कार्यालय, सुर्खेतले पञ्चवर्षीय वन व्यवस्थापन कार्य योजना तयार गर्न रु.९ लाख ६४ हजार, बाँबियाचौर सुर्खेतले पञ्चवर्षीय वन व्यवस्थापन कार्य योजना तयार गर्न रु.९ लाख ८२ हजार, वन तथा वातावरण निर्देशनालय, सुर्खेतले प्रदेश वन क्षेत्रको रणनीतिक योजना र वन डढेलो रणनीति योजना तयार गर्न रु.१२ लाख ५४ हजार र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सुर्खेतले प्रदेशमा रातो च्याउको विद्यमान अवस्था, उपलब्धता तथा बजारको अवस्थासम्बन्धी अध्ययनलगायत विभिन्न ८ विषयमा अध्ययन तथा अनुसन्धान गर्न रु.७३ लाख ८९ हजारसमेत मन्त्रालय मातहतका ४ कार्यालयले रु.१ करोड ५ लाख ८९ हजारको परामर्श सेवा खरिद गरेका छन्। कार्यालयको जनशक्तिबाट सम्पन्न गर्न नसकिने जटिल प्रकारको र अति विशिष्ट सीप आवश्यक पर्ने कार्यमात्र परामर्शदाताबाट खरिद गर्नुपर्दछ।

डिभिजन वन कार्यालयहरू

११. **वार्षिक प्रतिवेदन -** प्रदेश वन ऐन, २०७८ को दफा २६ बमोजिम सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिएबमोजिम सामुदायिक वनको स्थिति खुलाइएको वार्षिक प्रतिवेदन सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, बावियाचौर सुर्खेतमा दर्ता रहेका १७३ सामुदायिक वन उपभोक्ता समूह मध्ये १०३, जाजरकोटमा ३०६ मध्ये ७८, दैलेखमा ३९९ मध्ये १७१, रुकुम पश्चिममा ३८६ मध्ये १७२ सामुदायिक वन उपभोक्ता समूहले वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेस गरेको देखिएन। कानुनमा भएको व्यवस्था कार्यान्वयन गराई वन उपभोक्ता समूहको नियमन गर्नु पर्दछ।

१२. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने विषय खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन्:

१२.१. डिभिजन वन कार्यालय, कालीकोटले पचाल झरना पर्यटकीय योजना निर्माण कार्य ४ वर्षभित्र रु.७ करोड ५५ लाख ८ हजारमा सम्पन्न गर्न २०७९।३।२२ मा एक निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा यस वर्षसम्म रु.५ करोड ६ लाख २२ हजार भुक्तानी भएको छ। निर्माण कार्यको सम्झौता बमोजिम तोकिएको समयको नेपाल राष्ट्र बैङ्कले प्रकाशित गरेको सूचकाङ्कको आधारमा मूल्य समायोजन गणना गरी निर्माण व्यवसायीलाई रु.१७ लाख ७१ हजार भुक्तानी गर्नुपर्नेमा फरक मितिको सूचकाङ्क प्रयोग गरी रु.२३ लाख ७७ हजार भुक्तानी गरेकोले रु.६ लाख ६ हजार मूल्य समायोजन बढी भुक्तानी गरेको छ। बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

१२.२. डिभिजन वन कार्यालय, कालीकोटले त्रिवेणी वडिमालिका पर्यटकीय योजना निर्माण कार्य ३ वर्षभित्र रु.५ करोड ७८ लाख ८६ हजारमा सम्पन्न गर्न २०७९।३।२३ मा एक निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा यो वर्षसम्म रु.३ करोड ८४ लाख ७९ हजार भुक्तानी भएको छ। निर्माण कार्यको सम्झौताबमोजिम तोकिएको समयको नेपाल राष्ट्र बैङ्कले प्रकाशित गरेको सूचकाङ्कको आधारमा मूल्य

समायोजन गणना गरी रु.१२ लाख ७१ हजार भुक्तानी गर्नुपर्नेमा फरक मितिको सूचकाङ्क प्रयोग गरी रु.१६ लाख ८६ हजार भुक्तानी गरेकोले रु.४ लाख १५ हजार मूल्य समायोजन बढी भुक्तानी गरेको छ। बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

१३. **आय असुली -** एक जलविद्युत कम्पनी र वन विभागबिच माथिल्लो कर्णाली जलविद्युत आयोजनाको लागि वन क्षेत्रको जग्गा भोगाधिकार गर्न २०७४।६।३१ मा भएको सम्झौताको बुँदा नं. ४ मा १२१.०६ हेक्टर जग्गा प्रयोग गरेबापत पहिलो २ आर्थिक वर्षसम्म प्रति हेक्टर रु.१५ हजारको दरले र त्यसपछि प्रत्येक वर्ष १० प्रतिशतका दरले वृद्धि हुँदै जाने रकम दैलेख डिभिजन वन कार्यालयमा असार मसान्तमा बुझाउनुपर्ने उल्लेख छ। सम्झौताबमोजिम कम्पनीले २०८०।८१ को प्रति हेक्टर रु.२४ हजार १५८ को दरले हुने रु.२९ लाख २४ हजार बुझाएको देखिएन। सम्झौता बमोजिमको रकम नियमानुसार असुल गर्नुपर्दछ।

१४. **पूर्वाधार निर्माण** - मन्त्रालय मातहतका कार्यालयहरूबाट ठेक्का सम्झौता भई यस वर्षसम्म कार्य सम्पन्न हुन नसकेका तथा न्यून प्रगति भएका पूर्वाधार निर्माण कार्यमा देखिएका बेहोरा निम्नानुसार छन्:

१४.१. डिभिजन वन कार्यालय, मुगुले रारामा साइकल पदमार्ग निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग रु.२ करोड ७९ लाख १२ हजारमा १८० दिनभित्र सम्पन्न गर्न २०७७।३।२८ मा सम्झौता गरेको छ। सम्झौतामा तोकिएको समयमा कार्य सम्पन्न हुन नसकी पटक पटक गरी १ हजार ४१५ दिन अर्थात् २०८१।८।१५ सम्म म्याद थप भएकोमा यो वर्षसम्म रु.१ करोड २० लाख ३१ हजार भुक्तानी भएको छ। निर्माण कार्यको सुरु सम्झौता अवधिमा ७८६.११ प्रतिशत म्याद थप गर्दासमेत वित्तीय खर्च ४३.१० प्रतिशत रहेकोले थप भएको अवधिमा कार्यसम्पन्न हुनुपर्दछ।

१४.२. डिभिजन वन कार्यालय, सुर्खेतले २०७८।१।१२ मा रु.११ करोड ८५ लाख ४२ हजारमा २०७९।७।२० मा सम्पन्न गर्न सम्झौता भएको काक्रेविहार कम्पाउण्ड वाल निर्माण कार्य तोकिएको समयमा सम्पन्न हुन नसकी २०८२ असार मसान्तसम्म म्याद थप भएकोमा यस वर्षसम्म रु.१ करोड ८८ लाख ७१ हजार खर्च भई उक्त कार्य निर्माणाधीन अवस्थामा रहेको छ। तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१४.३. डिभिजन वन कार्यालय, रुकुम पश्चिमले खारा जनयुद्ध संग्रहालय निर्माण कार्य २०८२।३।३ भित्र सम्पन्न गर्ने गरी २०८०।४।१४ मा एक निर्माण व्यवसायीसँग रु.१२ करोड ८९ लाख ८८ हजारमा सम्झौता गरेकोमा यस वर्षसम्म रु.३ करोड १३ लाख ८८ हजार भुक्तानी भएको छ। सम्झौता अवधिको करिब ५० प्रतिशत अवधि समाप्त भइसकेको अवस्थामा सम्झौता रकमको २४.३५ प्रतिशत रकमको कार्य सम्पन्न भएको देखिएकोले प्रगति न्यून रहेको छ। खरिद सम्झौताबमोजिमको कारबाही गरी निर्धारित समयभित्र निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

भू तथा जलाधार व्यवस्थापन कार्यालय

१५. **कार्यक्रमको कार्यान्वयन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३ मा विकास आयोजनाको बजेट तर्जुमा सम्बन्धी व्यवस्था छ। भू-तथा जलाधार व्यवस्थापन कार्यालय, सुर्खेतको लागि एकीकृत जलाधार व्यवस्थापन कार्यक्रमतर्फ १२१ योजनामा रु.१५ करोड ५२ लाख बजेट

विनियोजन भएकोमा ८१ योजनाको रु.८ करोड ७८ लाख खर्च भएको छैन। त्यसैगरी भू तथा जलाधार व्यवस्थापन कार्यालय, जुम्लाको लागि ११२ योजनामा रु.१४ करोड ४७ लाख बजेट विनियोजन भएकोमा ३१ योजनाको बजेट रु.४ करोड २३ लाख खर्च भएको छैन। कार्यान्वयन गर्न सकिने योजनामा बजेट विनियोजन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजनासँग समन्वय हुने गरी नीति तथा कार्यक्रम तर्जुमा नगरेको, वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने गरेको, वन पैदावार सङ्कलन र बिक्री वितरणको अनुगमन नगरेको अध्ययन भएका आयोजनाहरूको कार्यान्वयन नभएको, सामुदायिक वनको आम्दानी खर्च सम्बन्धमा आवश्यक निगरानी नभएको, सामुदयिक वनले बार्षिक प्रतिवेदन पेस नगरेको लगायतका बेहोरा औँल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरूजु रकमको विवरण -** सरकारी कार्यालयतर्फ १७ निकायमा यो वर्ष रु.२ करोड ६७ लाख ५१ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ लाख ३५ हजार फर्स्यौट गरेकोले रु.२ करोड ६६ लाख १६ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको खानेपानी सरसफाइ तथा स्वच्छतासम्बन्धी प्रदेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन र सम्भार,
- खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्धनसम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाई तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता,
- प्रदेशस्तरको ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी र जल उत्पन्न प्रकोप व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, योजना तथा आयोजना निर्माण, सञ्चालन र मर्मत सम्भार,
- प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिँचाइ तथा खानेपानीसम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,
- ऊर्जा, विद्युत, सिँचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धनसम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,
- राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजनाबमोजिम प्रदेश सीमा नदीको जल उपयोगसम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन,
- प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षणसम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,
- प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय,
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,
- मौसम र जलमापन सञ्चार सञ्चाल व्यवस्थापन,
- जलगुण तथा वायुगुणसम्बन्धी प्रयोगशाला व्यवस्थापन।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतसमेत ११ सरकारी कार्यालयको निम्नानुसार रु.२ अर्ब ८१ करोड ३६ लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन निकासा	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२४१२९८५	४५२६	३९४५८२	१५४४	२८१३६३७

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा /खर्च	खर्च प्रतिशत
चालुतर्फ	**२७२५८८**	**२७२५८८**	**१६८४५७**	**६१.८०**
२११०० पारिश्रमिक सुविधा	१९४५९२	१९३८७६	११५५३१	५९.५९
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२८८	२८८	०	०.००
२२१०० सेवा महसुल	४२५२	४२५२	३१५३	७४.१५
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१२७९२	१२७९२	११७५७	९१.९१
२२३०० कार्यालय सामान तथा सेवाहरू	७१३५	७१३५	६३००	८८.३०
२२४०० सेवा तथा परामर्श खर्च	१८०२७	१८७४३	१४७१७	७८.५२
२२५०० कार्यक्रमसम्बन्धी खर्चहरू	२१८७६	२१८७६	५५६९	२५.४६
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	६३९७	६३९७	५४०८	८४.५४
२२७०० विविध खर्च	२५८०	२५८०	१९८५	७६.९४
२८१०० सम्पत्तिसम्बन्धी खर्च	४६४९	४६४९	४०३७	८६.८४
पुँजीगततर्फ	**३२६७१५०**	**३२६७१५०**	**२२४४५२८**	**६८.७०**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	३२६७१५०	३२६७१५०	२२४४५२८	६८.७०
कुल जम्मा	**३५३९७३८**	**३५३९७३८**	**२४१२९८५**	**६८.१७**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६१.८० प्रतिशत, पुँजीगततर्फ ६८.७० प्रतिशत र समग्रमा ६८.१७ प्रतिशत खर्च भएको देखिन्छ।

३. **आवधिक योजना -** प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१) मा मन्त्रालयसँग सम्बन्धित कार्यक्षेत्रमा तोकिएको प्रमुख सूचकको लक्ष्य र प्रगति देहायबमोजिम छः

क्षेत्र	सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०७९।८० सम्मको लक्ष्य	२०७९।८० सम्मको प्रगति
ऊर्जा	विद्युतीय पहुँच प्राप्त परिवार	प्रतिशत	६७.५	९०	७१
	विद्युत उत्पादन	मेगावाट	८.२५	२००	१६
	खाना पकाउन परम्परागत इन्धन प्रयोग गर्ने परिवारको सङ्ख्या	प्रतिशत	९५	८०	८०
	खाना पकाउन स्वच्छ इन्धन तथा प्रविधि प्रयोग गर्ने परिवार	प्रतिशत	५	२०	२३
सिँचाइ	सिँचाइ सुविधा पुगेको कृषि भूमि	प्रतिशत	२५	४०	३१
	वर्षभरि भरपर्दो सिँचाइ सुविधा योग्य भूमि	प्रतिशत	१५.५	३३	२७
खानेपानी	आधारभूत खानेपानीको सुविधा पुगेको परिवार	प्रतिशत	८६.२	९५	८८
	उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको परिवार	प्रतिशत	९.३	२०	१४

विद्युत उत्पादन, विद्युतीय पहुँच प्राप्त परिवार, सिँचाइ सुविधा पुगेको कृषि भूमि र वर्षभरि भरपर्दो सिँचाइ सुविधायोग्य भूमिमा न्यून प्रगति भएको देखिन्छ। कार्यान्वयन पक्षलाई प्रभावकारी बनाई आवधिक योजनाको लक्ष्य हासिल गर्नुपर्दछ।

४. **बजेट कार्यान्वयन -** प्रदेशको २०८०।८१ को बजेटमा मुगुको सोरु गाउँपालिकामा खाद्यान्न तथा पोषण न्यूनता पूर्तिका लागि खानेपानी तथा सिँचाइ आयोजना सञ्चालन गर्न रु.५ करोड २९ लाख बजेट विनियोजन गरेकोमा यो वर्ष बोलपत्रको मूल्याङ्कन मात्र भएको र दैलेख जिल्लाको बारतडी खानेपानी

तथा बहुउद्देश्यीय आयोजना सञ्चालनको लागि रु.३ करोड ५० लाख बजेट विनियोजन भएकोमा आयोजनाको जग्गा प्राप्तिको काम र प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कनको काम सम्पन्न भई रु.१६ लाख ३ हजार खर्च भएको छ। त्यस्तै निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरूको खानेपानीको गुणस्तर परीक्षणको लागि एक स्थानीय तह एक गुणस्तर परीक्षकको व्यवस्था मिलाउने उल्लेख भएकोमा उक्त कार्यक्रम कार्यान्वयन भएको छैन। मन्त्रालयले बजेटमा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

५. **बहुवर्षीय आयोजना** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २०(२) मा प्रदेश सरकारले बहुवर्षीय योजना स्वीकृत गरी बजेट विनियोजन गर्न सक्ने उल्लेख छ। मन्त्रालयको प्रगति विवरणअनुसार मातहतका कार्यालयअन्तर्गत १५ बहुवर्षीय आयोजना सञ्चालनमा रहेकोमा निम्नानुसारका ५ आयोजनाहरूको म्याद थप गर्दासमेत कार्य सम्पन्न भएको छैन।

(रु.हजारमा)

क्र.सं.	आयोजनाको नाम	आयोजना स्वीकृत तथा सम्झौता मिति	सम्झौता रकम	आयोजनाको सुरु सम्झौता अबधि	हाल सम्मको भुक्तानी	भौतिक प्रगति (प्रतिशत)
१	भेरेखोला सिँचाइ, कालीकोट	२०७८।१।९	१५४५३	२०७९।४।९	८५३१	६५
२	घोडेना सिँचाइ, कालीकोट	२०७७।१२।२३	९८७८	२०७८।१२।२४	५४८२	६०
३	ठूलोखोला गैरागाउँ सिँचाइ, दैलेख	२०७७।११।१७	२६२६८	३ वर्ष	९९८९	४५
४	भाव्र खरिगैरा सिँचाइ, दैलेख	२०७७।११।१८	२७१००	३ वर्ष	१७४६३	७०
५	तुम्च सिँचाइ, हुम्ला	२०७९।३।१९	३७२३१	२०८०।९।१९	२८१४०	८०

समयमा कार्य सम्पन्न नहुँदा आयोजनाको अवधि र लागत बढ्नुका साथै प्रतिफल प्राप्तिमा ढिलाइ हुन गएको छ। कार्यान्वयन पक्ष प्रभावकारी बनाई तोकिएको समयमा आयोजना सम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्दछ।

६. **उपलब्धि मूल्याङ्कन -** कर्णाली प्रदेश आर्थिक कायविधि नियमावली, २०७५ को नियम २७ मा नियम २६ बमोजिम चौमासिक प्रगति विवरण प्राप्त भएपछि तालुक निकायले त्यसको भौतिक एवं वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको बजेटको कार्यान्वयनबाट आर्थिक वर्ष २०७६।७७ देखि २०८०।८१ सम्म हासिल भएका मुख्य उपलब्धिको स्थिति देहायबमोजिम रहेको छः

क्र.सं.	क्षेत्र	२०७६।७७ देखि २०७९।८०	२०८०।८१	कुल जम्मा
१	थप खानेपानी उपलब्ध भएको (जनसङ्ख्या)	२१०५२३	७४४४८	२८४९७१
२	सिँचाइ सुविधा थप भएको क्षेत्रफल (हेक्टर)	९५५०	१५५२	१११०२
३	नदी नियन्त्रण (कि.मि.)	५६.९७	११	६७.९७
४	जग्गा उकाश तथा संरक्षण भएको क्षेत्रफल(हेक्टर)	५९३	३५२	९४५
५	विद्युत सेवाबाट लाभान्वित (जनसङ्ख्या)	२७०४९	११३७८	३८४२७

मन्त्रालयको लागि यो वर्ष पुँजीगततर्फ रु.३ अर्ब २६ करोड ७१ लाख ५० हजार बजेट विनियोजन भएकोमा रु.२ अर्ब २४ करोड ४५ लाख २८ हजार खर्च भई थप ७४ हजार ४४८ जनसङ्ख्यालाई खानेपानी उपलब्ध गराएको, १ हजार ५५२ हेक्टर क्षेत्रफलमा थप सिँचाइ सुविधा पुऱ्याएको र ११ किलोमिटर नदी नियन्त्रण गरेको लगायतका उपलब्धि हासिल गरेको छ। मन्त्रालयले विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन गरी थप उपलब्धि हासिल गर्नेतर्फ ध्यान दिनुपर्दछ।

७. **योजना छनोट -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गर्दा खर्च हुन सक्ने रकम मात्र पुष्ट्याइँसहित प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले मातहतका १० कार्यालयमा कुल १ हजार ७२५ योजनामा बजेट विनियोजन गरेकोमा ७५५ योजनामा बजेट खर्च भएको देखिएन। बजेट खर्च नभएका अधिकांश योजनाहरूको बजेट १५ लाख रुपैयाँभन्दा कम रहेको छ। मन्त्रालयले ठुला र प्रतिफलमुखी योजना छनोट गर्नुपर्दछ।

खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालयहरू

८. **पाइप तथा फिटिङ्गस मौज्दात -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद आवश्यकताको पहिचान गरी मालसामान खरिद गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय मातहतका निम्नानुसार कार्यालयले रु.६ करोड २० लाख ८० हजार मूल्यका पाइप तथा फिटिङ्गस खरिद गरी मौज्दात राखेको देखिन्छ। मौज्दातमा रहेको पाइप तथा फिटिङ्गस उपयोग हुने गरी खरिद व्यवस्थापन गरिनुपर्दछ।

क्र.सं.	कार्यालयको नाम	पाइप तथा फिटिङ्सको मौज्दात (रु.हजारमा)
१	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, कालीकोट	१३५७२
२	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, रुकुम	११९४०
३	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, दैलेख	९३०७
४	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय, सुर्खेत	७००४
५	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, मुगु	६८८५
६	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, सल्यान	६८०३
७	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, जुम्ला	४४०३
८	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, जाजरकोट	२१६६
	जम्मा	**६२०८०**

९. **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, दैलेखले ३३ योजनाको रु.१ करोड ३ लाख ९० हजार, जाजरकोटले ३ योजनाको रु.३७ लाख १४ हजार, रुकुमले १२ योजनाको रु.३४ लाख ९५ हजार, सुर्खेतले ९ योजनाको रु.३४ लाख ११ हजार, कालीकोटले ७ योजनाको रु.३३ लाख ६५ हजार, जुम्लाले १० योजनाको रु.२९ लाख ८१ हजार, मुगुले १५ योजनाको रु.२९ लाख ५८ हजार र सल्यानले १४ योजनाको रु.२७ लाख ९६ हजारसमेत रु.३ करोड ३१ लाख १० हजारमा विस्तृत आयोजना प्रतिवेदन तयारी कार्यको लागि परामर्श सेवा खरिदमा खर्च गरेका छन्। कार्यालयको जनशक्तिबाट सम्पन्न गर्न नसकिने जटिल प्रकृतिका र अति विशिष्ट सीप आवश्यक पर्ने कार्यको लागि परामर्श सेवा खरिद गर्नुपर्दछ।

१०. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१, ८४ र ८५ बमोजिम सार्वजनिक निकायले मालसामान वा कुनै निर्माण कार्य गराउँदा १० लाख रुपैयाँसम्म लागत अनुमान भएको कार्य सोझै खरिद गर्न सकिने, २० लाख रुपैयाँसम्म लागत अनुमान भएको कार्य सिलबन्दी दरभाउपत्रबाट र

सोभन्दा बढी लागत अनुमान भएको कार्य बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, दैलेखले रु.१ करोड ३० लाख ७४ हजारको पाइप तथा फिटिङ्स खरिद, जुम्लाले रु.७७ लाख ४४ हजारको पाइप खरिद, डोल्पाले रु.४९ लाख ३३ हजारको सोलार सिस्टम र सौर्यवत्ती खरिद, सल्यानले रु.४५ लाख ८९ हजारको फिटिङ्स र निर्माण कार्य, जाजरकोटले रु.२८ लाख ३१ हजारको फिटिङ्स खरिद, कालीकोटले रु.१९ लाख ९ हजारको पाइप खरिद, सुर्खेतले रु.१८ लाख ८६ हजारको निर्माण कार्य र हुम्लाले रु.१९ लाख ५ हजारको निर्माण कार्य समेत रु.३ करोड ८८ लाख ७१ हजारको निर्माण कार्य, पाइप तथा फिटिङ्स र अन्य मालसामान सोझै खरिद गरेका छन्। प्रतिस्पर्धा सीमित हुने गरी सोझै खरिद गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ।

११. **उपभोक्ता समितिमार्फत कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंशसमेत रु.१ करोडसम्म लागत भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने, श्रममूलक कार्यमात्र उपभोक्ता समितिमार्फत गराउनुपर्ने र आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

११.१. खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, दैलेखले यो वर्ष मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंशसमेत रु.१ करोड ९ लाख ९३ हजार लागत भएको एक खानेपानी आयोजना उपभोक्ता समितिसँग सम्झौता गरी यो वर्ष रु.५९ लाख ६१ हजार भुक्तानी गरेको छ। खरिद नियमावलीमा तोकिएको सीमाभन्दा बढी रकमको कार्य उपभोक्ता समितिमार्फत गराएको नियमसम्मत नदेखिएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई यस प्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ।

११.२. खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय, सुर्खेतले डिप बोरिङ निर्माण कार्य उपभोक्ता समितमार्फत सम्पन्न गराई रु.१४ लाख ७६ हजार खर्च लेखेको र खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, दैलेखले रु.१ करोड ४१ लाख १६ हजारको पाइप, पम्प, सोलार प्यानल र फिटिङ्स सामाग्री खरिद कार्य समावेश रहेको कार्य उपभोक्ता समितिबाट गराएको छ। उपभोक्ता समितिमार्फत जटिल प्रकृतिको निर्माण कार्य गराउने तथा सामग्री खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

११.३. खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, मुगुले रु.१३ करोड २८ लाख ३३ हजारका ८७ योजना, सल्यानले रु.१२ करोड ४२ लाख २ हजारका ८७ योजना र निर्देशनालय सुर्खेतले रु.१९ करोड ५७ लाख ३९ हजारको खानेपानी, सिँचाइ र नदी नियन्त्रणसम्बन्धी योजनाको कार्य उपभोक्ता समितिमार्फत गराएका छन्। त्यस्तै अन्य कार्यालयहरूले समेत उपभोक्तामार्फत कार्य गराई खर्च गरेका छन्। उपभोक्ता समितिबाट सञ्चालित योजनाहरूमा कामको गुणस्तर परीक्षण नगरेको र आयोजनाको मर्मत सम्भारको दायित्वसहित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन। नियममा भएको व्यवस्थाको पालना गरी उपभोक्ता समितिबाट भए गरेका जटिल प्रकृतिका कार्य गुणस्तरीय भएको सुनिश्चत गरिनुपर्दछ।

१२. **खरिद सम्झौता** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा खरिद सम्झौताबमोजिमको काम सुरु नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र सोही दफाको उपनियम (८) मा सम्झौता अन्त्य भएमा सो कामबापत राखिएको पूरै जमानत जफत हुने, सम्झौता

अन्त्य भएको कारणले सम्झौताबमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम सम्झौताबमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुलउपर गरिने उल्लेख छ। खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, रुकुम पश्चिमले आठबिसकोट वडा नं.२ मा ग्रामीण विद्युतीकरण कार्य २०८१।३।२० भित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.५५ लाख ६६ हजारको सम्झौता गरेकोमा उक्त निर्माण व्यवसायीले २०८१ असार मसान्तसम्म पनि काम सुरु गरेको छैन। निर्माण व्यवसायीले निर्माण कार्यको लागि रु.३ लाख ५७ हजारको कार्य सम्पादन जमानत र रु.५ लाख ६० हजारको पेस्की जमानत पेस गरेको छ। खरिद सम्झौताको म्याद समाप्त हुँदा पनि सम्झौताबमोजिमको कार्य सुरु नगरेकोले प्रचलित कानुनबमोजिम कारबाही गरी कार्यसम्पन्न गर्नुपर्दछ।

१३. **ओभरहेड -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमानमा तयार गर्ने व्यवस्थाअनुसार लागत अनुमानमा ओभरहेड समावेश गर्न पाउने व्यवस्था छैन। पाइप तथा फिटिङ्गस् खरिद कार्यको लागत अनुमानमा खानेपानी, सिँचाई तथा ऊर्जा विकास कार्यालय, मुगुले रु.१५ लाख ८८ हजार र डोल्पाले रु.१ लाख ८१ हजारसमेत रु.१७ लाख ६९ हजार ओभरहेडको रकम समावेश गरी भुक्तानी दिएका छन्। नियमविपरीत भुक्तानी दिएको ओभरहेड रु.१७ लाख ६९ हजार भुक्तानी प्राप्त गर्नेबाट असुल गर्नुपर्दछ।

१४. **बढी भुक्तानी** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७(८) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नाँपजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा कुनै बिल बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ। खानेपानी, सिँचाई तथा ऊर्जा विकास कार्यालय, हुम्लाले ३ खानेपानी तथा तटबन्ध योजनाको उपभोक्ता समितिलाई बढी भुक्तानी दिएको रु.३ लाख ७१ हजार र विभिन्न ९ योजनामा बिलभन्दा बढी भुक्तानी गरेको तथा मूल्य अभिवृद्धि कर बढी भुक्तानी गरेको रु.५ लाख १३ हजारसमेत रु.८ लाख ८४ हजार बढी भुक्तानी दिएको छ। बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

१५. **अधुरो योजना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) बमोजिम काम सुरु गरी छाडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने व्यवस्था छ। निर्माण व्यवसायीसँग सम्झौता गरी सम्पन्न नभएका योजनाहरूको सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१५.१. खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, कालीकोटले घोडेना सिँचाइ आयोजनाको निर्माण कार्य ३६५ दिनमा सम्पन्न गर्न २०७७।१२।२३ मा एक निर्माण व्यवसायीसँग रु.९८ लाख ७८ हजारमा खरिद सम्झौता गरेकोमा सम्झौतामा तोकिएको अवधिभित्र कार्य सम्पन्न हुन नसकी पटक पटक गरी ८३० दिन अर्थात् २०८१।३।३० सम्म सम्झौताको अवधि थप गरेको छ। म्याद थप गरेको अवधि समाप्त भए पनि हालसम्म रु.५४ लाख ८२ हजार भुक्तानी भई निर्माण कार्य अधुरै रहेको देखिन्छ।

१५.२. खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, कालीकोटले भेरेखोलादेखि घट्टेखोलासम्म सिँचाइ आयोजना निर्माण कार्य ४५५ दिनमा सम्पन्न गर्न २०७८।१।९ मा एक निर्माण व्यवसायीसँग रु.१ करोड ५४ लाख ५३ हजारमा सम्झौता गरेकोमा सम्झौतामा तोकिएको अवधिभित्र कार्य सम्पन्न हुन नसकि पटक पटक गरी ७२२ दिन अर्थात् २०८१।३।३१ सम्म म्याद थप गरेको छ। म्याद थप

गरेको अवधि समाप्त भएपनि हालसम्म रु.८५ लाख ३१ हजार भुक्तानी भई निर्माण कार्य अधुरै रहेको देखिन्छ भने रु.२३ लाख पेस्की बाँकी रहेकोले उक्त पेस्कीसमेत जोखिममा रहेको छ। खरिद सम्झौताबमोजिमको प्रक्रिया अवलम्बन गरी कार्य सम्पन्न गराउनु पर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा बजेट तथा कार्यक्रमको कार्यान्वयन नभएको, रकमान्तर गरी खर्च गर्ने गरेको, बहुवर्षीय, ठुला तथा दीर्घकालीन महत्त्व राख्ने आयोजना कार्यान्वयन नगरेको, जटिल तथा मालसमान खरिद कार्य उपभोक्ता समितिमार्फत गराएको, परामर्श सेवा खरिद गरेको, पाइप तथा फिटिङ्स सोझै खरिद गरेको, पाइप तथा पिटिङ्सको मौज्दात रहेको, सम्झौता बमोजिम तोकिएको समयमा निर्माण कार्य सम्पन्न नभई योजना अधुरो रहेका लगायतका बेहोरा औँल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरूजु रकमको विवरण -** सरकारी कार्यालयतर्फ १० निकायमा यो वर्ष रु.५ करोड ५६ लाख ६२ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१० लाख ५ हजार फर्स्यौंट गरेकोले रु.५ करोड ४६ लाख ५७ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- कृषि, पशु विकास तथा खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा,
- राष्ट्रिय नीति र मापदण्डबमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,
- सामूहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्धन,
- चरन तथा खर्कसम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,
- भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दीसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,
- निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन,
- जग्गादर्ता, रजिष्ट्रेसन, जग्गाधनी प्रमाणपुर्जा, दाखिल खारेज र स्वामित्व हस्तान्तरणसम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- क्रमबद्ध कित्ता नापी र भूमि लगतसम्बन्धी मापदण्ड र कार्यान्वयन,
- सुरक्षित बसोवास र जग्गा एकीकरणम्बन्धी नीति कार्यान्वयन,
- गुठी तथा गुठी जग्गा व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र सङ्घीय तथा स्थानीय तहसँग समन्वय,
- सहकारी संस्था, सहकारी सङ्घ तथा सहकारी बैङ्कसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
- सहकारी बचत तथा ऋण परिचालनसम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत २७ सरकारी कार्यालयको निम्नानुसार रु.१ अर्ब ५० करोड ३७ लाख ७४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ:

(रु.हजारमा)

विनियोजन निकासा	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१४६४३५५	५२५७	३०६९२	३४७०	१५०३७७४

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छ:

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
चालुतर्फ	**१५१२०९०**	**१५४८६८३**	**९६८७३१**	**६२.५५**
२११०० पारिश्रमिक सुविधा	२८३४७०	२७९९७६	१८४२५९	६५.८१
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२९९४	२९९४	७९९	२६.६९

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
२२१०० सेवा महसुल	१२७०७	१२७०७	९६८८	७६.२४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	३८९२८	३८९२८	३५८२९	९२.०४
२२३०० कार्यालय सामान तथा सेवाहरू	१९५२९	१९५२९	१७८८४	९१.५८
२२४०० सेवा तथा परामर्श खर्च	९५८६६	९९३६०	४९७१४	५०.०३
२२५०० कार्यक्रमसम्बन्धी खर्चहरू	८५३५२८	८९०१२१	५७१८८५	६४.२५
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	२१७५२	२१७५२	२०६७२	९५.०३
२२७०० विविध खर्च	८४४०	८४४०	८२२३	९७.४३
२६४०० सामाजिक सेवा अनुदान	१६४७६०	१६४७६०	६०२९५	३६.६०
२७२०० सामाजिक सहायता	४०००	४०००	३७९८	९४.९५
२८१०० सम्पत्तिसम्बन्धी खर्च	६११६	६११६	५६८५	९२.९५
पुँजीगततर्फ	**६००६१५**	**६००६१५**	**४९५६२४**	**८२.५२**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	६००६१५	**६००६१५**	**४९५६२४**	८२.५२
कुल जम्मा	**२११२७०५**	**२१४९२९८**	**१४६४३५५**	**६८.१३**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६२.५५ प्रतिशत, पुँजीगततर्फ ८२.५२ प्रतिशत र समग्रमा ६८.१३ प्रतिशत खर्च भएको देखिन्छ।

३. **आवधिक योजना -** प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१) मा यस मन्त्रालयमार्फत कार्यान्वयन गर्ने गरी विभिन्न ५१ कार्यक्रमहरू निर्धारण गरेकोमा कृषि स्रोत केन्द्रको स्थापना र सुदृढीकरण, भौचर प्रणालीमार्फत कृषि सेवा प्रवाह, विषादी परीक्षण प्रयोगशाला स्थापना, प्राङ्गारिक कृषि अनुसन्धान केन्द्र स्थापना, कृषि उत्पादन प्याकेजिङ्ग पार्क निर्माण, खाद्य सङ्कट सामना गर्न उत्पादन विकास कार्यक्रम, आपतकालीन खाद्य भण्डारण, भू-उपयोग नीति तथा गुरुयोजना तर्जुमा, भूमि बैङ्क स्थापना र सञ्चालन, कृषि भूमि संरक्षण कार्यक्रम, सहकारीसम्बन्धी कानुन तर्जुमा, सहकारी बैङ्कको स्थापना तथा सञ्चालनलगायतका कार्यहरू भएको देखिएन। आवधिक योजनाको लक्ष्यलाई वार्षिक नीति तथा कार्यक्रम र बजेटसँग आबद्ध गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **वर्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको २०८०।८१ को नीति तथा कार्यक्रममा मन्त्रालयसँग सम्बन्धित १४ कार्यक्रमहरू निर्धारण गरेकोमा प्रदेशको कर्णाली कृषि अभियानलाई सफल पार्न स्थानीय तहको सहलगानीमा प्राङ्गरिक मल उत्पादन कारखानाको सम्भाव्यता अध्ययन, प्रदेशमा उत्पादन भएका कृषि उपजहरूको अर्गानीक प्रमाणीकरण संयन्त्र स्थापना गर्न समन्वय र सहजीकरण नभएको, कृषि उपजको न्यूनतम मूल्य निर्धारण, प्रदेशस्तरको रिफरल पशु अस्पताल स्थापना, नाइट्रोजन प्लाण्ट स्थापना, भू-उपयोग नीति र जोखिम संवेदनशील भू-उपयोग गुरुयोजना निर्माणलगायतका नीति तथा कार्यक्रम कार्यान्वयन भएको देखिएन। वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरू लक्ष्यअनुरूप कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट कार्यान्वयन** - यो वर्ष मन्त्रालयअन्तर्गत रु.२ अर्ब १४ करोड ९२ लाख ९८ हजार विनियोजन भई रु.१ अर्ब ४६ करोड ४३ लाख ५६ हजार खर्च भएकोमा बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरूमध्ये जोखिम संवेदनशील भू-उपयोग गुरुयोजनाअनुरूप नभएको, दुध उत्पादन उद्योग, रिफरल पशु अस्पताल स्थापना, नाइट्रोजन प्लाण्ट स्थापनालगायतका कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। बजेटमा समावेश भएका कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

६. **अनुदान** – यो वर्ष मन्त्रालयले कृषि प्रविधि प्रवर्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा, भूमि व्यवस्था तथा भू-उपयोग, बागवानी विकास, कृषि पूर्वाधार विकास, पशुपन्छी व्यवसाय प्रवर्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार, दुग्ध प्रवर्धन तथा पशुपन्छी आहार, कृषि उपकरण खरिद र व्याज अनुदान वापत रु.६१ करोड ८२ लाख ३५ हजार अनुदान उपलब्ध गराएको छ। अनुदानको उपयोग र प्रतिफल समेतको अनुगमन गरी अनुदानग्राहीको विवरण सार्वजनिक गर्नुपर्दछ।

६.१. कर्णाली कृषि व्यवसाय प्रवर्धन ऐन, २०७९ को दफा १४(५) मा प्रदेशमा सञ्चालित बैक वा वित्तीय संस्था र बचत तथा ऋण सहकारीले कृषि व्यवसायमा प्रवाह गरेको कर्जामा प्रदेश सरकारले ब्याज अनुदान दिन सक्ने व्यवस्था छ। त्यसै गरी कर्णाली कृषि व्यवसाय प्रवर्धन नियमावली, २०८० को नियम १२ मा कम्पनी तथा कृषकलाई उपलब्ध हुने कृषि ऋणमा मन्त्रालयले ७ प्रतिशत सम्म र प्रदेश सरकार तथा स्थानीय सरकारको कार्यक्षेत्रभित्र पर्ने सहकारी संस्थाबाट आफ्नो सेयर सदस्यलाई प्रवाह गरेको ५० हजारदेखि ५ लाख रुपैयाँसम्मको कृषि ऋणको ब्याजमा १० प्रतिशत ब्याज अनुदान दिन सक्ने व्यवस्था छ। उक्त कार्यक्रमका लागि यो वर्ष रु.१० करोड २१ लाख बजेट विनियोजन भएकोमा ६ वाणिज्य बैङ्कहरूसँग मन्त्रालयले सम्झौता गरी ५५३ कृषकलाई रु.२ करोड ६१ लाख २० हजार र कृषि विकास निर्देशनालय सुर्खेतबाट २ हजार १३७ कृषकलाई रु.७६ लाख ३९ हजार गरी जम्मा २ हजार ६९० कृषकलाई रु.३ करोड ३७ लाख ५९ हजार ब्याज अनुदान उपलब्ध गराएको छ। विगत ३ वर्षको ब्याज अनुदान वितरणको विवरण देहायबमोजिम छः

क्र.सं.	आर्थिक वर्ष	अनुदानग्राहीको सङ्ख्या	ब्याज अनुदान रकम (रु.हजारमा)
१	२०७८।७९	१२२७	३९६७९
२	२०७९।८०	१३७६	४६९४१
३	२०८०।८१	२६९०	३३७५९

उद्यमीले लिएको ऋण परिचालनबाट उद्योगजन्य गतिविधि सञ्चालनको अनुगमन गर्नुपर्नेमा अनुगमन गरी प्रतिवेदन दिएको छैन। मन्त्रालयबाट ब्याज अनुदानको उपयोग सम्बन्धमा नियमित अनुगमन गरी लक्षित कृषक वर्गलाई कार्यक्रमको लाभ प्राप्त भएको सुनिश्चित हुनुपर्दछ।

७. **सहकारी** - कर्णाली प्रदेश सहकारी ऐन, २०७५ को दफा ४८ मा सहकारीमा राखेको बचतको ब्याज र ऋणको ब्याजदरको अन्तर ६ प्रतिशतभन्दा बढी हुन नहुने, सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पुँजीगत गरी सोको आधारमा ब्याज लगाउन नपाइने, सहकारीले अचल सम्पत्ती खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, कुनै कम्पनीको सेयर खरिद जस्ता प्रयोजनमा रकम खर्च गर्न नपाइने, कुल ऋण लगानीमध्ये कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्नेलगायतका महत्त्वपूर्ण विषयमा अनुगमन गर्नुपर्ने व्यवस्था छ। भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालयको अभिलेखअनुसार बहुउद्देश्यीय, उत्पादक, बचत तथा ऋण, छाता सङ्ग, उपभोक्ता र श्रमिकलगायत ७ प्रकृतिका ३०९ सहकारी संस्थाहरू दर्ता भई सञ्चालनमा रहेका विवरण प्राप्त भएको छन्। ती संस्थाहरूको कानुनले तोकेअनुसारको क्षेत्रमा अनुगमन गरी नागरिकको लगानी तथा बचतको संरक्षण सुनिश्चित गर्नुपर्दछ।

८. **खेती योग्य जमिन** - प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले कर्णालीको खाद्य सङ्कट समाधान गर्न उत्पादन विकास कार्यक्रम सञ्चालन गर्ने, भू-उपयोग नीति तथा गुरुयोजना तर्जुमा गर्ने र कृषि भूमि संरक्षण कार्यक्रम

लागु गर्ने नीति लिएको छ। प्रदेशको ३० लाख २० हजार ९०० हेक्टर क्षेत्रफलमध्ये खेतीयोग्य जमिन २ लाख ८७ हजार ७०० हेक्टर (९.५२ प्रतिशत) रहेकोमा हालसम्म २ लाख ६०२ हेक्टर उपयोगमा रहेको देखिन्छ। खेतीयोग्य जमिनमध्ये ३८ हजार हेक्टर जमिनमा वर्षभरि र ३० हजार हेक्टर जमिनमा आंशिक सिँचाइ सुविधा उपलब्ध छ। सिँचाइ तथा कृषि विकास कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरी खेतीयोग्य जमिनको सदुपयोग गर्नुपर्दछ।

९. **खाद्यान्न उत्पादन** - प्रदेश सरकारले खाद्य सङ्कट समाधान गर्न उत्पादनमूलक विकास कार्यक्रम र आपतकालीन खाद्य भण्डारणको व्यवस्था गर्ने नीति लिएको छ। मन्त्रालयले उपलब्ध गराएको विवरण अनुसार प्रदेशको १६ लाख ८८ हजार ४१२ जनसङ्ख्याको लागि प्रतिव्यक्ति २०१ किलोग्रामका दरले ३ लाख ३९ हजार मेट्रिकटन खाद्यान्न आवश्यक पर्नेमा उपभोग्य खाद्यान्न उत्पादन ३ लाख २१ हजार मेट्रिकटन रहेको देखिएकाले १८ हजार मेट्रिक टन खाद्यान्न न्यून हुने देखिन्छ। सिँचाइ, मल, बीऊ र प्रविधिमा सुधार गरी भूमिको दिगो व्यवस्थापनमार्फत खाद्यान्न उत्पादनमा वृद्धि गर्नुपर्दछ।

पशुपन्छी विकास निर्देशनालय

१०. **पकेट कार्यक्रम** - कृषि तथा सहकारीसम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० को अनुसुची-२(ट)१ को (ग) मा सञ्चालन गर्नुपर्ने क्रियाकलापहरूमा गाई, भैँसी फर्म प्रवर्धन, दुग्ध प्रवर्धन गर्ने फर्म तथा उद्योगहरू प्रवर्धन तथा दुग्ध व्यवसाय प्रवर्धनका लागि अनुदानमा खरिद गरिने गाई भैँसीको मापदण्ड, मूल्य सूची तयार तथा स्रोत केन्द्रको सुनिश्चितता गरी सन्दर्भ मूल्यलाई आधार मानेर अनुदान प्रवाह गर्नुपर्ने व्यवस्था छ। पशुपन्छी विकास निर्देशनालय, सुर्खेतले यस वर्ष दुग्ध प्रवर्धन तथा पशुपन्छी आहार विकास कार्यक्रमअन्तर्गत भैँसी पकेट कार्यक्रममा वीरेन्द्रनगरदेखि चौकुनेसम्म शीर्षकमा जनचेतना गाई, भैँसी पालन समूह, विरेन्द्रनगर-११ छनौट गरी भैँसी पालन तथा आहार व्यवस्थापनका लागि ५० प्रतिशत अनुदानमा ४० भैँसी खरिद गरी रु.३० लाख र आहार व्यवस्थापनमा रु.४ लाखसमेत रु.३४ लाख खर्च गरेको छ। कार्यविधिमा दुग्धजन्य फर्म तथा उद्योगलाई प्रवर्धन गर्ने उल्लेख भएकोमा निर्देशनालयले कार्यविधिमा उल्लेख नभएको समूह छनोट गरी भुक्तानी दिएको छ। कार्यविधिबमोजिम कार्यक्रम सञ्चालन नगरी खर्च लेखेकोमा छानबिन हुनुपर्दछ।

११. **दुध बिक्री अनुदान** - कृषि तथा सहकारीसम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० को अनुसूची-२(ङ)७ मा व्यवसायिक कृषि प्रोत्साहन कार्यक्रम सञ्चालन अनुदानअन्तर्गत व्यक्तिगत दुध बिक्रीको प्रतिलिटर पाँच रुपैयाँका दरले अनुदान दिनुपर्ने, दुध उत्पादक किसानले दुध सङ्कलन केन्द्र वा डेरी पसल वा सहकारीले अभिलेख राखी बिक्री वितरण गरेको अभिलेख प्रमाणित गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। पशुपन्छी विकास निर्देशनालय, सुर्खेतले २०८० श्रावणदेखि माघ मसान्तसम्म २ हजार ४२ किसानले २८ लाख ४८ हजार ८७५ लिटर दुध बिक्रीको विवरण पेस गरी रु.१ करोड ४२ लाख ४४ हजार अनुदान माग गरेकोमा प्रतिलिटर रु.१।७३ का दरले रु.४९ लाख २८ हजार भुक्तानी गरेको छ। बाँकी रकम बजेट अभावको कारण भुक्तानी भएको छैन। उत्पादनमा आधारित अनुदानका लागि गत वर्षको उत्पादन अभिलेख, डेरीको प्रमाणित विवरण पेस गर्नुपर्नेमा पेस नगरी अनुदान दिएको छ। अनुदान उपलब्ध गराउँदा तोकिएको मापदण्डको अवलम्बन गर्नुपर्दछ।

कृषि विकास कार्यालय

१२. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ। कृषि विकास कार्यालय, रुकुम पश्चिमले सोहीबमोजिम निर्माण सामग्रीको प्रचलित जिल्ला दररेट र सोमा लाग्ने ढुवानीसमेत समावेश गरी लागत अनुमान तयार गरेकोमा पुनः ४२ योजनामा उपभोक्ता समितिलाई निर्माण सामग्रीको ढुवानीको लागि रु.२१ लाख ४५ हजार भुक्तानी गरेको छ। उपभोक्ता समितिलाई बढी भुक्तानी दिएको ढुवानी रकम असुल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजनासँग समन्वय हुने गरी नीति तथा कार्यक्रम तर्जुमा नगरेको, वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने गरेको, अनुदानको अनुगमन प्रभावकारी नभएको लगायतका बेहोरा औँल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरूजु रकमको विवरण** – सरकारी कार्यालयतर्फ २० निकायमा यो वर्ष रु.१ करोड ५७ लाख ४७ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ लाख ४० हजार फर्स्यौट गरेकोले रु.१ करोड ५६ लाख ७ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय

कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको यातायातसम्बन्धी नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन,
- प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण,
- प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर, भाडा दर निर्धारण,
- वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्धन,
- प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदूषण नियन्त्रणसम्बन्धी योजना निर्माण र कार्यान्वयन,
- रज्जुमार्ग, जलमार्गलगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,
- प्रदेश लोकमार्गको योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधिसम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा कार्यान्वयन,
- प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण,
- प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन,
- प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्धन,
- प्रदेशस्तरमा राष्ट्रिय भवन संहिता तथा भवन निर्माण मापदण्डको कार्यान्वयन,
- प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण,
- सुरक्षित बसोबास र जग्गा एकीकरणसम्बन्धी नीति तर्जुमा र कार्यान्वयन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत १८ सरकारी कार्यालयको निम्नानुसार रु.६ अर्ब १० करोड ४९ लाख ९६ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन निकासा	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५१४६३७१	३७०९०५	५८७३६१	३५९	६१०४९९६

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

शीर्षकगत खर्च	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
चालुतर्फ	**२७८७१८**	**२७९४६८**	**२०३५९१**	**७२.८५**
२११०० पारिश्रमिक सुविधा	१४५३२०	१४५३२०	१०२५७५	७०.५९
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१४७२	१४७२	१९४	१३.१८

शीर्षकगत खर्च	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
२२१०० सेवा महसुल	९४०८	९३०८	५७७०	६१.९९
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	२४८४२	२६१४२	१९५७५	७४.८८
२२३०० कार्यालय सामान तथा सेवाहरू	१७१८२	१६६८२	१३२३१	७९.३१
२२४०० सेवा तथा परामर्श खर्च	३१०७५	३२७७५	२६२८२	८०.१९
२२५०० कार्यक्रमसम्बन्धी खर्चहरू	१९९७८	१८३२८	११९६८	६५.३०
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१२३८९	१२३८९	१००३९	८१.०३
२२७०० विविध खर्च	५०९८	५०९८	४७५७	९३.३१
२८१०० सम्पत्तिसम्बन्धी खर्च	११९५४	११९५४	९२००	७६.९६
पुँजीगततर्फ	**९८३५५४३**	**९७१४३२१**	**४९४२७८०**	**५०.८८**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	८७१५५४३	८७२५०७६	४९४२७८०	५६.६५
३१५०० भैपरी आउने पुँजीगत	११२००००	९८९२४५	०	०.००
कुल जम्मा	**१०११४२६१**	**९९९३७८९**	**५१४६३७१**	**५१.५०**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७२.८५ प्रतिशत, पुँजीगततर्फ ५०.८८ प्रतिशत र समग्रमा ५१.५० प्रतिशत खर्च भएको देखिन्छ।

३. **आवधिक योजना -** प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१) मा उल्लेख गरिएका सुर्खेत एयरपोर्टलाई रात्रिकालीन प्रयोगमा ल्याउने, एक हिमाली अन्तर्राष्ट्रिय विमानस्थलको सम्भाव्यता अध्ययन, हरेक स्थानीय तहमा हेलीप्याड निर्माण, आन्तरिक उडान गर्ने, वायु सेवाको सङ्ख्या वृद्धि, उत्तर दक्षिण विद्युतीय रेलमार्ग र रज्जुमार्गको सम्भाव्यता अध्ययन, विद्युतीय यातायातका लागि कानुनी, नीतिगत र संरचनात्मक पूर्वाधारको व्यवस्था, नयाँ शहरको पहिचान गरी शहरी विकासको कार्य प्रारम्भ गर्ने कार्य भएको देखिएन। आवधिक योजनाले तय गरेका कार्यहरू वार्षिक बजेट तथा कार्यक्रममा आबद्ध गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम २०८०।८१ मा १३ कार्यक्रमहरू निर्धारण गरेकोमा सुर्खेतको मङ्गलगढी चोकमा आकाशे पुल निर्माणको लागि सम्भाव्यता अध्ययन, कोटवाडा-मान्मा केबलकार स्थापनाको प्रक्रिया अघि बढाउने, सङ्कटग्रस्त घोषणा भएका कर्णाली प्रदेशका बस्तीहरूलाई स्थानीय तहको समन्वयमा सुरक्षित स्थानमा स्थानान्तरण, प्रदेश तथा स्थानीय तहको संयुक्त लगानीमा विद्युतीय बससेवा सञ्चालन, प्रदेशस्तरमा गुणस्तर परीक्षण प्रयोगशाला स्थापना, भवन निर्माणसम्बन्धी कानुन तथा संहिता निर्माण र टेरीटोरियल तथा कोरिडोर विकास अवधारणा कार्यक्रममा बजेट विनियोजन भएको छैन। नीति तथा कार्यक्रम र बजेटमा तादम्यता मिलाई लक्षित नतिजा हासिल गर्नुपर्दछ।

५. **बजेट कार्यान्वयन -** यो वर्षको बजेट वक्तव्यमा मन्त्रालय र मातहत कार्यालयबाट कर्णाली प्रदेश सडक गुरुयोजना निर्माण, प्रदेश रणनीतिक महत्त्वका सडकहरू स्तरोन्नति, प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने सडकहरूको स्तरोन्नति तथा निर्माणलगायतका कार्यक्रमहरू कार्यान्वयन गर्न रु.१० अर्ब ११ करोड ४२ लाख विनियोजन भएकोमा रु.५ अर्ब १४ करोड ६९ लाख ७८ हजार खर्च गरेको छ। सो बजेटमध्ये प्रदेश तथा स्थानीय सडक सुधार कार्यक्रममा रु.७० करोड र ग्रामीण सडक सञ्जाल

सुधार आयोजनामा रु.४२ करोड १९ लाख विनियोजन गरेकोमा खर्च गरेको छैन। वार्षिक बजेटमा समावेश गरिएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

६. **बहुवर्षीय आयोजना** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३ बमोजिम विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलसमेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत हुनुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार २०७६।७७ देखि २०८०।८१ सम्म ८८ बहुवर्षीय आयोजना स्वीकृति भई आयोजनाहरूको सम्झौता रकम रु.११ अर्ब ५८ करोड ६६ लाख ८३ हजारमध्ये रु.४ अर्ब १० करोड ११ हजार खर्च भई ६ वटा आयोजना सम्पन्न भएका छन्। बजेट सुनिश्चितता भएका बाँकी ८२ बहुवर्षीय आयोजना समयमा सम्पन्न गरी स्रोत उपलब्धताको आधारमा स्रोत सुनिश्चितता प्रदान गर्नुपर्दछ।

७. **सडकको अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(५) मा सार्वजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपर्ने व्यवस्था छ। प्रदेशको क्षेत्राधिकारमा पर्ने राष्ट्रिय, रणनीतिक, प्रादेशिक तथा स्थानीय गरी तीन तहको सडकमा यो वर्ष रु.५ अर्ब २६ करोड ७० लाख १७ हजार खर्च भएकोमा सडकको अभिलेख राखेको छैन। साथै पूर्वाधार निर्देशनालय, सुर्खेतले यस वर्ष सडकको आकस्मिक तथा नियमित मर्मतमा रु.१ करोड बजेट व्यवस्था गरेकोमा खर्च गरेको छैन। कानुनअनुसार सडकको अभिलेख राख्ने र सडक मर्मत सम्भार गरी सार्वजनिक यातायातलाई सरल र सहज बनाउनुपर्दछ।

८. **जनता आवास** - नेपाल सरकारले लोपोन्मुख र अति सीमान्तकृत जाति तथा समुदायका लागि २०६६।६७ देखि जनता आवास कार्यक्रम कार्यान्वयनमा ल्याएकोमा कर्णाली प्रदेश सरकारले २०७५।७६ देखि सो कार्यक्रम कार्यान्वयन गर्दै आएको छ। जनता आवास कार्यक्रमअन्तर्गत हालसम्म ३ हजार ६७२ र विपन्न घर कार्यक्रमअन्तर्गत ३९७ समेत जम्मा ४ हजार ६९ घर निर्माण गरेको छ। यो वर्ष कार्यक्रमका लागि रु.२६ करोड ५१ लाख ४० हजार विनियोजन भएकोमा १ हजार ४८ घर निर्माण गरी रु.१३ करोड ३२ लाख ८७ हजार खर्च गरेको छ। भौतिक पूर्वाधार मन्त्रालयमा विनियोजन भएको रु.९ करोड ३१ लाख १४ हजारको कार्यक्रम कार्यान्वन भएको छैन। लक्ष्यअनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

पूर्वाधार विकास कार्यालयहरू

९. **सम्झौता कार्यान्वयन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीलाई दिएको पेस्की खरिद सम्झौतामा उल्लेख भएबमोजिम प्रत्येक रनिङ बिलबाट कट्टा गर्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएको बेहोरा निम्नानुसार छः

९.१. पूर्वाधार विकास निर्देशनालय, सुर्खेतको बङ्गीचौर-बिम्रेनी बाबियाचौर सडक निर्माण कार्य २०८१।३।२४ सम्म सम्पन्न गर्ने गरी २०७९।३।१४ मा एक संयुक्त उपक्रमसँग रु.४२ करोड ४७ लाख ६१ हजार मा सम्झौता भई २०८२।३।१२ सम्म अवधि थप गरेको पाइयो। सम्झौता अनुसार प्रति रनिङ बिल ४० प्रतिशतका दरले सम्झौताको ८० प्रतिशत समयाअवधि वा भुक्तानी हुनुपूर्व पेस्की कट्टा गरिसक्नुपर्ने उल्लेख छ। २०८२।५।१२ सम्म मान्य अवधि भएको जमानतका आधारमा निर्माण

व्यवसायीलाई दिएको पेस्की रु.१ करोड ८७ लाख ९४ हजार हालसम्म कट्टा गरेको छैन। खरिद सम्झौताबमोजिम पेस्की कट्टा गरिनुपर्दछ।

९.२. पूर्वाधार विकास निर्देशनालय, सुर्खेतको कुइने जामु बाबियाचौर भत्तडी जङ्गलाघाट सडक निर्माण गर्न एक संयुक्त उपक्रमसँग रु.१० करोड ९२ लाख २४ हजारमा २०७९।३।२४ सम्म सम्पन्न गर्ने गरी २०७८।३।३१ मा सम्झौता भएको थियो। निर्माण व्यवसायीलाई रु.६३ लाख ९५ हजार पेस्की दिएकोमा दोस्रो पटकसमेत २०८१।२।११ सम्म २२ महिना अवधि थप हुँदासम्म रु.४ करोड २९ लाख ५९ हजार भुक्तानी गरेकोमा पेस्की कट्टा गरेको छैन। निर्माण व्यवसायीले पेस गरेको रु.६३ लाख ९५ हजारको जमानतको म्याद २०८१।३।१५ मा समाप्त भएको देखिएकाले पेस्की रकम जोखिममा छ। सार्वजनिक खरिद ऐन, नियम तथा सम्झौताको सर्तबमोजिम पेस्की फस्यौंट हुनुपर्दछ।

१०. **पूर्वनिर्धारित क्षतिपूर्ति** - खरिद सम्झौतामा निर्माण व्यवसायीको ढिलाइका कारण सम्झौताबमोजिमको कार्य सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको १० प्रतिशतले नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। कालीकोट जिल्लाको जारकोट पक्की पुल पचालझरना निर्माण कार्यको लागि २४ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७७।६।१३ मा रु.१३ करोड २६ लाख ३९ हजारको डिजाइन एण्ड बिल्ट सम्झौता भए तापनि समयमा कार्य सम्पन्न नभएकाले पछिल्लो पटक २०८१।१२।३० सम्म म्याद थप गरेकोमा हालसम्म रु.२ करोड ६८ लाख ३७ हजार भुक्तानी भएको छ। निर्माण कार्य सुरु भएको ४५ महिना व्यतीत भइसक्दा २५ प्रतिशतमात्र भौतिक प्रगति भएको छ। सम्झौताको सर्तमा ड्रइङ्ग, डिजाइन तयारी र स्वीकृतिको काम सम्झौता भएको ९ महिनामा सम्पन्न गर्नुपर्ने गरी माइलस्टोन निर्धारण गरेको र नभएमा सम्झौता अङ्कको २ प्रतिशत रकमको ०.०५ प्रतिशतका दरले हर्जना लाग्ने उल्लेख छ। दोस्रो माइलस्टोनअनुसार सम्झौता अवधिको सुरु १८ महिनाभित्र ६० प्रतिशत भौतिक प्रगति हुनुपर्नेमा नभएमा सम्झौता अङ्कको ६० प्रतिशत रकमको ०.०५ प्रतिशत प्रतिदिनका दरले हर्जना लाग्ने उल्लेख छ। सम्झौताको सर्तमा माइलस्टोन उल्लङ्घनमा हर्जनाको व्यवस्था गरे तापनि सोको पालना गरेको पाइएन। समयमा कार्य सम्पन्न नगरी अधुरै रहेको र माइलस्टोनको पालना नगरेकोमा हर्जना असुलीलगायतका कारबाही गरी ठेक्का फरफारक गर्नुपर्दछ।

११. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा मूल्य समायोजनसम्बन्धी व्यवस्था छ। सोअनुसार पूर्वाधार विकास कार्यालय, रुकुम पश्चिमले चिसापानी राडी नदुवा मुसिकोट सडकअन्तर्गत छिनखेतदेखि नदुवा र घारिखोलादेखि नदुवा खण्डको १८.१९ कि.मि. सडक निर्माणका लागि २०७९।११।११ मा एक निर्माण व्यवसायीसँग रु.६६ करोड ९७ लाख २८ हजारको सम्झौता भई यस वर्षसम्म रु.६३ करोड ३५ लाख ९८ हजार भुक्तानी भएको छ। कार्यालयले १० औं रनिङ बिलको रु.३ करोड ४४ लाख २५ हजारको मूल्य समायोजन भुक्तानी गर्दा फ्याक्टर ०.००४ का दरले गणना गरी हुने रु.१ लाख ३८ हजार भुक्तानी गर्नुपर्नेमा रु.१६ लाख ४७ हजार भुक्तानी गरेकाले बढी भुक्तानी भएको रु.१५ लाख ९ हजार र सोको मूल्य अभिवृद्धि करसमेत रु.१७ लाख ५ हजार असुल गर्नुपर्दछ।

१२. **ठेक्का फरफारक**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माण कार्यको हकमा कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भएमा र सञ्चालनमा आएको अवस्थामा कार्यालयले कार्यस्वीकार

प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। महाबु शेराबाडा पदमघाट सडक कार्यको लागि पूर्वाधार विकास कार्यालय, कालीकोट र एक निर्माण व्यवसायी बिच रु.२ करोड १६ लाख ५५ हजारको खरिद सम्झौता गरेकोमा रु.१ करोड ८८ लाख ३६ हजार (८७ प्रतिशत) कार्य गरेको अवस्थामा ठेक्का फर-फारक गरेको छ। नपुग काम त्रुटि सच्चाउने अवधिमा गराउनुपर्नेमा अधुरो अवस्थामा ठेक्का फरफारक गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

१३. **खरिद कार्यमा ओभरहेड -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमानमा ओभरहेडको व्यवस्था छैन। पूर्वाधार विकास कार्यालय, मुगुले ७ वटा झोलुङ्गे पुलका सामान खरिदको लागत अनुमानमा ढुवानी र ओभरहेडसमेत रु.१ करोड ७४ लाख २३ हजारको लागत अनुमान तयार गर्दा रु.१९ लाख ३८ हजार ओभरहेड समावेश गरेको पाइयो। नियमानुसार लागत अनुमान तयार गर्नुपर्दछ।

१४. **दोमुख मोटरेबल पुल -** पूर्वाधार विकास कार्यालय, मुगुले डिजाइन एण्ड बिल्ड विधिबाट दोमुख मोटरेबल पुल निर्माण गर्न रु.१६ करोड १७ लाख ९६ हजार लागत अनुमान स्वीकृत गरेको छ। उक्त कार्य २०८१।८।३० सम्म सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७८।९।१४ मा रु.१५ करोड ९३ लाख ७४ हजारको खरिद सम्झौता भएकोमा रु.७० लाख पेस्की दिएको देखिन्छ। निर्माण व्यवसायीले काम सुरुवात नै नगरेकाले कार्यालयले पटक पटक ताकेता गरेको र पेस्की जमानत जफत गर्ने सम्बन्धमा सम्बन्धित बैङ्कलाई २०८१।१।१० र २०८१।४।३१ मा पत्रचार गरेतापनि पेस्की जमानत जफत भएको छैन। सम्झौताका सर्त र प्रचलित कानुनबमोजिम कारबाही गरी पेस्की असुल गर्नुपर्दछ।

१५. **दोहोरो भुक्तानी** –प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७(३) मा खर्च लेख्दा खर्चको बिल भरपाई संलग्न गरी खर्च लेख्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, हुम्लाले खार्पुनाथ चुवाखोला तापुलेख सडक निर्माण कार्यको रु.४ करोड ६५ लाख १० हजारमा निर्माण व्यवसायीसँग सम्झौता गरेको पाइयो। उक्त निर्माण कार्यको लागत अनुमान तथा दर विश्लेषणमा ब्लाष्टिङसहितको कडा चट्टान कटिङ्ग कार्यको लागि खरिद गर्नुपर्ने विस्फोटक पदार्थको मूल्यसमेत ठेक्कामा समावेश भएकोमा विस्फोटक पदार्थ खरिद कार्यको लागि छुटै रु.८ लाख ७७ हजार भुक्तानी गरेको पाइएकोले दोहोरो भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ।

१६. **अधुरो ठेक्का -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७)मा खरिद सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले सम्झौता अन्त्य गरी जमानत जफत गर्ने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, कालीकोटले सञ्चालन गरेका १३ सालबसाली योजनामध्ये ५ योजना २०७८।७९ सम्म, ६ योजना २०७९।८० सम्म र २ योजना २०८०।८१ सम्म सम्पन्न गर्नुपर्नेमा २० प्रतिशत देखि ६५ प्रतिशतसम्म काम सम्पन्न भई अधुरो रहेको देखियो। यी योजनाहरूको सम्झौता रकम रु.३४ करोड ८० लाख ६५ हजार भएकोमा हालसम्म रु.१२ करोड ४० लाख ६१ हजार भुक्तानी भएको छ। सम्झौता अवधि समाप्त भए पनि म्याद थप भएको छैन। पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले सञ्चालन गरेका र यस वर्ष सम्पन्न हुनुपर्ने सालबसाली ४ योजनाहरू अधुरा रहेका मध्ये ३ योजना २०७९।८०मा सम्झौता भएको तथा १ योजना २०८०।८१ सम्झौता भएको पाइयो। ती योजनाहरूको

कुल सम्झौता अङ्क रु.१ करोड १४ लाख ३४ हजार भएकोमा यस वर्ष रु.४७ लाख ५० हजार भुक्तानी भएको छ। साथै सम्झौताको अवधि थप तथा बजेटको सुनिश्चिततासमेत भएको पाइएन।

१७. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। यस वर्ष मन्त्रालयअन्तर्गत ८ पूर्वाधार कार्यालयले रु.५ करोड ४५ लाख ९८ हजार लागतका ५२ योजनाको विस्तृत परियोजना प्रतिवेदन बाह्य परामर्शदातासँग खरिद सम्झौता गरी कार्य गरेको छ।

१८. **बढी भुक्तानी –** सार्वाजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा प्राविधिक नाँपजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, डोल्पाले ४ योजनाका उपभोक्ता समितिलाई रु.८ लाख १४ हजार, पूर्वाधार विकास कार्यालय, जुम्लाले १ योजनामा रु.७ लाख ८० हजार र पूर्वाधार विकास कार्यालय, हुम्लाले २ योजनामा रु.२ लाख ७९ हजारसमेत रु.१८ लाख ७३ हजार नापी किताबमा उल्लेख भएको परिमाण भन्दा बढी भुक्तानी गरेका छन्। उक्त रकम असुल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा नीति तर्जुमा, बजेट वक्तव्यको कार्यान्वयन, पुँजीगत खर्च, सडक सीमा, खरिदमा प्रतिस्पर्धा, अधुरा निर्माण कार्य, आयोजना स्वीकृति, परामर्श सेवा, समन्वय र निर्माणस्थल, पूर्वनिर्धारित क्षतिपूर्ति, भेरिएसन, खरिद सम्झौता अन्त्य, मूल्य समायोजन, निर्माण कार्यको गुणस्तर, नर्म्समा विविधता लगायतमा सुधार गर्नुपर्ने बेहोरा समावेश गरिएकोमा सोको कार्यान्वयन भएको पाइएन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरूजु रकमको विवरण –** सरकारी कार्यालयतर्फ १६ निकायमा यो वर्ष रु.१८ करोड २१ लाख ३९ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१९ हजार फर्स्यौट गरेकोले रु.१८ करोड २१ लाख २० हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

सामाजिक विकास मन्त्रालय

कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,
- स्वास्थ्य सेवा तथा पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन,
- प्रदेशस्तरमा आवश्यक पर्ने प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,
- स्वास्थ्य सेवासम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यावसायिक र पेसागत सङ्घ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन,
- प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण अनुगमन र नियमन,
- खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,
- सुर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण,
- स्वास्थ्य क्षेत्रमा आपतकालिन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन,
- महिला हकसम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- बालबालिकाको हकहित संरक्षणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना,
- लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक लक्षित आवाससम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोगसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- धर्म, परम्परा र गुठीअन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन,
- संस्कृतिको विकाससम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,
- युवासम्बन्धी प्रादेशिक नीति, कानुन तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन,
- खेलकुदसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्धन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत २८ कार्यालयको निम्नानुसार रु.५ अर्ब १० करोड ९६ लाख ६० हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन निकासा	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
४६७३४७०	११००९	२४८८८४	१७६२९७	५१०९६६०

यो वर्ष संस्था समितितर्फ ११ संस्थाको रु.७ अर्ब ३९ करोड ६९ लाख ७२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
चालुखर्च	**३२१३२७९**	**३२५००४७**	**२५७४०९१**	**७९.२०**
२११०० पारिश्रमिक सुविधा	१०२९०६८	१०३३६६७	७७९९६७	७५.४६
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	८०२७	८०२७	३५७१	४४.४९
२२१०० सेवा महसुल	४७६१९	५१०४९	४७१८८	९२.४४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	५०८५०	५१६००	४८१६९	९३.३५
२२३०० कार्यालय सामान तथा सेवाहरू	५१५५०	५१७००	४९४८१	९५.७१
२२४०० सेवा तथा परामर्श खर्च	१४३०६१	१४७४२१	१२४४११	८४.३९
२२५०० कार्यक्रमसम्बन्धी खर्चहरू	१६८३३०९	१६९६२०६	१३३३६५८	७८.६३
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	२३३९५	२९०७७	२५४७६	८७.६२
२२७०० विविध खर्च	१०५६२	१०६६२	१०३५८	९७.१५
२७१०० सामाजिक सुरक्षा	२६३८०	२५४८०	२०४८५	८०.४०
२७२०० सामाजिक सहायता	११३५७६	१२३५७६	११२३४४	९०.९१
२८१०० सम्पत्तिसम्बन्धी खर्च	२०८८२	२१५८२	१८९८३	८७.९६
पुँजीगत खर्च	**२७६३५५९**	**२९०३९५५**	**२०९९३७९**	**७२.२९**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	२७६३५५९	२९०३९५५	२०९९३७९	७२.२९
कुल जम्मा	**५९७६८३८**	**६१५४००२**	**४६७३४७०**	**७५.९४**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७९.२० प्रतिशत, पुँजीगततर्फ ७२.२९ प्रतिशत र समग्रमा ७५.९४ प्रतिशत खर्च भएको देखिन्छ।

३. **आवधिक योजना** - प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा यस मन्त्रालय अन्तर्गत शिक्षा, स्वास्थ्य, जनसङ्ख्या तथा बसाइँसराइलगायतका १४ क्षेत्रमा निर्धारण गरेको कार्यक्रमहरूमध्ये आवधिक योजनाको अन्तिम वर्षसम्म विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूलाई प्रविधियुक्त अनुसन्धान केन्द्रकोरूपमा विकास गर्ने, कर्णाली प्राविधिक तथा व्यवसायिक शिक्षा परिषद् स्थापना गर्ने, प्रदेशभित्रै विशिष्टीकृत स्वास्थ्य सेवा उपलब्ध गराउने, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्तरोन्नति गर्ने, दैलेखको राकममा ट्रमा सेन्टर स्थापना गर्ने, ग्रामीण क्षेत्रमा धुवाँरहित चुलोको प्रवर्धन गर्ने, आन्तरिक र बाह्य बसाइँसराइसम्बन्धी अभिलेखन र तथ्याङ्क प्रणालीलाई व्यवस्थित गर्ने, अन्य मुलुकका कामबाट आर्जित ज्ञान, सीप, प्रविधि, पुँजी र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा

लगाउन प्रोत्साहन गर्ने, प्राङ्गारिक कृषिमा युवाहरूलाई संलग्न गराउने, उत्पादनमा आधारित मूल्य श्रृङ्खलाहरूको विकास गर्ने, अपाङ्गतासम्बन्धी अध्ययन अनुसन्धानका लागि एक स्रोत केन्द्रको स्थापना गर्ने, प्रदेश गौरवको आयोजनाको रूपमा रहेको कर्णाली प्रदेश रङ्गशाला निर्माण सम्पन्न गर्ने, प्रदेशलाई हाई अल्टिच्युट खेलको हवको रूपमा विकास गर्न सुविधा सम्पन्न रङ्गशालाहरू र प्रशिक्षण केन्द्र स्थापना गर्ने, खेलकुद प्रतिष्ठानहरूको स्थापनाका लागि निजी क्षेत्र र सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने, कर्णाली प्रज्ञा प्रतिष्ठान गठन गर्ने, मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण र सामाजिक सुरक्षाको प्रभावमा अभिवृद्धि हुने गरी बहुक्षेत्रीय पूरक सेवाहरू बिस्तारलगायतका कार्यहरू हुन सकेको देखिएन। आवधिक योजनाले निर्धारण गरेका लक्ष्य हासिल हुने गरी वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको नीति तथा कार्यक्रम २०८०।८१ मा यस मन्त्रालयसँग सम्बन्धित २७ वटा कार्यक्रमहरू निर्धारण गरेकोमा मृगौला डायलासिस सेवालाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र चौरजहारी अस्पतालमा विस्तार गर्ने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्रसँगको आबद्धतामा बायोमेडिकलको डिप्लोमा कोर्स सञ्चालन गरी स्वास्थ्य उपकरणको मर्मत सम्भारको लागि आवश्यक जनशक्ति विकास गर्ने, गणित विज्ञान र अंग्रेजी विषयमा स्नातकोत्तर गरेका उत्कृष्ट विद्यार्थीलाई स्वयंसेवक शिक्षकको रूपमा खटाई विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित विषयको पठनपाठनलाई विद्यालय तहदेखि नै सुधार गर्ने, सार्वजनिक विद्यालयमा पढ्दै कमाउँदै अवधारणालाई कार्यान्वयन गर्दै व्यावसायिक तथा प्रयोगात्मक सिकाइको व्यवस्था गर्ने, कर्णाली विकास सेवा स्वयंसेवक कार्यक्रममार्फत युवाहरूलाई आवश्यक तालिम दिई परिचालन गर्ने, सामाजिक रूपान्तरणमा उल्लेखनीय काम गर्ने स्थानीय तहलाई प्रोत्साहन गर्ने, बैङ्क खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रमलाई आवश्यक परिमार्जनसहित निरन्तरता दिने, लोपोन्मुख राउटे समुदायको संरक्षण र सशक्तिकरणमा पहल गर्ने, धार्मिक तथा साँस्कृतिक परम्पराअनुसार दाहसंस्कार गर्न सुर्खेतको उपयुक्त स्थानमा विद्युतीय शवदाह गृह स्थापना गर्नेलगायतका कार्यहरू कार्यान्वयन भएको देखिएन। वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरू लक्ष्य अनुरूप कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट कार्यान्वयन** – प्रदेश सरकारको बजेट वक्तव्य २०८०।८१ अनुसार यस मन्त्रालयबाट सञ्चालन गर्नुपर्ने कार्यक्रममध्ये स्वास्थ्य सेवा र स्वास्थ्य पूर्वाधारतर्फ सल्यान, रुकुम पश्चिम, डोल्पा, हुम्ला र दैलेख जिल्ला अस्पताल भवनको निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा डोल्पा बाहेक अन्य जिल्ला अस्पतालहरूको पूर्वाधार निर्माण सम्पन्न नभएको, प्रदेश अस्पताल, सुर्खेतलाई शिक्षण अस्पतालको रूपमा विकास गर्न आवश्यक कानुन तर्जुमा गर्ने, पूर्ण खोप प्रदेश घोषणा गर्ने, डायलासिस मेसिन खरिद गर्नेलगायतका कार्यहरू भएको देखिएन। शिक्षा तथा शैक्षिक पूर्वाधारतर्फ एक जिल्ला एक नमुना विद्यालय भौतिक पूर्वाधार निर्माण, हिमाली क्षेत्रका विद्यार्थीका लागि सुर्खेतमा आवासीय विद्यालयको पूर्वाधार विकास, विद्यालयहरूमा सूचना प्रविधि प्रयोगशाला र इ-लाइब्रेरी निर्माण, कर्णाली नागरिक अतिथि सेवा गृह निर्माणको कार्य पूरा भएको देखिएन। त्यसै गरी सामाजिक विकासतर्फ प्रदेश प्रमुख सामाजिक रूपान्तरण कार्यक्रम र बैङ्क खाता छोरीको सुरक्षा जीवनभरिको कार्यक्रम परिमार्जन गरी छोरीहरूको जीवन बिमा गर्ने कार्यक्रम रहेकोमा दुबै कार्यक्रम सञ्चालन भएको छैन। युवा तथा खेलकुदतर्फ प्रदेश गौरवको आयोजनाको रूपमा निर्माणाधीन प्रदेश रङ्गशाला निर्माण कार्य सम्पन्न गर्न यो वर्ष रु.८५ करोड बजेट

विनियोजन भएकोमा रु.६९ करोड ६२ लाख खर्च भई हालसम्म ८९.५३ प्रतिशत भौतिक प्रगति भएको छ। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट समर्पण** - कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८(२) मा प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो चौमासिकसम्म पनि सन्तोषजनरूपमा कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो बजेट समर्पण गर्न लगाई आवश्यक अन्य शीर्षकमा रकमान्तर गर्न सक्ने व्यवस्था छ। शिक्षा विकास निर्देशनालयअन्तर्गत विभिन्न ६ कार्यक्रमका लागि विनियोजन भएको रु.१५ करोड ६५ लाख बजेट कार्यान्वयन नभएको र बजेट समर्पणसमेत भएको देखिएन। कार्यान्वयन हुन नसक्ने बजेट समयमै समर्पण नगर्दा बजेट निष्क्रिय रहेको देखिन्छ।

७. **क्षेत्रगत खर्च** - मन्त्रालयको आर्थिक वर्ष २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार छः

(रु.हजारमा)

क्षेत्र	भौतिक प्रगति (सङ्ख्या/वटा)			क्षेत्रगत वित्तीय प्रगति		
	लक्ष्य परिमाण	प्रगति परिमाण	प्रगति प्रतिशत	बजेट	खर्च	खर्च प्रतिशत
स्वास्थ्य	२६२७	२४२८	९२.४२	३५९५८९१	२७५२९८७	५८.९१
शिक्षा	११५०	१०५८	९२	१३३३३२५	९९६५००	२१.३२
सामाजिक विकास	२८६	२५२	८८.१	१७०९११	११७९४६	२.५२
भाषा, कला, संस्कृति	६५	५५	८४.६	२९१४९	१९९५४	०.४३
यूवा तथा खेलकुद	१४१	१२८	९०.८	१०२४७२६	७८६०८३	१६.८२
जम्मा	**४२६९**	**३९२१**	**९१.८४**	**६१५४००२**	**४६७३४७०**	**१००.००**

सोझै भुक्तानी बाहेकको कर्णाली प्रदेश सरकारको यस वर्षको खर्च रु.१९ अर्ब ८५ करोड ३४ लाख ८१ हजार भएकोमा सामाजिक विकास मन्त्रालयबाट रु.४ अर्ब ६७ करोड ३४ लाख ७० हजार खर्च भएको देखिन्छ। क्षेत्रगतरूपमा विनियोजित बजेट ०.४३ देखि ५८.९१ प्रतिशतसम्म खर्च भएको देखिन्छ। कार्य दक्षता अभिवृद्धि गर्नुपर्दछ।

८. **रकमान्तर** - प्रदेश सरकारको २०८०।८१ को बजेट वक्तव्यको बुँदा नं. २२९ मा असार महिनामा रकमान्तर नगरिने उल्लेख भएकोमा सुरु विनियोजन चालुतर्फ रु.३ अर्ब २१ करोड ३२ लाख ७९ हजार र पुँजीगततर्फ रु.२ अर्ब ७६ करोड ३५ लाख ५९ हजार गरी कुल बजेट रु.५ अर्ब ९७ करोड ६८ लाख ३८ हजार विनियोजन गरेकोमा मन्त्रालयबाट रु.१७ करोड ७१ लाख ६४ हजार रकमान्तर गरेको छ। रकमान्तरमध्ये असार महिनामा रु.८९ लाख ५० हजार रकमान्तर गरेकोले बजेट वक्तव्यको पालना भएको देखिएन। वर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

९. **एकीकृत आर्थिक विवरण** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ नियम ८७(क) बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयबाट वार्षिक बजेट, रकमान्तर, खर्च र बाँकीसमेत भिडान गरी प्राप्त आर्थिक विवरणका आधारमा सम्बन्धित मन्त्रालयले केन्द्रीय लेखा राख्नुपर्ने र नियम ८७(च) बमोजिम मन्त्रालयअन्तर्गतको केन्द्रीय वार्षिक आर्थिक विवरण तयार गरी कार्तिक मसान्तभित्र महालेखापरीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आफ्नो र मातहतका

समेत ३९ कार्यालयको केन्द्रीय आर्थिक विवरण तयार गरी पेस गरेको छैन। नियममा भएको व्यवस्थाबमोजिम केन्द्रीय वार्षिक आर्थिक विवरण तयार गर्नुपर्दछ।

१०. **विद्यालय पूर्वाधार** – नेपालको संविधानको धारा ५७ (४) अन्तर्गत अनुसूची-८ को क्र.सं. ८ मा आधारभुत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सूचीमा रहेको देखिन्छ। प्रदेश सरकारले अन्तर्गतका स्थानीय तहमा विद्यालय भवन निर्माण गर्न सामाजिक विकास कार्यालयमार्फत निकासा दिई निर्माण गरेको छ। सङ्घीय सरकारले समेत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट विद्यालयको पूर्वाधार निर्माणमा लगानी गर्दै आएकोमा प्रदेश सरकारबाट हालसम्म देहायअनुसार ६९१ विद्यालय भवन निर्माण भएका छन्:

आर्थिक वर्ष	२ कोठे भवन	३ कोठे भवन	४ कोठे भवन	६ कोठे भवन	जम्मा
२०७५।७६	९९	२४	०	३२	१५५
२०७६।७७	११६	०	०	९५	२११
२०७७।७८	१९	१	१३	२१	५४
२०७८।७९	३९	०	७३	२	११४
२०७९।८०	७	१	७६	०	८४
२०८०।८१	०	०	७३	०	७३
जम्मा	**२८०**	**२६**	**२३५**	**१५०**	**६९१**

संविधानमा स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको विद्यालय भवन निर्माणको कार्य स्थानीय तहमार्फत गरिनुपर्दछ। विद्यालय पूर्वाधार निर्माण सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छः

१०.१. यो वर्ष मन्त्रालय मार्फत चार कोठे भवनका लागि रु.३५ करोड ५० लाख, दुई कोठे भवनका लागि रु.३ करोड ९५ लाख र शौचालय, घेरावारा तथा खेल मैदान निर्माणका लागि रु.६ करोड ४४ लाख समेत जम्मा रु.४५ करोड ८९ लाख बजेट विनियोजन भएकोमा ४ कोठे भवनतर्फ रु.३३ करोड ७० लाख ४४ हजार, दुई कोठे भवनतर्फ रु.३ करोड ९१ लाख ३३ हजार र शौचालय, घेराबारा तथा खेलमैदानका लागी रु.५ करोड ५१ लाख २ हजारसमेत रु.४३ करोड १२ लाख ७९ हजार खर्च भएको छ। मन्त्रालयको प्रगति विवरणअनुसार चौकुने गाउँपालिका सुर्खेतस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, धनसरा र सिम्ता गाउँपालिकाको नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, मुग्रेको ४ कोठे भवनको काम भएको देखिएन। बजेट व्यवस्थापन भएका भौतिक संरचनाको निर्माण कार्य तोकिएको समयमै सम्पन्न गराउनुपर्दछ।

१०.२. सामाजिक विकास कार्यालय र स्थानीय तहहरूले विद्यालय पूर्वाधारहरूको निर्माण कार्य गराउँदा निर्माण कार्यमा प्रयोग भएको निर्माण सामाग्रीको प्रयोगशाला परीक्षण हुने गरेको छैन। निर्माण कार्यको गुणस्तर परीक्षण नहुँदा भवनको टिकाउपन र भारवहन क्षमता मापदण्डबमोजिम भएको आश्वस्त हुने अवस्था छैन। विद्यालय भवन निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्रीको गुणस्तर परीक्षण गराउनुपर्दछ।

११. **उच्च शिक्षा छात्रवृत्ति** - प्रदेश सरकारको बजेट वक्तव्यको बुदा नं. १०७ मा प्रदेशभित्र दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्न तथा सबैलाई शिक्षाको समान अवसर दिलाउन प्राविधिक छोरी बुहारी छात्रवृत्ति, दलित, अपाङ्ग, सहिद सन्तति, लोपोन्मुख सीमान्तकृत छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिने उल्लेख गरेको छ। सोही कार्यक्रमअन्तर्गत प्राविधिक छात्रवृत्तितर्फ स्नातक/स्नाकोत्तर तहमा चिकित्साशास्त्र, इन्जिनियिरिङ, कृषि तथा भेटेरीनरी र वन विज्ञान विषय, छोरी बुहारी छात्रवृत्तितर्फ प्रमाणपत्र तहमा

स्वास्थ्य, इन्जिनियरिङ, कृषि र भेटेरीनरी विषय, दलित, अपाङ्ग, सहिद सन्तति, लोपोन्मुख सीमान्तकृत छात्रवृत्तितर्फ प्राविधिक तथा अप्राविधिक विषयमा स्नातक तह र सोभन्दा माथिका जुनसुकै विषयमा अध्ययनका लागि यस वर्ष देहायअनुसार रु.२ करोड ३४ लाख ६७ हजार उच्च शिक्षा छात्रवृत्ति उपलब्ध गराएको छ। प्रदेशले छात्रवृत्तिमा गरेको खर्चको उपलब्धिको समीक्षा हुनुपर्दछ।

(रु.हजारमा)

कार्यालय	प्राविधिक छात्रवृत्ति		छोरी बुहारी छात्रवृत्ति		दलित छात्रवृत्ति		अपाङ्ग छात्रवृत्ति	
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम
शिक्षा विकास निर्देशनालय, सुर्खेत	६८	९२२९	१२	१०००	७	३६०	७	१६८
सामाजिक विकास कार्यालय, मुगु			११	५५०	५	१२०	२	४८
सामाजिक विवकास कार्यालय, हुम्ला			१३	६५०	५	१२०	२	४८
सामाजिक विकास कार्यालय, जुम्ला			२२	१०००	९	२१६	५	१२०
सामाजिक विकास कार्यालय, डोल्पा			१९	९५०	१	२४		
सामाजिक विकास कार्यालय, कालीकोट			२०	१०००	१०	२४००	४	९६
सामाजिक विकास कार्यालय, दैलेख			४१	२०००	१०	२४०	२	४८
सामाजिक विकास कार्यालय, जाजरकोट			२०	१०००	१०	२४०	८	१९२
सामाजिक विकास कार्यालय, सल्यान			२०	१०००	१०	२४०	४	९६
सामाजिक विकास कार्यालय, रुकुम पश्चिम					१०	२४०	३	७२
जम्मा	**६८**	**९२२९**	**१७८**	**९१५०**	**७७**	**४२००**	**३७**	**८८८**

१२. **अस्पतालको भौतिक संरचना -** प्रदेश सरकारले जिल्ला तथा स्थानीय तहमा अस्पताल भवन निर्माण गर्न पूर्वाधार विकास कार्यालय तथा स्थानीय तहलाई निकासा दिई निर्माण कार्य गर्ने गरेको छ। सङ्घीय सरकारले प्रत्येक स्थानीय तहमा ५ देखी १५ शैयाको अस्पताल निर्माण गर्ने नीति अनुरूप अधिकांश स्थानीय तहले अस्पताल भवन निर्माण कार्य गरिरहेका छन्। मन्त्रालयले डोल्पा, सल्यान, रुकुम, हुम्ला र दैलेख जिल्लामा अस्पताल निर्माणका लागि बहुवर्षीय आयोजना स्वीकृत गरी निर्माण कार्य गर्दै आएको छ। सबै जिल्लाको अस्पताल भवन निर्माण कार्य २०७९।८० भित्र सम्पन्न हुने लक्ष्य रहेकोमा हालसम्मको प्रगति देहायअनुसार छ।

अस्पताल भवन	कुल लागत (रु.हजारमा)	हालसम्म खर्च (रु.हजारमा)	भौतिक प्रगति प्रतिशत
डोल्पा अस्पताल	२०७०००	२५१००८	सम्पन्न
सल्यान अस्पताल	१५७४००	१११५०७	६२
रुकुम पश्चिम अस्पताल	२०९१००	१६४८८३	८०
हुम्ला अस्पताल	२९६७००	१३५४६३	६५
दैलेख अस्पताल	१९२४००	७६६५०	४०

भवन निर्माण कार्यको खरिद सम्झौताको म्याद समाप्त भैसक्दा डोल्पा जिल्ला अस्पताल बाहेक अन्य अस्पताल भवनहरूको निर्माण सम्पन्न भएको देखिएन। सम्झौता अनुसार समयमा निर्माण सम्पन्न गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सुर्खेतस्थित प्रदेश अस्पतालको हालको पूर्वाधार अपुग भएको कारण सो भवनहरूमा तला थप गरी पूर्वाधार बिस्तार गर्न एक निर्माण व्यवसायीसँग ३० महिनाभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी २०८०।२।३१ मा रु.१ अर्ब २ करोड ४२ लाख ७२ हजार (मूल्य अभिवृद्धि कर बाहेक) को सम्झौता गरी निर्माण सुरु भएकोमा हालसम्म रु.४५ करोड २५ लाख ७३ हजार भुक्तानी भएको छ।

१३. **औषधी व्यवस्थापन** - प्रदेश सरकारले यो वर्ष कर्णालीवासीलाई निःशुल्क वितरणका लागि औषधी खरिदमा रु.९ करोड २६ लाख १८ हजार बजेट व्यवस्था गरी रु.७ करोड ६५ लाख ५१ हजार खर्च गरेको छ। सो बाहेक स्वास्थ्य शिविर सञ्चालन लगायत विभिन्न कार्यक्रममा समेत औषधी खरिदका लागि खर्च हुने गरेको छ। प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले खरिद गरेको रु.८३ लाख ३४ हजार बाहेकको औषधी सोझै खरिद गरी वितरण गरेको छ। औषधी खरिद गर्नुपूर्व सार्वजनिक खरिद कानुन अनुसार लागत अनुमान तयार गर्ने र आवश्यकता पहिचान गर्ने कार्य भएको छैन। आवश्यकता र सङ्घीय सरकारबाट प्राप्त हुने औषधी समेतको विश्लेषण गरी औषधी खरिद व्यवस्थापन गर्नुपर्दछ।

१४. **पोषिलो पिठो खरिद** – विश्व खाद्य सङ्गठन र नेपाल सरकारले कुपोषण उच्च रहेका कर्णालीका हुम्ला, जुम्ला, मुगु, कालीकोट र डोल्पामा पोषिलो पिठो वितरण गर्दै आएकोमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमार्फत यो वर्ष २ लाख ६४ हजार किलोग्राम पोषिलो पिठो खरिदका लागि रु.४ करोड ९८ लाख १९ हजारको लागत अनुमान तयार गरी रु.३ करोड ५६ लाख ४० हजारमा खरिद गरी आपूर्ति गरेको छ। उक्त कार्यक्रमको लागि आर्थिक वर्ष २०८१।८२ मा बजेट व्यवस्था भएको देखिएन।

जिल्ला	आपूर्ति हुने स्थान	परिमाण (किलोग्राम)
जुम्ला	रारालिही, जुम्ला	६०५०१
कालीकोट	नाग्मा, कालीकोट	१७५०२
हुम्ला	कालीकोट	६५५०१
	गोठी जिउला जुम्ला	३०९९७
	कवाडी हुम्ला	१६५००
डोल्पा	तल्लुबजार जाजरकोट	२५००१
मुगु	गोठी जिउला जुम्ला	४७९९८
जम्मा		**२६४०००**

१५. **छोरी बचत खाता** - प्रदेश सरकारले बालिकाहरूको विवाहपूर्व कम्तिमा स्नातक तहसम्मको पढाई सुनिश्चित गर्न कर्णाली प्रदेशभित्रका २०७६।४।१ पश्चात् जन्मिएका छोरी २० वर्ष हुँदासम्म जन्मेको पहिलो महिना रु.१ हजार र त्यसपछि प्रत्येक महिना रु.५०० का दरले छोरी बचत खातामा जम्मा गर्ने, यस्तो रकम २० वर्ष उमेर पुगेको, माध्यमिक तहसम्म अध्ययन पुरा गरेको र २० वर्ष अघि विवाह नगरेको अवस्थामा खातावालालाई उपलब्ध गराउने गरी "बैङ्क खाता छोरीकोः सुरक्षा जीवन भरीको" कार्यक्रम सञ्चालन गर्दै आएकोमा यस वर्षको बजेट वक्तव्यले उक्त कार्यक्रमलाई परिमार्जन गरी छोरीहरूको जीवन बिमा गराउने उल्लेख गरेको छ। उक्त कार्यक्रमका लागि मन्त्रालयले यो वर्ष स्थानीय तहका कर्मचारी, जनप्रतिनिधि, तथा सांसदसँग छलफल, अन्तर्क्रिया, संवादको लागि रु.६ लाख ९० हजार खर्च गरेकोमा परिमार्जित कार्यक्रमअनुसार बिमा गरेको पाइएन।

१६. **अपाङ्गता रोकथाम तथा पुनःस्थापना** - अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७ को दफा १४ मा अनुदानको अनुगमन तथा समीक्षा गरी मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा कार्य प्रगति पेस गर्नुपर्ने व्यवस्था छ। अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालयको २०८०।८१ को वार्षिक विकास कार्यक्रममा महिला बालबालिका तथा ज्येष्ठ नागरिक कार्यक्रम कार्यान्वयनका लागि रु.५० लाख अन्तर सरकारी अख्तियारी प्राप्त भएकोमा

प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा कार्य गर्न मन्त्रालयले कर्णाली प्रदेशका १५ स्थानीय तहलाई बजेट बाँडफाँट गरी प्रति स्थानीय तह रु.३ लाखका दरले जम्मा रु.४५ लाख अख्तियारी पठाएको छ।

१७. **पेस्की बाँकी** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ७९(१) मा सरकारी पेस्की लिने कर्मचारीले तोकेको म्यादभित्र पेस्की फर्स्यौंट नगरेमा बाँकी पेस्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले ब्याजसमेत लगाउनु पर्ने उल्लेख छ। जिल्ला अस्पताल जाजरकोटका एक कोल्डचेन सुपरभाइजरले मिति २०८०।५।२ मा दादुरा रुवेला खोप अभियान सञ्चालन तथा नियमित खोप सुदृढीकरणको लागि रु.१४ लाख २८ हजार पेस्की लिएकोमा तोकिएको कार्यक्रम सञ्चालन नगरी उक्त पेस्की फर्स्यौंट हुन बाँकी रहेको देखिन्छ। सोही अवधिमा एक गैर सरकारी संस्थाले सोही प्रकृतिको कामको लागि सोही व्यक्तिलाई पेस्की दिई कार्यक्रम सञ्चालन गरेको देखियो। कार्यक्रम सञ्चालन गर्न दिएको पेस्की रकम समयभित्र नियमानुसार फर्स्यौंट गर्नुपर्दछ।

१८. **सम्झौता भन्दा बढी पेस्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीलाई खरिद सम्झौतामा व्यवस्था भए बमोजिम पेस्की दिन सकिने उल्लेख छ। दैलेख अस्पताल भवन निर्माणका लागी २०८१।२।३० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७८।२।१० मा रु.१८ करोड २३ लाख ९९ हजारको खरिद सम्झौता भएको छ। खरिद सम्झौताको सर्त नं. ५७.१ बमोजिम बढीमा १० प्रतिशतले हुने रु.१ करोड ८२ लाख ३९ हजारसम्म पेस्की दिन सक्नेमा रु.३ करोड ६४ लाख ७९ हजार दिएको छ। सम्झौताको सर्त भन्दा बढी पेस्की दिएको रु.१ करोड ८२ लाख ३९ हजारमा ब्याज समेत गणना गरी असुल हुनुपर्दछ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्

कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ को व्यवस्था बमोजिम प्रदेश सरकारको २०७७ पौष ६ गतेको निर्णयले कर्णाली प्रदेश खेलकुद विकास परिषद स्थापना भएको हो।

१९. **रङ्गशाला निर्माण** - सुर्खेतको बीरेन्द्रनगरमा दशौं राष्ट्रिय खेलकुद कार्यक्रम गर्ने उद्देश्यका साथ रु.१ अर्ब ५९ करोडको लागतमा कर्णाली प्रदेश रङ्गशाला निर्माण सुरु भएकोमा यस वर्षको रु.६९ करोड ६२ लाख समेत हालसम्म रु.१ अर्ब ४३ करोड ३० लाख ७२ हजार खर्च भएको छ। सम्झौता अनुसार २०८१।२।११ सम्म निर्माण सम्पन्न गरी २०८१ चैत्रमा हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने लक्ष्य रहेको थियो। खरिद सम्झौताको म्याद भित्र निर्माण कार्य सम्पन्न हुन नसकेकोले २०८१।६।११ गते सम्म म्याद थप गरेकोमा हालसम्म ८९.५३ प्रतिशत काम सम्पन्न भएको छ। परिषद्ले उक्त रङ्गशाला दीर्घकालीन रूपमा सञ्चालनका लागि व्यवसायिक योजना तयार गरेको छैन। सम्झौताअनुसार समयमा कार्य सम्पन्न गरी व्यावसायिक योजना सहित रङ्गशाला सञ्चालन गर्नुपर्दछ।

२०. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा करारका सर्तबमोजिम भुक्तानी गर्नुपर्दछ। कालिञ्चोक क्रिकेट ग्राउण्ड र ग्रिनरी निर्माण कार्यका लागि एक निर्माण व्यवसायीसँग २०८०।८।१७ मा रु.८१ लाख ८ हजारको खरिद सम्झौता भएको छ। निर्माण व्यवसायीलाई रु.७ लाख ३० हजार पेस्की दिएकोमा निर्माण व्यवसायीले पेस गरेको अन्तिम बिल रकम रु.८१ लाख ८ हजार भुक्तानी गर्दा पेस्की फर्स्यौंट गरेको छैन। पेस्की फर्स्यौंट नगर्ने पदाधिकारीलाई जिम्मेबार बनाई उक्त रकम नियमानुसार असुल हुनुपर्दछ।

२१. **सोझै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सीमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाखसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ। परिषद्ले दशौं राष्ट्रिय खेलकुद सञ्चालनको पूर्वतयारीको लागि खेलाडीलाई बन्द प्रशिक्षण लगायतका क्रियाकलाप सञ्चालनको लागि एक होटलबाट सोझै खरिद गरी रु.६१ लाख ७३ हजार भुक्तानी गरेको छ। खरिद ऐनमा भएको व्यवस्था अनुसार प्रतिस्पर्धाको माध्यमबाट खरिद कार्य गर्नु पर्दछ।

२२. **लेखापरीक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। यस परिषद्ले राष्ट्रिय खेलकुद परिषदबाट प्राप्त रु.३ करोड १६ लाख ३७ हजार र परिषदको नाममा कोष तथा लेखा नियन्त्रक कार्यालय, सुर्खेतको खातामा रहेको धरौटी रु.९ लाख ६४ हजार समेत रु.३ करोड २६ लाख १ हजारको लेखापरीक्षण गराएको छैन।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा दक्षता अभिवृद्धि, वार्षिक कार्यक्रम कार्यान्वयन, रकमान्तर, पुँजीगत खर्च, पूर्वाधार निर्माणमा भेरिएशन, मूल्य समायोजन, निर्माण कार्यको गुणस्तर, पूर्वनिर्धारित क्षतिपूर्ति र स्वास्थ्य उपकरण खरिद तथा उपयोग लगायतमा सुधार गर्नुपर्ने बेहोरा समावेश गरिएकोमा सोको कार्यान्वयन भएको पाइएन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ।
- **बेरूजु रकमको विवरण-** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायनुसार छः
  - सरकारी कार्यालयतर्फ ११ निकायमा यो वर्ष रु.१ करोड ८२ लाख १५ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पछि रु.३२ लाख १३ हजार फर्स्यौंट भई रु.१ करोड ५० लाख २ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।
  - समिति तथा अन्य संस्थासमेत ११ निकायमा रु.११ करोड २० लाख ४० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३० लाख ३८ हजार फर्स्यौंट गरेकोले रु.१० करोड ९० लाख २ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा छ।

कर्णाली प्रदेश योजना आयोग

कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ बमोजिम प्रदेशको दुरगामी सोच सहितको विकास अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेशस्तरका महत्त्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरूको अनुगमन एवं मूल्याङ्कन गरी प्राप्त सूचनाहरूको अध्ययन एवं विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रूपमा कार्य गर्ने जिम्मेवारी प्रदेश योजना आयोगको रहेको छ।

१. **लेखापरीक्षण अङ्क -** आयोगको निम्नानुसार रु.१ करोड ९९ लाख ३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन निकासा	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१९९०३	०	०	०	१९९०३

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

शीर्षकगत खर्च	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
चालुतर्फ	**३९९९७**	**४०८३७**	**१८६९४**	**४५.७८**
२११०० पारिश्रमिक सुविधा	१६५६६	१६५६६	८४७५	५१.१६
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	६८	६८	३३	४८.५३
२२१०० सेवा महसुल	७५९	७५९	२०४	२६.८८
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	२३८०	२३८०	१७९७	७५.५०
२२३०० कार्यालय सामान तथा सेवाहरू	१९२०	१९२०	९७६	५०.८३
२२४०० सेवा तथा परामर्श खर्च	३३९७	३३९७	२२५१	६६.२६
२२५०० कार्यक्रमसम्बन्धी खर्चहरू	९२४५	१०७४५	२३३४	२१.७२
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१९०२	१९०२	७०८	३७.२२
२२७०० विविध खर्च	७६०	७६०	३४४	४५.२६
२८१०० सम्पत्तिसम्बन्धी खर्च	३०००	२३४०	१५७२	६७.१८
पुँजीगततर्फ	**१०००**	१६६०	१२०९	**७२.८३**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१०००	१६६०	१२०९	७२.८३
कुल जम्मा	**४०९९७**	**४२४९७**	**१९९०३**	**४६.८३**

उल्लिखित विवरणअनुसार चालुतर्फ ४५.७८ प्रतिशत, पुँजीगततर्फ ७२.८३ प्रतिशत र समग्रमा ४६.८३ प्रतिशत खर्च भएको देखिन्छ।

३. **दीर्घकालीन रणनीति -** नेपाल सरकारबाट निर्धारण भएका समृद्धिका ११ र सुखका २३ गन्तव्य सूचकको आधारमा प्रदेशको आफ्नो मौलिक विशेषता सहित "समृद्ध कर्णाली, सुखारी कर्णालीवासी" दीर्घकालीन सोचसहित २५ वर्षीय दीर्घकालीन रणनीति तय गरेको छ। उक्त रणनीति अनुसार विक्रम सम्वत् २१०० सम्म कर्णालीबासीको वार्षिक औषत आर्थिक वृद्धिदर १०.५ प्रतिशत, प्रतिव्यक्ति आय १० हजार

अमेरिकी डलर र मानव विकास सूचकाङ्क ०.७६ पुऱ्याउनेलगायतका २० दीर्घकालीन परिमाणात्मक लक्ष्य सूचक तय गरेकोमा प्रथम पञ्चवर्षीय योजनाको समीक्षाअनुसार योजनाको अन्त्यसम्ममा आर्थिक वृद्धिदर १.९६ प्रतिशत, प्रतिव्यक्ति आय १०३१ अमेरिकी डलर, मानव विकास सूचकाङ्क ०.५३८ रहेको छ। दीर्घकालिन रणनीति प्राप्तिका लागि आवधिक, वार्षिक कार्यक्रमहरूको विश्लेषण गर्ने नतिजा सूचकहरूको विकास गरी नतिजा मूल्याङ्कन गर्नुपर्दछ।

४. **आवधिक योजना** - प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१) को मुख्य सूचकाङ्क र समीक्षा अवधिसम्मको उपलब्धि स्थिति निम्नानुसार छः

क्र.सं.	सूचक	एकाइ	आधार वर्ष २०७५।७६ को स्थिति	२०७९।८० सम्मको उपलब्धि
१.	वार्षिक औषत आर्थिक वृद्धिदर	प्रतिशत	५.७	१.९६
२.	प्रतिव्यक्ति आय (अमेरिकी डलर)	डलर	६०६	१०३१
३.	निरपेक्ष गरिबीको रेखामूनी रहेको जनसङ्ख्या	प्रतिशत	२८.९	२६.६९
४.	वहुआयामिक गरिबिमा रहेको जनसँख्या	प्रतिशत	५१.२	३९.५
५.	मानव विकास सूचकाङ्क	मानक	०.४२७	०.५३८
६.	लैङ्गिक विकास सूचकाङ्क	मानक	-	०.९०२
७.	उपभोगमा आधारित गिनी गुणक	गुणक	०.४२	०.२९
८.	जन्म हुँदाको अपेक्षित आयु	वर्ष	६७	७२.५
९.	मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा)	जना	-	१७२
१०.	५ वर्ष मूनिको बाल मृत्यूदर (प्रतिहजार जीवित जन्ममा)	जना	५८	४६
११.	पाँच वर्ष मूनिका कम तौल भएका बालबालिका	प्रतिशत	३५.६	१८
१२.	साक्षरता दर	प्रतिशत	६६	७६.१
१३.	माध्यामिक तह (९-१२) मा खूद भर्ना दर	प्रतिशत	५९.४	५६.२
१४.	उच्च शिक्षामा कुल भर्ना दर	प्रतिशत	६.१	१८.१
१५.	विद्युत उत्पादन	मेगावाट	८.२५	१६
१६.	विद्युतमा पहुँच प्राप्त परिवार	प्रतिशत	६७.५	७१
१७.	इन्टरनेट प्रयोगकर्ता	प्रतिशत	४०	७४
१८.	वेरोजगारी दर	प्रतिशत	९.७	७.५
१९.	आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या	प्रतिशत	५	६०.४
२०.	३० मिनेटसम्मको दूरीमा यातायात सुविधामा पहुँच भएको परिवार	प्रतिशत	-	७६.२

स्रोत- दोस्रो पञ्चवर्षीय योजनाको समीक्षा (२०८१।८२-२०८५।८६), कर्णाली प्रदेश।

उल्लिखित प्रगति विवरणअनुसार वार्षिक औसत आर्थिक वृद्धिदर, गरिवीमा रहेको जनसङ्ख्या, मानव विकास सूचकांक, विद्युतमा पहुँच प्राप्त परिवार, वेरोजगारी दर, साक्षरता दर लगायतको आधिकांश सूचकांकमा अपेक्षाकृत उपलब्धि हासिल हुन सकेको छैन। प्रादेशिक विकासको लागि तर्जुमा भएका नीति, योजना तथा कार्यलक्ष्यबाट प्राप्त नतिजाको समीक्षा गरी लक्षित कार्यक्रमबाट अपेक्षित उपलब्धि हासिल गर्न जोड दिनुपर्दछ।

५. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्यको आधार अवस्था अध्ययन गरी प्रकाशन गरेको प्रतिवेदन र प्रथम पञ्चवर्षीय योजनाको उपलब्धिको आधारमा समीक्षा अवधि २०७९।८० सम्म प्रदेशले हासिल गरेको दिगो विकास लक्ष्यको उपलब्धि देहायअनुसार छः

क्र.सं.	सूचक	एकाई	आर्थिक वर्ष २०७५।७६ को स्थिति	प्रदेशको २०७९।८० सम्मको प्रगति
१	गरिबीको अवस्था (निरपेक्ष गरिबी)	प्रतिशत	२८.९	२६.६९
२	भोकमरीको अन्त्य (आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेको घर परिवार)	प्रतिशत	२२.५	६८
३	पाँच वर्षमुनिको बाल मृत्यु दर (प्रति हजार जीवित जन्ममा)	जना	५८	४६
४	साक्षरता दर	प्रतिशत	६६	७६.१
५	आधारभूत खानेपानी सुविधा पुगेको परिवार	प्रतिशत	८६.२	८८
६	विद्युतमा पहुँच प्राप्त घरपरिवार	प्रतिशत	६७.५	७१
७	बेरोजगारी दर	प्रतिशत	९.७	७.५
८	३० मिनेटको दूरीमा सडक यातायातमा पहुँच पुगेको घरपरिवार	प्रतिशत	४७.५	७६.२

***स्रोतः** सोह्रौं योजना र कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६)।*

दिगो विकास लक्ष्यले आर्थिक वृद्धिलाई ५.७ प्रतिशतबाट १४.८ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा समीक्षा अवधि २०७९।८० सम्म १.९६ प्रतिशतमा सीमित भएको छ। त्यस्तै कुल गार्हस्थ्य उत्पादन रु.१ खर्ब १९ अर्बबाट रु.२ खर्ब ४१ अर्ब पुऱ्याउने लक्ष्य रहेकोमा समीक्षा अवधिसम्म रु.२ खर्ब २९ अर्ब १४ करोड पुगेको छ। निर्धारित सूचकमा लक्ष्यअनुसार प्रगति गरी दिगो विकासका लक्ष्य हासिल गर्नुपर्दछ।

६. **मध्यमकालीन खर्च संरचना -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुअघि सङ्घीय तथा प्रादेशिक आवधिक विकास योजनालाई मार्गदर्शनको रूपमा लिई आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। यो वर्ष निर्माण गरेको मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) बमोजिम यस वर्षका लागि रु.३४ अर्ब २९ करोड ५५ लाख बजेट प्रक्षेपण गरेकोमा प्रदेश सरकारले यस वर्ष रु.३३ अर्ब ३७ करोड ९७ लाख बजेट विनियोजन गरी रु.१९ अर्ब ८६ करोड ८२ लाख खर्च गरेको छ। मध्यमकालीन खर्च संरचना र बजेट बिच तादम्यता कायम गर्नुपर्दछ।

७. **प्रदेश विकास परिषद्-** कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ७ मा प्रदेश विकास परिषद् गठन सम्बन्धी व्यवस्था छ। प्रदेश विकास परिषद्मा हुने छलफलबाट प्राप्त सुझाव प्रदेश विकास समस्या समाधान समितिको बैठकमा पेस गर्ने, अनुदान बाँडफाँट सम्बन्धी सुझाव/सल्लाह कार्यान्वयनका साथै आयोजनाको अनुगमन गरी प्रदेश सरकारको कार्य सम्पादनमा प्रभावकारीता ल्याउन प्रदेश विकास परिषद्को बैठक सञ्चालन भएको देखिएन। प्रदेशको विकास निर्माणमा देखिएको नीतिगत समस्याहरूको समाधानका लागि प्रदेश विकास परिषदलाई क्रियाशील बनाइनुपर्दछ।

८. **आयोजना बैङ्क**- कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को बुँदा नं. ६ (क) ३ मा लाभ लागत लगायतका विविध बिश्लेषणका आधारमा आयोजना बैङ्क निर्माण गर्ने उल्लेख छ। कर्णाली प्रदेश समन्वय परिषद्बाट प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन योग्य आयोजनाहरूको आयोजना बैङ्क तयार गरी सो बैङ्कमा समावेश भएका आयोजनामात्र कार्यान्वयन गर्ने निर्णय भएतापनि आयोजना बैङ्क तयार भएको देखिएन। आयोजना बैङ्क स्थापना गरी प्राथमिकताका आधारमा आयोजनाहरू कार्यान्वयन गर्नुपर्दछ।

९. **बहुवर्षीय आयोजना -** कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७ को बुँदा नं. ३ मा बहुवर्षीय ठेक्का व्यवस्थापन गर्नु अघि सम्बन्धित मन्त्रालयले आयोजनाको प्रस्ताव, आयोजनाबाट प्राप्त हुन सक्ने लाभ र मन्त्रालयको बजेटको अवस्थासहित स्वीकृतिका लागि आयोगमा प्रस्ताव पेस गर्नुपर्ने र यसरी पेस भएको प्रस्ताव आयोगले सन्तुलित विकास र पञ्चवर्षीय आयोजनाको लक्ष्यसँगको तादाम्यताको आधारमा मूल्याङ्कन गरी उपयुक्त देखिएको प्रस्तावको सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई स्वीकृति दिने व्यवस्था छ। आयोगले यस वर्ष रु.७८ करोड ६२ लाख २० हजारको ६ बहुवर्षीय योजना स्वीकृत गरेकोमा सन्तुलित विकास र आवधिक योजनाको लक्ष्यसँग तादात्म्यताको आधार मूल्याङ्कन गरेको देखिएन।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आयोगको क्रियाशीलता, अनुगमन लगायतमा सुझाव दिइएकोमा अपेक्षित सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा, २४४ अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सङ्गठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवाको पदमा उपयुक्त उम्मेदवार छनोट गरी प्रदेश एवं स्थानीय तहको सार्वजनिक प्रशासन सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी बनाउन प्रदेश लोकसेवा आयोग ऐन, २०७५ बमोजिम आयोगको स्थापना भएको हो।

१. **लेखापरीक्षण अङ्क -** आयोगको निम्नानुसार रु.१० करोड २१ लाख ३१ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन निकासा	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
६९८०९	३१८८२	३९०	५०	१०२१३१

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
चालुखर्च	**९९०९५**	**९९२०५**	**६४७७२**	**६५.२९**
२११०० पारिश्रमिक सुविधा	३६१२७	३६२३७	२४६८६	६८.१२
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२१६	२१६	११८	५४.६३
२२१०० सेवा महसुल	१८१७	१८१७	८९५	४९.२६
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	४२३१	४२३१	२१९५	५१.८८
२२३०० कार्यालय सामान तथा सेवाहरू	४९८५	४९८५	३७९४	७६.११
२२४०० सेवा तथा परामर्श खर्च	५०५७	५०५७	३७३०	७३.७६
२२५०० कार्यक्रमसम्बन्धी खर्चहरू	३१००	३१००	८२४	२६.५८
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१४००	१४००	१०८१	७७.२१
२२७०० विविध खर्च	४१३०२	४१३०२	२६७७०	६४.८२
२८१०० सम्पत्तिसम्बन्धी खर्च	८६०	८६०	६७९	७८.९५
पुँजीगत खर्च	**१०९००**	**१०९००**	**५०३७**	**४६.२१**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१०९००	१०९००	५०३७	४६.२१
कुल जम्मा	**१०९९९५**	**११०१०५**	**६९८०९**	**६३.४०**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६५.२९ प्रतिशत, पुँजीगततर्फ ४६.२१ प्रतिशत र समग्रमा ६३.४० प्रतिशत खर्च भएको देखिन्छ।

३. **सेवा प्रवाह -** प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ६ मा प्रदेश र स्थानीय तहको विभिन्न पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन र सिफारिस लगायतका काम कर्तव्य आयोगलाई तोकिएको छ। आयोगले यो वर्ष ४१ पदको पाठ्यक्रम निर्माण गरेको, विभिन्न ५२७ पदको लागि विज्ञापन प्रकाशन गरेको, प्रदेश र स्थानीय तहको विभिन्न पदका लागि ९६ हजार

१९२ दरखास्त सङ्कलन गरेको, २३७ सेट प्रश्न पत्र निर्माण गरेको, ३८ हजार ४३१ उम्मेदवारको लिखित परीक्षा सञ्चालन गरेको छ। त्यस्तै लिखित परीक्षामा छनौट भएका मध्येबाट ४२७ कर्मचारी नियुक्तिका लागि सिफारिस गरेको छ।

४. **बैठक तथा निर्णय** - प्रदेश लोक सेवा आयोग ऐन,२०७५ को दफा ९ मा आयोगको बैठक र निर्णय सम्बन्धी व्यवस्था छ। आयोगबाट यो वर्ष ५३ बैठक बसी बढुवा सम्बन्धी ३, नीति नियम सम्बन्धी ५, परीक्षा अन्तर्वार्ता र नतिजा सम्बन्धी ७, पाठ्यक्रम मूल्याङ्कन सम्बन्धी १८ र विविध विषयमा २४ गरी जम्मा ५७ निर्णय भएका छन्।

५. आयोगको परामर्श - प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ६(३) मा प्रदेश सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सेवाको सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ। प्रदेश निजामती सेवा ऐनको मस्यौदा तयारीको सिलसिलामा प्रदेश निजामती सेवाको सेवा र सर्तसम्बन्धी कानुनको विषय र प्रदेश सेवामा रहने तह र पदका विषय तथा समायोजन भएका कर्मचारीको सेवा सुविधासम्बन्धी विषयमा आयोगबाट राय तथा परामर्श प्रदान गर्ने गरेको छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आयोगको क्रियाशिलता, अनुगमन लगायतमा सुझाव दिइएकोमा अपेक्षित सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० मा मुख्य न्यायाधिवक्तासम्बन्धी व्यवस्था छ। मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुने र संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएका अन्य अधिकारीहरूलाई राय सल्लाह दिने र प्रदेश सरकारका तर्फबाट मुद्दामा प्रतिरक्षा गर्ने मुख्य न्यायाधिवक्ताको काम कर्तव्य रहेको छ।

१. **लेखापरीक्षण अङ्क** -मुख्य न्यायाधिवक्ताको कार्यालयको निम्नानुसार रु.१ करोड ४७ लाख ९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ:

(रु. हजारमा)

विनियोजन निकासा	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१४७०५	४	०	०	१४७०९

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छ:

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा /खर्च	खर्च प्रतिशत
चालुतर्फ	**१७१७९**	**१७३७९**	**१४५०६**	**८३.४७**
२११०० पारिश्रमिक सुविधा	८०६७	८०६७	६५८५	८१.६३
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३९	३९	३०	७६.९२
२२१०० सेवा महसुल	२६८	३१८	३०३	९५.२८
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१२६७	१९३६	१८६८	९६.४९
२२३०० कार्यालय सामान तथा सेवाहरू	८०१	८०१	७९६	९९.३८
२२४०० सेवा तथा परामर्श खर्च	१९४०	१९४०	१६६१	८५.६२
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	२९१८	२१४९	१२८८	५९.९३
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	६२८	८७८	८६२	९८.१८
२२७०० विविध खर्च	३३५	३३५	३०६	९१.३४
२८१०० सम्पत्तिसम्बन्धी खर्च	९१६	९१६	८०७	८८.१०
पुँजीगततर्फ	**४५०**	**४५०**	**१९९**	**४४.२२**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	४५०	४५०	१९९	४४.२२
कुल जम्मा	**१७६२९**	**१७८२९**	**१४७०५**	**८२.४८**

उल्लिखित विवरण अनुसार चालुतर्फ ८३.४७ प्रतिशत, पुँजीगततर्फ ४४.२२ प्रतिशत र समग्रमा ८२.४८ प्रतिशत खर्च भएको देखिन्छ।

३. **बहस, पैरवी र राय परामर्श** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका सर्त सम्बन्धी ऐन, २०७५ को दफा ४(१) (क) बमोजिम प्रदेश सरकार वादी वा प्रतिवादी भएको मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस वा पैरवी गर्ने गराउने व्यवस्था छ। प्रदेश सरकारका विभिन्न निकायलाई

विपक्ष बनाई गत वर्षका ६० र यस वर्षका ३९ समेत ९९ मुद्दा दर्ता भएकोमा सर्वोच्च अदालतमा ६२, उच्च अदालतमा २९, प्रशासकीय अदालतमा १ र जिल्ला अदालतमा ७ मुद्दामा बहस पैरवी भई ३९ (३९.३९ प्रतिशत) फर्स्यौंट भई ६० (६०.६१ प्रतिशत) मुद्दा बाँकी रहेका छन।

४. **कानुन निर्माणमा राय -** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका सर्त सम्बन्धी ऐन, २०७५ को दफा ४(१) (ग) मा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा कानुन बनाउनुपर्ने वा भइरहेको कानुनमा कुनै संशोधन गर्नुपरेमा सो को कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष कानुन तर्जुमा वा संशोधन गर्न प्रदेश सरकार समक्ष सिफारिस गरेको छैन।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्यालयको क्रियाशिलता, अनुगमनलगायतमा सुझाव दिइएकोमा अपेक्षित सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

खण्ड

२

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा साझा अधिकारको व्यवस्था भए अनुसार कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी सेवा प्रवाह भइरहेको छ। संविधान बमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

१. **संवैधानिक र कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँ/नगर कार्यपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँपालिका र नगरपालिकाको हुने उल्लेख छ।

२. **काम, कर्तव्य र अधिकार** - संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिंचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - कर्णाली प्रदेशमा ७९ स्थानीय तह रहेका छन्। गाउँपालिकामा ५ देखि २१ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको सङ्ख्या, सिमाना, जनसङ्ख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा २५ नगरपालिका र ५४ गाउँपालिका रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ५२ नमूना कानुन उपलब्ध गराएको देखिन्छ। स्रोत सङ्कलन, विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानुन स्थानीय तहले बनाएका छैनन्। आवश्यकता अनुसारका कानुन बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन र सेवा प्रवाहमा प्रभावकारिता आएको छैन।

कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानुन निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने बेहोरा गत विगत वर्षमा औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ।

५. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहको आर्थिक कार्यविधिलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुकूल हुने गरी कानुन बनाउन बाँकी रहेको छ। आर्थिक कारोबार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुसार गरेको छ। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानुन बनाई लागू गर्नुपर्दछ।

६. **समग्र आय व्यय** -यो वर्ष लेखापरीक्षण भएका एक गाउँपालिका वक्यौतासमेत ८० स्थानीय तहको देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.४ अर्ब ३५ करोड ६५ लाख र यो वर्षको आय रु.४७ अर्ब २० करोड ३३ लाख समेत रु.५१ अर्ब ५५ करोड ९८ लाखमध्ये रु.४७ अर्ब ७८ करोड ३१ लाख खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रु.२५ अर्ब ७३ करोड ५७ लाख, पुँजीगत खर्च रु.१० अर्ब ६६ करोड ३२ लाख र अन्य खर्च रु.११ अर्ब ३८ करोड ४२ लाख रहेको छ र रु.३ अर्ब ७७ करोड ६७ लाख आगामी वर्षको लागि जिम्मेवारी सरेको छ। यस सम्बन्धी विवरण **अनुसूची-१५** मा छ।

(रु.लाखमा)

क सं	विवरण	सङ्ख्या	शुरु मौज्दात	सङ्घियबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बाँडफाँट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	कुल खर्च	मौज्दात बाँकी
१	नगरपालिका	२५	२०४०५	११५६८२	१७२९०	२४४४३	४५२९	४०१७६	२०२१२०	११५१९७	४३४६३	४५५५६	२०४२१६	१८३०९
२	गाउँपालिका	५४	२३००९	१४६४०३	२४८३३	३५७५६	३१८५	५६१९०	२६६३६७	१४०४९७	६२५९०	६७४६९	२७०५५६	१८८२०
३	वक्यौता	१	१५१	२१३४	४३७	५१५	२	४५८	३५४६	१६६३	५७९	८१७	३०५९	६३८
जम्मा		**८०**	**४३५६५**	**२६४२१९**	**४२५६०**	**६०७१४**	**७७१६**	**९६८२४**	**४७२०३३**	**२५७३५७**	**१०६६३२**	**११३८४२**	**४७७८३१**	**३७७६७**

द्रष्टव्य: हुम्ला जिल्लाको अदानचुली गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को बक्यौता यो वर्ष लेखापरीक्षण गरिएको छ। साथै सुर्खेत उपत्यका नगर विकास समितिको कारोबार अङ्क बीरेन्द्रनगर नगरपालिका, सुर्खेतमा समावेश गरिएको छ।

७. **वित्तीय हस्तान्तरण** - महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरण अनुसार यो वर्ष सङ्घीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ।

(रु.लाखमा)

क्र सं	अनुदानको किसिम	स्वीकृत बजेट			यथार्थ हस्तान्तरण		
		सङ्घ	प्रदेश	जम्मा	सङ्घ	प्रदेश	जम्मा
१	समानीकरण अनुदान	७३४६२	८०००	८१४६२	६८४०७	७८९३	७६३००
२	सशर्त अनुदान	१८४१६९	२८८२४	२१२९९३	१५८६८४	२४५६०	१८३२४४
३	विशेष अनुदान	७६९५	२७५५	१०४५०	५१३१	२१४६	७२७७
४	समपूरक अनुदान	५९५५	८४२५	१४३८०	२५६०	३५६४	६१२४
जम्मा		**२७१२८१**	**४८००४**	**३१९२८५**	**२३४७८२**	**३८१६३**	**२७२९४५**

स्थानीय तहका लागि स्वीकृत बजेटमध्ये नेपाल सरकारबाट ८६.५५ प्रतिशत तथा प्रदेश सरकारबाट ७९.५० प्रतिशत वित्तीय हस्तान्तरण भएको छ।

८. **आन्तरिक स्रोत** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउन सक्ने कर तथा शुल्कसम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष लेखापरीक्षण भएका ७९ स्थानीय

तहको २०८०।८१ को कुल आन्तरिक आय रु.७७ करोड १४ लाख रहेकोले स्थानीय तहको आन्तरिक आयले चालु खर्च धान्न नसकेको अवस्था छ। स्थानीय तहको क्षमता बढाई आन्तरिक आयमा वृद्धि गर्नुपर्दछ।

९. **खर्च व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट पेस र पारित गर्ने तथा दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधिसम्बन्धी व्यवस्था छ। लेखापरीक्षण गरिएका ७९ स्थानीय तह र एक गाउँपालिकाको बक्यौता समेतको कुल खर्च रु.४७ अर्ब ७८ करोड ३१ लाखमध्ये चालु खर्च रु.२५ अर्ब ७३ करोड ५७ लाख (५३.८६ प्रतिशत), पुँजीगत खर्च रु.१० अर्ब ६६ करोड ३२ लाख (२२.३२ प्रतिशत) र अन्य खर्च रु.११ अर्ब ३८ करोड ४२ लाख (२३.८२ प्रतिशत) रहेको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) बमोजिम स्थानीय तहले आफूले उठाएको आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नुपर्ने प्रावधानको पालना हुन सकेको छैन।

१०. **प्रदेश र स्थानीय तहबीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद्को व्यवस्था छ। प्रदेश सरकारले स्थानीय तहमा स्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न प्रदेश समन्वय परिषद्ले प्रदेश सरकार र स्थानीय तहबिच समन्वय कायम गर्नुपर्दछ।

११. **लेखापरीक्षणमा बेरुजु अङ्क** - यो वर्ष एक गाउँपालिका वक्यौता समेत ८० स्थानीय तह लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक ४ हजार ९१२ दफा र लगती ८ हजार ४११ दफाबाट रु.२ अर्ब ६६ करोड ७७ लाख ३८ हजार बेरुजु औंल्याइएकोमा स्थानीय तहहरूबाट प्राप्त प्रतिकृयाबाट रु.१४ करोड ५६ लाख १९ हजार बेरुजु फर्स्यौट हुँदा रु.२ लाख ५८ हजार बेरुजु थप भई रु.२ अर्ब ५२ करोड २३ लाख ७७ हजार बेरुजु बाँकी रहेको छ। बाँकी रहेको बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

वर्गीकरण	बेरुजु अङ्क रु.	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**३०१५६९**	**११.९६**
२. नियमित गर्नुपर्ने	**१९७२०९४**	**७८.१८**
२.१ अनियमित भएको	१०३८६७१	४१.१८
२.२ प्रमाण कागज पेस नभएको	९३३४२३	३७.००
३. पेस्की	**२४८७१४**	**९.८६**
जम्मा बेरुजु	**२५२२३७७**	**१००**

द्रष्टव्य: *उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।*

लेखापरीक्षण भएका स्थानीय तहमध्ये स्थानीय तहको प्रकार अनुसार लेखापरीक्षण अङ्कमा बेरुजु अङ्क निम्न रहेको छ।

(रु.हजारमा)

क.सं.	स्थानीय तह	स्थानीय तह संख्या	लेखापरीक्षण रकम	पेस्कीसमेत बेरुजु	बेरुजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
१	नगरपालिका	२५	४०६३३६७८	१०२३४५६	१०३५४०	२.५२	२.२६
२	गाउँपालिका	५४	५३६९२३०४	१४७०७४३	१४४५५४	२.७४	२.४७
३	बक्यौता	१	६६०४६९	२८१७८	६२०	४.२७	४.१७
जम्मा		**८०**	**९४९८६४५१**	**२५२२३७७**	**२४८७१४**	**२.६६**	**२.३९**

यस सम्बन्धी विस्तृत विवरण **अनुसूची- १५** मा समावेश छ।

१२. **असुली** - यो वर्ष स्थानीय तहको लेखापरीक्षणको क्रममा, प्रारम्भिक प्रतिवेदन पठाएपछि प्राप्त प्रतिक्रिया र सम्परीक्षणबाट रु.१७ करोड २३ लाख ७९ हजार असुली भएको छ। असुली रकमको विवरण निम्नानुसार रहेको छ।

क्र.सं.	विवरण	रकम (रु.हजारमा)
१	लेखापरीक्षणको क्रममा	६३८२४
२	प्रारम्भिक प्रतिवेदन पठाएपछि	२२१५८
३	सम्परीक्षणबाट	८६३९७
जम्मा		**१७२३७९**

१३. **लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षणबाट देखिएका मुख्य बेहोरा देहायअनुसार छन् :

- **कानुन निर्माण तथा परिपालना -** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमूना कानुनअनुसार स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरूपता नरहेको, कानुनको परिपालना नभएको लगायत बेहोरा देखिएका छन्।

- **वित्तीय विवरण तथा लेखापरीक्षण -** तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारामहरू पूर्णरूपमा प्रयोगमा नल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दात भन्दा फरक हुने गरी यस वर्ष जिम्मेवारी सारेको, वर्षान्तको मौज्दात फरक परेकोमा बैङ्क हिसाब मिलान विवरण तयार नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको, सबै आर्थिक कारोबारहरू स्थानीय सञ्चित कोष प्रणाली (सुत्र) बाट नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फर्स्यौट तथा सम्परीक्षण नगराएको स्थिति देखिएको छ।

- **सङ्गठन संरचना तथा मानव संसाधन -** कार्यबोझको आधारमा दरबन्दी स्वीकृति र पदपूर्ति नगरेको, दक्ष र तालिम प्राप्त जनशक्ति कमी हुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, दरबन्दी बेगर करार सेवामा नियुक्ति गरेको, कार्यसम्पादन सूचक बेगर अतिरिक्त तथा थप प्रोत्साहन भत्ता खर्च लेखेको, एकमुष्टरूपमा कर्मचारी कल्याणकोषमा रकम ट्रान्सफर गरेको, पदाधिकारी तथा कर्मचारीलाई कानुनमा व्यवस्था नभएका बिभिन्न सुविधा प्रदान गरेको लगायत बेहोरा देखिएका छन्।

- **योजना तर्जुमा बजेट तथा कार्यक्रम** - यो वर्ष ३ स्थानीय तहले तोकिएको समयमा बजेट पेस नगरेको, ३८ स्थानीय तहले रु.३१ करोड ३९ लाख १० हजार बजेट अवण्डामा राखी पटके निर्णयबाट बाँडफाँट गरी खर्च गरेको, कतिपय स्थानीय तहले बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि स्वीकृत नगरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, राजस्व तथा व्ययको अनुमान यथार्थपरक नभएको र विभिन्न कोषमा रहेका रकम प्रयोजन समाप्त भएपछि सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको स्थिति देखिएको छ।

- **आन्तरिक आय** - लक्ष्य अनुसार सम्पत्ति कर, बहाल कर लगायतका राजस्व असुली नभएको, विभिन्न व्यक्ति वा संस्थाबाट उठ्न बाँकी रकम असुल नगरेको, असुल भएको राजस्व तोकिएको अवधिभित्र सञ्चित कोष दाखिला नगरेको, प्रतिस्पर्धात्मक विधिबाट समयमा नै आय ठेक्का नगरेको एवं सम्झौता अनुसारको रकम असुल नगरेको, ६ स्थानीय तहले प्रदेश कानुनअनुसार रु.५७ लाख ७६ हजार राजस्व बाँडफाँट नगरेको लगायत बेहोरा देखिएका छन्।

- **खरिद व्यवस्थापन** - आवश्यकता पहिचान नगरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको एवं पेस भएका प्रतिवेदनहरू स्वीकृत गरी कार्यान्वयन नगरेको, ५५ स्थानीय तहले रु.१९ करोड १९ लाख २५ हजारको परामर्शसेवा खरिद गरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, ६२ स्थानीय तहले प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी रु.४० करोड ९९ लाख ६५ हजारको सोझै खरिद गरेको, खरिद कार्य समयमा सम्पन्न नगरेको, उपभोक्ता समितिले सम्झौता अनुसारको योगदान नगरेको, मालसामान खरिदमा ओभरहेड भुक्तानी गरेको, भेरिएसन स्वीकृत नगराई खरिद सम्झौतामा उल्लेख भएको भन्दा बढी परिमाणमा भुक्तानी गरेको, सुत्र एवं सूचकाङ्क फरक पारी १० स्थानीय तहले रु.१ करोड २६ लाख ९४ हजार बढी मूल्य समायोजन भुक्तानी गरेको लगायतका बेहोरा देखिएका छन्।

- **खर्च व्यवस्थापन** - आन्तरिक आयको विश्लेषण नगरी सुविधा एवं भत्ता वितरण र बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेस्की रकम म्यादभित्र फर्स्यौट नगरेको, विद्यालयका शिक्षकहरूको पारिश्रमिक तथा अन्य रकमहरू बढी निकासा गरेको, निश्चित मापदण्ड बेगर आर्थिक सहायता वितरण गरेको, वितरणमुखी तथा अनुत्पादक खर्च गरेको, अनुदान वितरणको मापदण्ड तथा कार्यविधि नबनाएको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, १९ स्थानीय तहले खर्च नभई बाँकी रहेको तथा सर्त विपरीत खर्च गरेको रु.४ करोड ४८ लाख १६ हजार अनुदान रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको लगायत बेहोरा देखिएका छन्।

- **राजस्व मस्यौट** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलीपल्ट यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने तथा ढिलो गरी दाखिला गर्दा दश प्रतिशतका दरले जरिबानासमेत असुल गरी प्रचलित कानुनबमोजिम विभागीय कारबाही गर्नुपर्ने व्यवस्था छ। बीरेन्द्रनगर नगरपालिका अन्तर्गतको सुर्खेत उपत्यका नगर विकास समितिले पेस गरेको एकीकृत आय-व्यय विवरणमा देखाएको नगद तथा बैङ्क मौज्दात रु.३ करोड ६२ लाख ८८ हजारमध्ये नगद मौज्दात रु.५३ लाख ५२ हजार रहेको छ। सटरकवल तथा जग्गा भाडा लगायतको राजस्व

असुलीका लागि सहायक लेखापालले नगदी रसिद बुझीलिई नगदी रसिदबाट भएको आम्दानी बैङ्क दाखिला तथा गोश्वारा भौचरमा प्रविष्टि नगरी एकीकृत आय-व्यय विवरणमा नगद मौज्दात देखाएकोले उक्त रकम प्रचलित कानुनबमोजिम छानविन गरी असुल गर्नुपर्दछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए नभएको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनुपर्ने व्यवस्था छ। समितिबाट लेखापरीक्षणको क्रममा पेस भएको रसिद नियन्त्रण खाता, नगदी रसिद तथा बैङ्क दाखिला भौचर परीक्षण गर्दा सहायक लेखापालले सटरकबल तथा जग्गा भाडाको राजस्व असुलीको लागि विगत ४ आर्थिक बर्षमा जारी गरेका नगदी रसिदबाट भएको आम्दानी रु.२ करोड ५३ लाख ५८ हजार स्रेस्तामा प्रविष्टि तथा बैङ्क दाखिला नगरी राजस्व मस्यौट गरेको देखिएकोले प्रचलित कानुन बमोजिम छानविन गरी असुल गर्नुपर्दछ।

- **अभिलेख तथा अनुगमन -** स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फस्यौंट हुन बाँकी पेस्की र बेरुजुको अभिलेख नराखेको अवस्था छ। लक्षितवर्गमा दिने अनुदान सो समूहमा पुगे नपुगेको अनुगमन नगरेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवं गुणस्तरको अनुगमन नगरेको, पालिकाभित्र उत्पादन भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन गर्न नसकेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन गरेको लगायतका अवस्था देखिएका छन्।

स्थानीय तहले स्रोत र साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाह तथा जिम्मेवारी एवं जवाफदेहिताको पालना सम्बन्धमा देखिएका बेहोराहरू सम्बन्धित स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ।

१४. **बेरुजु फस्यौंट तथा सम्परीक्षण** - कर्णाली प्रदेशका ७९ स्थानीय तहको गत वर्षसम्मको कुल बेरुजु रु.१८ अर्ब ८० करोड ९९ लाख २ हजार रहेकोमा यो वर्ष सम्परीक्षणबाट रु.८३ करोड ४४ लाख ४१ हजार फस्यौंट भई रु.१७ अर्ब ९७ करोड ५४ लाख ६१ हजार बाँकी रहेकोमा यस वर्षको लेखापरीक्षणबाट थप भएको रु.२ अर्ब ५२ करोड २३ लाख ७७ हजारसमेत रु.२० अर्ब ४९ करोड ७८ लाख ३८ हजार बेरुजु बाँकी रहेको छ।

१४.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखा-परीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुन बमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले यस सम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजु असुल फस्यौंट एवं नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख

छ। स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजु फर्स्यौंटको विधि र प्रक्रियासमेत खुलाई आवश्यक कानुनी व्यवस्था र बेरुजु फर्स्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

१५. **लेखापरीक्षण बक्यौता -** लेखापरीक्षण ऐन, २०७५ को दफा २० अनुसार स्थानीय तहको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ । हुम्ला जिल्लास्थित चंखेली गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को विगत वर्षमा लेखापरीक्षण नगराएकोमा यो वर्ष पनि लेखापरीक्षण गराएको छैन ।

परिच्छेद

8



लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

परिच्छेद-४
लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औँल्याइएका बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फर्स्यौंट गरी सम्परीक्षणका लागि महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्था छ। यस सम्बन्धी बेहोरा निम्न छन्:

१. **प्रतिवेदन कार्यान्वयन** - प्रदेशको सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको ब्यहोरामा छलफल हुने व्यवस्था अनुसार हालसम्मको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन प्रदेश सभामा पेस भई प्रदेश सार्वजनिक लेखा समितिमा छलफल भएको छ। प्रतिवेदनउपर लेखा समितिले दिएको निर्देशन कार्यान्वयन बाँकी रहेकोले सभाको निर्णयअनुसार बेरुजु फर्स्यौंट गरी आगामी दिनमा दोहोरिन नदिने व्यवस्था गर्नुपर्दछ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको १२८ कार्यालयको लेखापरीक्षण हुँदा ९१ कार्यालयको लगती बेरुजु रु.३५ करोड ४७ लाख ८२ हजार देखिएकोमा १६ कार्यालयको प्रमाण तथा प्रतिक्रियाको आधारमा रु.४८ लाख ६२ हजार फर्स्यौंट भएको छ। बाँकी कार्यालयको प्रतिक्रिया प्राप्त भएतापनि फर्स्यौंट हुन नसकी सुरु बेरुजु नै कायम भएको छ। प्रदेश कानुनी व्यवस्था बमोजिमको प्रक्रिया पुरा गर्दासमेत २०८०।८१ को बेरुजु फर्स्यौंट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची-१६** मा समावेश गरिएको छ। समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १२ समितिको बेरुजु रु.११ करोड २५ लाख ९९ हजार देखिएकोमा ३ समितिको प्रमाण तथा प्रतिक्रियाको आधारमा रु.३० लाख ३८ हजार फर्स्यौंट भएको छ। कानुनबमोजिम बाँकी बेरुजु फर्स्यौंट गर्नुपर्दछ।

३. **सम्परीक्षण** - गत वर्ष प्रदेशको सरकारी कारोबार र समिति तथा अन्य संस्थातर्फको रु.३ अर्ब ९४ करोड ८२ लाख ५४ हजार बेरुजु रहेकोमा रु.२९ करोड ६८ लाख ४४ हजार संपरीक्षण हुँदा थप भएको रु.९६ लाख ९२ हजारसमेत रु.३ अर्ब ६६ करोड ११ लाख २ हजार बाँकी रहेको छ। यो वर्ष थप भएको रु.४५ करोड ९४ लाख ८२ हजारसमेत अद्यावधिक बेरुजु रु.४ अर्ब १२ करोड ५ लाख ८४ हजार पुगेको छ।

४. **प्रतिवेदन कार्यान्वयनका प्रयास** - बेरुजु फर्स्यौंट गरी प्रतिवेदन कार्यान्वयन गर्न स्थलगत खटिएको टोलीबाट सम्परीक्षण गरी स्थलगत जानकारी दिने व्यवस्था गरिएको छ। संपरीक्षण गरिएको अङ्क र संपरीक्षणको लागि पेस नभएको अवस्थामा सोही बेहोरा प्रारम्भिक प्रतिवेदनमा खुलाइएको छ। प्रदेश प्रमुख समक्ष यस अघि पेस भएका ६ वर्षको लेखापरीक्षण प्रतिवेदन उपर सार्वजनिक लेखा समितिमा छलफल सम्पन्न भई प्रदेश सभाबाट प्रतिवेदन स्वीकृत भएको छ। सार्वजनिक लेखा समितिले दिएका अन्य निर्देशन तथा सुझाव कार्यान्वयन गर्नुपर्दछ।

५. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औँल्याइएको सुझाव अनुसार सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनुपर्दछ। प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ।

परिच्छेद

५



भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद . ५

भविष्यमा गर्नुपर्ने सुधार

दिगो विकासका लागि स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्न प्रयत्नशील रहनुपर्दछ। प्रदेशले यसका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरी उपयुक्त संगठनात्मक संरचना, कर्मचारी व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन तथा परिचालनलगायतका कार्यहरू गर्नुपर्दछ। प्रदेश सरकारको कार्य सञ्चालनमा आर्थिक र वित्तीय अनुशासन कायम गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

शासकीय प्रबन्ध

१. प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका एकल तथा साझा अधिकार सूचीअनुसारका आवश्यक कानुन सम्बद्ध पक्षसँगको समन्वयमा तर्जुमा गरी कार्य सम्पादन प्रभावकारी बनाउनुपर्दछ।

२. नेपालको संविधानको धारा ५९ को उपधारा ७ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासनसम्बन्धी व्यवस्था संघीय कानुनबमोजिम हुने उल्लेख भएकोमा यससम्बन्धी कानुन निर्माण गर्दा सङ्घीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।

३. प्रत्यायोजित अधिकारअन्तर्गत कानुन निर्माण गर्दा सोमा समेटिएका विषय प्रत्यायोजित अधिकारक्षेत्रभित्र रहेको सुनिश्चितता हुनुपर्दछ। यस्ता कानुन बनाउने अधिकारको स्रोत सो कानुनमा उल्लेख गरेको हुनुपर्दछ।

४. सङ्घ, प्रदेश र स्थानीय तहबिच संरचना र काममा हुने दोहोरोपनालाई अन्त्य गर्दै सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

५. मन्त्रालयहरूले मातहत कार्यालयहरूबाट गराउनु पर्ने कार्यहरू मन्त्रालयमा एकमुष्ट बजेट राखी आफैं गर्ने गरेको देखिएकोले मन्त्रालयहरू कार्य सञ्चालन स्तरका काममा संलग्न नभई नियमन, समन्वय, अनुगमन कार्यमा केन्द्रित रहनुपर्दछ।

६. सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

७. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।

८. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

सार्वजनिक वित्त व्यवस्थापन

९. क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था र जनसहभागिता लगायतका पक्षमा ध्यान दिई कार्यान्वयनयोग्य बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

१०. पूर्वानुमान गर्न सकिने प्रयोजनका लागि समेत अर्थ विविध वा अवण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने कार्यबाट विकास निर्माण कार्यको गुणस्तरमा समेत कमी आउने भएकोले यस्तो प्रवृत्तिमा सुधार गर्नुपर्दछ।

११. पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षमा भुक्तानी सार्ने गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१२. सङ्घ/प्रदेश/स्थानीय तहबीच अनुदान निकासाको सम्बन्धमा अनुदान प्राप्त गर्ने तहमा वर्षान्तमा बाँकी रहेको मौज्दात कानुन बमोजिम फिर्ता गर्नुपर्ने भएमा आर्थिक वर्ष समाप्तिपश्चात मात्र फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

१३. निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोरिने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।

१४. राजस्वबाट चालु खर्च धान्न कठिनाइ भइरहेको सन्दर्भमा उपयुक्त कार्य विवरण बेगरको पद र कार्यक्षेत्र दोहोरो पर्ने गरी स्थापना भएका निकायहरूको आवश्यकता सम्बन्धमा पुनरावलोकन गरिनुपर्दछ।

१५. अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी मात्र अनुदान प्रदान गर्नुपर्दछ।

१६. व्यावसायिक प्रकृतिका संस्थाहरूलाई पुँजीगत प्रकृतिको कार्यमा खर्च गर्न अनुदान दिँदा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरूमा लगानी गर्दा लगानीको प्रकृति (शेयर वा ऋण) उल्लेख हुनु पर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

१७. सार्वजनिक निकायले जुनसुकै हिसाबले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अभिलेख राख्नुपर्दछ।

१८. जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरू आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोग हुने सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्नुपर्दछ।

१९. मर्मत सम्भार हुन सक्ने जिन्सी सामग्री मर्मत सम्भार गरी सार्वजनिक सम्पत्तिको उच्चतम उपयोग गर्नुपर्दछ।

२०. प्रयोगमा नरहेका भवन, उपकरण, सवारी साधनलगायत सम्पत्तिहरू उपयोग हुने सार्वजनिक क्षेत्रमा हस्तान्तरण एवं व्यवस्थापन गर्नुपर्दछ।

२१. खर्च भएर नजाने प्रकृतिका कतिपय सम्पत्तिहरू प्रयोगकर्ता परिवर्तनपश्चात् पुनः प्रयोगमा नल्याई नयाँ खरिद गर्ने प्रवृत्ति देखिएकोले यस्ता सम्पत्तिको उपयोगी आयु तय गरी सो अवधिभित्र त्यस्ता सम्पत्ति एउटै प्रयोगकर्तालाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

२२. मुआब्जा वितरण भइसकेका जग्गा अनिवार्य रूपमा सरकारी स्वामित्वमा ल्याई सोको अभिलेख, संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

विकास व्यवस्थापन

२३. दिगो विकास लक्ष्य, आवधिक योजना मध्यमकालीन खर्च संरचना तथा बजेटबिच सामञ्जयता कायम गर्नुपर्दछ।

२४. प्रदेश सरकारले आयोजना बैङ्क स्थापना गरी आयोजना बैङ्कमा राखेका आयोजनाहरूलाई मात्र बजेट विनियोजन गरी आयोजनाहरू कार्यान्वयन गर्नुपर्दछ।

२५. सङ्घबाट प्रदेशमा हस्तान्तरण भएका र प्रदेशबाटै कार्यान्वयन सुरु गरिएका क्रमागत योजनाहरूलाई बजेट विनियोजन नगरी अधुरो राख्ने गरेको देखिएकोले ती योजनाहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्दछ। लाभ लागतको दृष्टिकोणले उपयुक्त नदेखिएमा सो को कारण खुलाई कानुन बमोजिम टुङ्ग्याउनु पर्दछ ।

२६. एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

२७. जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्यसमेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।

२८. विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। कार्यालयमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने र विशेष प्राविधिक विज्ञता आवश्यक पर्ने कार्यमा मात्र परामर्श सेवा लिनु पर्दछ ।

२९. खरिद सम्झौताको म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।

३०. उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिएबमोजिमको जनसहभागिताको अंश समितिबाट बेहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश बेहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई समेत जवाफदेही बनाउनुपर्दछ।

सूचना प्रविधि

३१. सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

३२. एकै प्रकारको कामको लागि निकायगतरूपमा भिन्ना-भिन्नै सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

३३. प्रदेश मातहतका कार्यालयहरूले प्रयोग गरेको सूचना प्रविधि प्रणालीले आवश्यकतानुसार सूचना प्रदान गर्न नसकेकोले यसमा सुधार हुनुपर्दछ।

३४. तथ्याङ्क सत्यापान गर्ने प्रणालीको विकास गर्ने तथा सार्वजनिक निकायबाट सञ्चालित सूचना प्रविधि प्रणालीको नियमित रूपमा परीक्षण गरी सूचना प्रविधिको विश्वसनियतामा अभिवृद्धि गर्नुपर्दछ।

३५. खरिद भएका सफ्टवेयरहरूको सोर्सकोड प्राप्त भएको सुनिश्चित गर्नुपर्दछ।

सार्वजनिक प्रशासन

३६. प्रदेश र स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

३७. एउटै कर्मचारीलाई एकभन्दा बढी निकायको जिम्मेवारी दिने, विकल्प हुँदा समेत निमित्तबाट प्रशासन सञ्चालन गर्ने एवं कानुनी व्यवस्था विपरीत ३ महिना भन्दा बढि काजमा खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३८. प्रादेशिक अस्पतालहरूमा प्रयोग नभएका स्वास्थ्य उपकरण प्रयोगमा ल्याइ बिग्रिएका उपकरणहरू मर्मत सम्भार र सञ्चालन गरी स्वास्थ्य सेवालाई सुलभ र प्रभावकारी बनाउनुपर्दछ।

३९. स्वास्थ्य संस्थाको इजाजत तथा नवीकरणको अभिलेख अद्यावधिक गरी ती संस्थाहरुको नवीकरण गर्नु पर्दछ ।

४०. सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सेवाग्रांही सन्तुष्टि सर्वेक्षणको माध्यमबाट सेवालाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

४१. प्रदेश सुशासन केन्द्रको सवलीकरण गरी बहुसीपमूलक जनशक्ति तयार गर्न आवश्यक तालिम प्रदान गर्नुपर्दछ।

४२. अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।

सुशासन

४३. सार्वजनिक निकायले आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।

४४. अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

४५. प्रदेश सभाका विशेष समिति, प्रदेश मन्त्रिपरिषद्, प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ ।



अनुसूचीहरू

अनुसूचीहरू

अनुसूची - १
(प्रतिवेदनको परिच्छेद १ र २ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका प्रदेश कार्यालयहरूको विवरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार) २०८०।८१

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकाय/कार्यालयको नाम	कार्यालय सङ्ख्या	बेरुजु भएका कार्यालय	बेरुजु रकम
१	कर्णाली प्रदेश सभा सचिवालय	१	१	०
२	मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कर्णाली प्रदेश	३	३	२२३१
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय, विरेन्द्रनगर	१	१	४१०९६
४	आर्थिक मामिला तथा योजना मन्त्रालय, विरेन्द्रनगर	११	९	१३१५०
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, विरेन्द्रनगर	२६	२६	२६६१६
६	जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, विरेन्द्रनगर	११	११	५४६५७
७	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, विरेन्द्रनगर	२७	२७	१५६०७
८	भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, विरेन्द्रनगर	१८	१८	१८२१२०
९	सामाजिक विकास मन्त्रालय, विरेन्द्रनगर	३९	३६	१२४००५
१०	कर्णाली प्रदेश योजना आयोग	१	१	०
११	कर्णाली प्रदेश लोक सेवा आयोग	१	१	०
१२	मुख्य न्यायाधिवक्ताको कार्यालय, कर्णाली प्रदेश	१	१	०
	जम्मा	**१४०**	**१३५**	**४५९४८२**

अनुसूची - १(क)
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण
२०८०।८१

क्र.सं.	मन्त्रालय र निकायको नाम	कार्यालय सङ्ख्या
१	**प्रदेश सभा सचिवालय**	**१**
२	**मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय**	**३**
२.१	मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय	१
२.२	कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान	१
२.३	प्रादेशिक कार्यक्रम कार्यान्वयन एकाइ	१
३	**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**	**१**
४	**आर्थिक मामिला तथा योजना मन्त्रालय सुर्खेत**	**११**
४.१	आर्थिक मामिला तथा योजना मन्त्रालय	१
४.२	प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत	१
४.३	प्रदेश लेखा एकाइ कार्यालयहरू	९
५	**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**	**२६**
५.१	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सुर्खेत	१
५.२	उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत	१
५.३	उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरू	९
५.४	वन तथा वातावरण निर्देशनालय सुर्खेत	१
५.५	डिभिजन वन कार्यालयहरू	११
५.६	भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू	२
५.७	वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र सुर्खेत	१
६	**जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय**	**११**
६.१	जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	१
६.२	खानेपानी, सिंचाइ तथा ऊर्जा विकास निर्देशनालय	१
६.३	खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालयहरू	९
७	**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**	**२७**
७.१	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१
७.२	कृषि विकास निर्देशनालय सुर्खेत	१
७.३	कृषि विकास कार्यालयहरू	९
७.४	पशुपंछी विकास निर्देशनालय सुर्खेत	१
७.५	पशु अस्पताल तथा पशु सेवा कार्यालयहरू	९
७.६	कृषि तथा पशुपंक्षी व्यवसाय प्रर्बद्धन प्रशिक्षण केन्द,सुर्खेत	१
७.७	वागवानी विकास केन्द्र	२
७.८	भुमी व्यवस्था तथा सहकारी रजिष्टारको कार्यालय	१
७.९	एकीकृत कृषि प्रयोगशाला	१
७.१०	पहाडी क्षेत्र काष्ठफल तथा फलपुल विकास आयोजना कार्यान्वयन एकाइ	१
८	**भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय**	**१८**

क्र.सं.	मन्त्रालय र निकायको नाम	कार्यालय सङ्ख्या
८.१	भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	१
८.२	पूर्वाधार विकास निर्देशनालय सुर्खेत	१
८.३	पूर्वाधार विकास कार्यालयहरू	९
८.४	सडक कार्यालयहरू	२
८.५	यातायात व्यवस्था कार्यालयहरू	३
८.६	ग्रामिण सडक सञ्जाल सुधार आयोजना	१
८.७	प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना	१
९	**सामाजिक विकास मन्त्रालय**	**३९**
९.१	सामाजिक विकास मन्त्रालय सुर्खेत	१
९.२	शिक्षा विकास निर्देशनालय सुर्खेत	१
९.३	सामाजिक विकास कार्यालयहरू	९
९.४	स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत	१
९.५	स्वास्थ्य सेवा कार्यालयहरू	८
९.६	जनस्वास्थ्य सेवा कार्यालयहरू	२
९.७	प्रदेश जनस्वास्थ्य प्रयोगशाला सुर्खेत	१
९.८	मानव संसाधन विकास केन्द्र, सुर्खेत	१
९.९	जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरू	९
९.१	प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र, सुर्खेत	१
९.११	प्रदेश संग्रहालय तथा अभिलेखालय, सुर्खेत	१
९.१२	प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन कार्यालय	१
९.१३	प्रदेश खेलकुद परिषद् सुर्खेत	१
९.१४	प्रदेश अस्पताल, सुर्खेत	१
९.१५	मेहलकुना अस्पताल, गुर्भाकोट	१
१०	**कर्णाली प्रदेश योजना आयोग**	**१**
११	**प्रदेश लोकसेवा आयोग**	**१**
१२	**मुख्य न्यायधिवक्ताको कार्यालय**	**१**
जम्मा		**१४०**

अनुसूची-२

(प्रतिवेदनको परिच्छेद १ को दफा १.१ सँग सम्बन्धित)

प्रदेश कार्यालयको लेखापरीक्षण रकम

२०८०।८१

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/ निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	
१	कर्णाली प्रदेश सभा सचिवालय	१	१०९७९३	१	१०९७९३	१	४६२	१	४६२	१	६९३	१	६९३	१	७३	१	७३	१११०२१
२	मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय	२	३३००१८	२	३३००१८	२	१५६	२	१५६	२	१५७१	२	१५७१	१	६२३९४	१	६२३९४	३९४१३९
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	२५९६७८	१	२५९६७८	१	११२९	१	११२९	१	६६९८	१	६६९८	१	२२५३४२	१	२२५३४२	४९२८४७
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	११	१३३९२३	११	१३३९२३	१०	७७१०८३७	१०	७७१०८३७	११	२०४१७	११	२०४१७	७	३०३३८	७	३०३३८	७८९५५१५
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२६	१४१६८६३	२६	१४१६८६३	२६	११०९१८	२६	११०९१८	२६	११०८३१	२६	११०८३१	१४	३६७५५	१४	३६७५५	१६७५३६७
६	जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	११	२४१२९८५	११	२४१२९८५	७	४५२६	७	४५२६	११	३९४५८२	११	३९४५८२	२	१५४४	२	१५४४	२८१३६३७
७	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२७	१४६४३५५	२७	१४६४३५५	२४	५२५७	२४	५२५७	२१	३०६९२	२१	३०६९२	६	३४७०	६	३४७०	१५०३७७४
८	भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	१८	५१४६३७१	१८	५१४६३७१	१७	३७०९०५	१७	३७०९०५	१६	५८७३६१	१६	५८७३६१	२	३५९	२	३५९	६१०४९९६
९	सामाजिक विकास मन्त्रालय	२८	४६७३४७०	२८	४६७३४७०	२१	११००९	२१	११००९	१६	२४८८८४	१६	२४८८८४	११	१७६२९७	११	१७६२९७	५१०९६६०
१०	कर्णाली प्रदेश योजना आयोग	१	१९९०३	१	१९९०३	०	०	०	०	०	०	०	०	०	०	०	०	१९९०३
११	कर्णाली प्रदेश लोक सेवा आयोग	१	६९८०९	१	६९८०९	१	३१८८२	१	३१८८२	१	३९०	१	३९०	१	५०	१	५०	१०२१३१
१२	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१४७०५	१	१४७०५	१	४	१	४	०	०	०	०	०	०	०	०	१४७०९
१३	अर्थ वित्तीय व्यवस्था	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
१४	स्थानीय तह	०	३८१६३३५	०	३८१६३३५	०	०	०	०	०	०	०	०		०		०	३८१६३३५
	कुल जम्मा	**१२८**	**१९८६८२०८**	**१२८**	**१९८६८२०८**	**१११**	**८२४७०८५**	**१११**	**८२४७०८५**	**१०६**	**१४०२११९**	**१०६**	**१४०२११९**	**४६**	**५३६६२२**	**४६**	**५३६६२२**	**३००५४०३४**

अनुसूची-३

(प्रतिवेदनको परिच्छेद १ को दफा १.२ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको लेखापरीक्षण विवरण

२०८०।८१

(रु.हजारमा)

क्र.सं	मन्त्रालय/ निकायको नाम	लेखापरीक्षण		प्रतिबेदन		लेखापरीक्षण सम्पन्न रकम	बक्यौता वर्ष
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक		
१	प्रदेश खेलकुद परिषद, सुर्खेत	१९५७४३९	१९५७४३९	०	१	१९५७४३९	-
२	मेहलकुना अस्पताल,सुर्खेत	२५०१२०	२५०१२०	०	१	२५०१२०	-
३	प्रदेश अस्पताल, सुर्खेत	२८५८२२०	२८५८२२०	०	१	२८५८२२०	-
४	जिल्ला अस्पताल,हुम्ला	३४४३२८	३४४३२८	०	१	३४४३२८	-
५	जिल्ला अस्पताल ,सल्यान	३८२५२३	३८२५२३	०	१	३८२५२३	-
६	जिल्ला अस्पताल, रुकुमपश्चिम	११२२८५	११२२८५	०	१	११२२८५	-
७	जिल्ला अस्पताल,मुगु	१९९०९९	१९९०९९	०	१	१९९०९९	-
८	जिल्ला अस्पताल ,दैलेख	३७१९३०	३७१९३०	०	१	३७१९३०	-
९	जिल्ला अस्पताल, जाजरकोट	२५७८९५	२५७८९५	०	१	२५७८९५	-
१०	जिल्ला अस्पताल,कालीकोट	२५९०६७	२५९०६७	०	१	२५९०६७	-
११	जिल्ला अस्पताल, डोल्पा	४०४०६६	४०४०६६	०	१	४०४०६६	-
१२	कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान	१३५६९३	१३५६९३	०	१	१३५६९३	-
	जम्मा	**७५३२६६५**	**७५३२६६५**	**०**	**१२**	**७५३२६६५**	

अनुसूची-४

(प्रतिवेदनको परिच्छेद १ दफा १.२ सँग सम्बन्धित)

आय- व्यय हिसाब तयार गर्ने अन्य संस्था तथा समितिका लेखापरीक्षण रकम, बेरुजु र सञ्चालन नतिजा

२०८०।८१

(रु.हजारमा)

क्र. सं	कार्यालयको नाम	लेखापरीक्षण रकम	बेरुजु रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको सञ्चालन नतिजा										यो वर्षको बचत	वर्षान्तको मौज्दात
				वर्षको सुरु मौज्दात	आय				व्यय						
					बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
१	प्रदेश खेलकुद परिषद, सुर्खेत	१९५७४३९	५९५३९	३३६७९	३३२	९५८३४६	३९४९०	९९८१६८	८७०६७०	८७१६६	५१०	९२५	९५९२७१	३८८९७	७२५७६
२	मेहलकुना अस्पताल,सुर्खेत	२५०१२०	२७	८६३८	४८४२६	७६१२४	१०६७	१२५६१७	५७६३५	४२८१९	२३०१५	१०३६	१२४५०५	१११२	९७५०
३	प्रदेश अस्पताल, सुर्खेत	२८५८२२०	४६५६	३३८६६७	५५६७७२	८४४१६९	२४८५०	१४२५७९१	११३५५१८	१३४८६६	१४७१९९	१४८४६	१४३२४२९	-६६३८	३३२०२९
४	जिल्ला अस्पताल,हुम्ला	३४४३२८	३२४	६८६१	११३४८	१५८८९७	३९९१	१७४२३६	१०८७५	१५८८९७	०	३१८	१७००९०	४१४६	११००७
५	जिल्ला अस्पताल ,सल्यान	३८२५२३	७२३०	८३७५	२५४२७	१६४६३९	२३१३	१९२३७९	४८९७६	९२६२७	४६८१७	१७२४	१९०१४४	२२३५	१०६१०
६	जिल्ला अस्पताल, रुकुमपश्चिम	११२२८५	९५६९	२२१५	३४६२७	४४२१	१७१३९	५६१८७	६७५	५५४२३	०	०	५६०९८	८९	२३०४
७	जिल्ला अस्पताल,मुगु	१९९०९९	७६८	५९२	७३८६	९३०८७	४००	१००८७३	२८२३०	३०२१०	३९६९६	८९	९८२२५	२६४८	३२४०
८	जिल्ला अस्पताल ,दैलेख	३७१९३०	२२४६६	४९८४	१५२३६	१५४५९३	१६०६९	१८५८९८	१३०७९०	०	५४५४०	७०२	१८६०३२	-१३४	४८५०
